वर्ष २० | अंक २३६ | काठमाडौं | बिहीवार, २९ जेठ २०८२ | Thursday, 12 June 2025 | पृष्ठ ८ | मूल्य रू. १०
ISSN No. 2822-1702
@abhiyannationaldaily
@aarthik_abhiyan
ग्राहक प्रति
NEW BUSINESS AGE LTD.
www.abhiyandaily.com

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण
राष्ट्रिय दैनिक

कर कानूनमा भएका परिवर्तनप्रति सचेत बन्न व्यवसायीलाई आग्रह २
नेपाल टेलिकमको निमित्त प्रबन्ध निर्देशकमा सविना मास्के नियुक्त ३
जेन–जीलाई 'काम दिने' पुस्ता बनाउने योजना ४
अमेरिकामा महँगी बढ्यो ८



नयाँ घर बिक्रिमा

काठमाडौं छाउनी किमडोल वडा नं.–१५ स्थीत साँढे चार आना जग्गामा बनेको साँढे २ तलाको नयाँ घर बिक्रिमा ।

सम्पर्क नं.- ९८५१००९७८७

# प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण गुपचुप

विजय दमासे
काठमाडौं

मुलुकभित्र पारदर्शिता र सुशासनमाथि गम्भीर प्रश्न उठिरहेका बेला सबैभन्दा ठूलो दल नेपाली कांग्रेसको समर्थनमा बनेको सरकारले प्रधानमन्त्रीसहित मन्त्रीहरूको सम्पत्ति सरकार बनेको १ वर्ष बित्न लाग्दासम्म गुपचुप राखेको छ ।

संसद्को दोस्रो ठूलो दल नेपाल कम्युनिस्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनेको १ वर्ष बित्न लाग्दा प्रधानमन्त्रीसहित सरकारका मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन् । अहिलेसम्म प्रधानमन्त्रीसहित प्रायः सबै मन्त्रीको सम्पत्ति विवरण गुपचुप राखिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) मा सम्पत्ति विवरणसम्बन्धी व्यवस्था छ । ऐनमा भनिएको छ, 'सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले र यो दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेको व्यक्तिले यो दफा प्रारम्भ भएको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारीसमक्ष पेश गर्नुपर्छ ।'

- सरकार बनेको १ वर्ष बित्न लाग्दासमेत सार्वजनिक गरिएन
- कृष्णप्रसाद भट्टराईबाटै भएको थियो सम्पत्ति सार्वजनिक गर्ने परम्पराको थालनी
- विगतमा ओली नै प्रधानमन्त्री भएका बेला मन्त्रिपरिषद्का सबै सदस्यको सम्पत्ति सार्वजनिक
- अघिल्लो दाहाल नेतृत्वको सरकारका मन्त्रीले सार्वजनिक गरेका थिए सम्पत्ति विवरण

सार्वजनिक पदाधिकारीले विभिन्न तोकिएका निकायमार्फत राष्ट्रिय सतर्कता केन्द्रलाई सम्पत्ति विवरण बुझाउँछन् । तर, ऐनमा सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था खुलस्त रूपमा नभए पनि पारदर्शितामा प्रतिबद्ध भएको भन्दै सरकारले मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने प्रचलन विगत ३ दशकदेखि रहँदै आएको छ । तर, अहिलेका प्रधानमन्त्री तथा मन्त्रीले यो प्रचलनअनुसार सम्पत्ति विवरण सार्वजनिक गरेका छैनन् ।



**अख्तियार ऐनमै भएको बुझाइएको सम्पत्ति गुपचुप राख्न सकिने छिद्र प्रयोग गर्दै सम्पत्ति विवरण सार्वजनिक नगर्ने परिपाटी स्थापित हुन थालेको छ । त्यो गलत हो, पारदर्शिता, सुशासन भाषणमा गरेर हुँदैन । प्रधानमन्त्रीसहित मन्त्रीहरूको सम्पत्ति सार्वजनिक हुनुपर्छ ।**

**खेमराज रेग्मी**
पूर्वअध्यक्ष, ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल

अख्तियार ऐनअनुसार ६० दिनभित्र सम्पत्ति विवरण पेश नगर्ने सार्वजनिक पद धारण गरेको व्यक्तिलाई आयोगले ५ हजार रुपैयाँ जरीवाना गर्ने र अर्को ३० दिनभित्र सम्पत्ति विवरण पेश गर्न लगाउने व्यवस्था छ । उक्त म्यादभित्र पनि सम्पत्ति विवरण नबुझाउने सार्वजनिक पद धारण गरेको व्यक्तिउपर निजले आफ्नो वा आफ्नो परिवारको नाममा अवैध सम्पत्ति राखेको अनुमान गरी उपदफा (१) बमोजिमको निकाय वा अधिकारीले छानबिन गर्न सक्ने व्यवस्था छ ।

» बाँकी पृष्ठ ५ मा

## कति थियो प्रधानमन्त्री ओलीको सम्पत्ति ?



२०७४ को चुनावपछि बनेको ओली नेतृत्वको सरकारले भने मन्त्रिपरिषद्का मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरेको थियो । त्यसबेला सार्वजनिक सम्पत्ति विवरणअनुसार प्रधानमन्त्री ओलीको सबैजसो अचल सम्पत्ति श्रीमती राधिका शाक्यको नाममा रहेको देखिएको थियो ।

भक्तपुर सूर्यविनायक नगरपालिका-२, बालकोटमा डेढ रोपनी जग्गामा रहेको तीनतले दुईओटा घर श्रीमती शाक्यको नाममा थियो । त्यस्तै झापाको पृथ्वीनगरमा पनि शाक्यको नाममा १० कट्ठा जग्गा रहेको छ । शाक्यको नाममा माछापुच्छ्रे बैंकमा ४ लाख रुपैयाँ, प्रभु बैंकमा ६ लाख रुपैयाँ र २५ लाख रुपैयाँको बचतपत्र रहेको देखाइएको थियो ।

त्यस्तै, प्रधानमन्त्री ओलीको नाममा एभरेष्ट बैंकमा ४२ लाख रुपैयाँ रहेको र सम्पत्ति विवरणमा यसको स्रोत तलब भत्ता भन्नुभएको थियो । पत्नीको नाममा रहेको धेरैजसो सम्पत्ति स्वआर्जन गरिएको त्यतिबेला ओलीको सार्वजनिक सम्पत्ति विवरणमा उल्लेख थियो । विवरणअनुसार ओलीसँग १७ तोला गरगहना रहेको पनि सम्पत्ति विवरणमा उल्लेख थियो । प्रधानमन्त्री ओलीसँग गाडी पनि नभएको सम्पत्ति वितरणमा लेखिएको थियो ।

# बढ्दो अनलाइन व्यापारले फस्टाउँदै कुरियर व्यवसाय



प्रशान्त खड्का
काठमाडौं

चितवनको खैरहनी नगरपालिकामा पर्ने पर्सामा ६ वर्षदेखि फ्युजन फेशन नामक फेन्सी पसल चलाउँदै आएकी अन्तिमा श्रेष्ठले अनलाइन अर्डर पनि लिन्छिन् । टिकटकलगायत सामाजिक सञ्जालमार्फत स्वदेश तथा विदेशका ग्राहकसम्म पुग्ने उनले सामान डेलिभरीका लागि भने कुरियर सेवा लिने गरेकी छन् ।

'नेपालभर र विदेशबाट समेत ग्राहकले अनलाइनमार्फत सामान अर्डर गर्ने भएकाले आफैले डेलिभरी गर्न सकिँदैन । डेलिभरीका लागि कुरियर कम्पनीबाट सेवा लिने गरेकी छु,' उनले भनिन् । ग्राहकहरू पसलमा भौतिक रूपमा उपस्थित भएरभन्दा अनलाइन अर्डर गरेर वस्तु तथा सेवा खरीद गर्ने प्रचलन व्यापक हुँदै गएको छ । अनलाइनमार्फत आएको अर्डरअनुसार सामान डेलिभरीको लागि उनीहरूले कुरियर कम्पनीको सेवा लिने हुँदा कुरियर कम्पनीको व्यवसायलाई अनलाइन व्यापारले निकै योगदान गरेको कुरियर व्यवसायी बताउँछन् ।

नेपाल कुरियर सेवा संघका अध्यक्ष दुर्गाप्रसाद सुवेदीले ई-कमर्सको बढ्दो लोकप्रियताका कारण कुरियर व्यवसायीको व्यापार करीब २५ प्रतिशतसम्मले वृद्धि भएको बताए । 'अनलाइनमार्फत हुने व्यापारको डेलिभरको लागि कुरियर कम्पनीले सेवा पुऱ्याउँछन् । त्यसबापत केही निश्चित प्रतिशत कमिसन आउँछ । त्यसबाट कुरियर व्यवसाय सञ्चालन गर्नेलाई फाइदा पुगेको छ,' उनले भने ।

आधिकारिक रूपमा दर्ता भएर कुरियर सेवा संघमा आबद्ध कुरियरको संख्या ७२ छ । तिनले नेपाललगायत विदेशमा समेत सामान डेलिभरी सुविधा दिने गरेका छन् । महत्त्वपूर्ण कागजात, लत्ताकपडादेखि खाद्यान्नलगायत विभिन्न प्रकारका सामान कुरियर सेवामार्फत डेलिभरी हुने गरेको छ । करीब १७ वर्ष अरूकै कुरियरमा काम गरेर त्यसपछि सन् २०१७ देखि आफै कुरियर चलाउँदै आएका तिलक कार्कीले काठमाडौंको ठमेलस्थित प्यासिफिक फ्रेट नेपाल प्रालि नामक कुरियर सञ्चालन गरेका छन् ।



**ई-कमर्सको बढ्दो लोकप्रियताका कारण कुरियर व्यवसायीहरूको व्यापार करीब २५ प्रतिशतसम्मले वृद्धि भएको छ ।**

**दुर्गाप्रसाद सुवेदी**
अध्यक्ष
नेपाल कुरियर सेवा संघ

आफूले कुरियर शुरू गर्दाका बेला र आजको यो व्यवसायमा ठूलो अन्तर आएको उनको बुझाइ छ । 'मैले व्यवसाय शुरू गर्दा अहिलेको जस्तो अनलाइनमार्फत व्यापार खासै हुँदैन थियो । धेरैजसो सरकारी कार्यालयका कागजपत्र डेलिभरी गर्ने काम हुन्थ्यो । कुरियरहरू पनि अहिलेको जस्तो छ्याप्छ्याप्ती थिएनन्,' उनले भने । 'अहिले त उपभोक्ताले हरेक सामान अनलाइनमार्फत अर्डर गर्छन् । त्यसैगरी अनलाइन व्यापार गर्नेहरू पनि बढेका छन् । त्यसकारण विगतको तुलनामा अहिले कुरियर व्यवसाय फस्टाएको छ ।' पछिल्लो समय अनलाइनमार्फत अर्डर लिई सामान बेच्नेका लागि उपभोक्ताको दायरा फराकिलो भएको छ ।

'जस्तै मेरो पसल चितवनमा छ । अनलाइन अर्डर गर्ने सिस्टम नभएको भए मेरा ग्राहक यतै आसपासका मात्रै हुने थिए,' व्यापारी श्रेष्ठले भनिन् । 'तर, अनलाइनका कारण नेपाल मात्रै नभई अस्ट्रेलिया, जापान, डेनमार्कमा समेत मेरा ग्राहक छन् । त्यसकारण त्यहाँबाट आउने अर्डरका लागि कुरियरविना डेलिभरी दिन सक्दिनँ ।' उनको विचारमा कुरियर व्यवसाय र अनलाइन एकअर्काको व्यवसाय बढाउन सहयोगी बनेका छन् ।

### विद्युत् खरीद सम्झौता

# कसको प्रस्तावमा आयो 'टेक एन्ड पे'को प्रावधान ?

प्रशान्त खड्का
काठमाडौं

करीब २ महीनाअघि प्राधिकरणका एक सञ्चालक समिति सदस्यले रन अफ रिभर (आरओआर) जलविद्युत् आयोजनाको विद्युत् खरीद सम्झौता (पीपीए) टेक एन्ड पे मोडालिटीमा गर्ने विषयमा ऊर्जा उद्यमी प्रकाशचन्द्र दुलालको धारणा मागेका थिए ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का उपमहासचिव समेत रहेका दुलालका अनुसार प्राधिकरण सञ्चालक समिति सदस्यले अनौपचारिक ढंगले यस्तो प्रश्न गरेका थिए । टेक एन्ड पे मोडलमा पीपीए गर्दा प्राधिकरणलाई आवश्यक नभए खरीद नगर्ने छूट हुन्छ ।

'आरओआर परियोजनालाई निरुत्साहित गरेर पिकिङ रन अफ रिभर (पीआरओआर) र स्टोरेज परियोजनामा जानका लागि टेक एन्ड पेमार्फत पीपीए गर्ने प्रावधान राख्दा राम्रो हुन्छ होला भन्ने प्रस्ताव थियो,' दुलालले भने । 'ती सदस्यले नजानिँदो ढंगले यस विषयमा प्रवर्द्धकहरूको धारणा माग्न खोजेको जस्तो भान हुन्थ्यो । तर, मैले यस्तो प्रावधानले आरओआर मोडलका परियोजनामा लगानी गरेका प्रवर्द्धकहरूको लगानी डुब्ने जानकारी गराएको थिएँ ।'

तर, सरकारले आगामी आर्थिक वर्ष (आव) २०८२/८३ को बजेटमार्फत टेक एन्ड पे मोडालिटीमा विद्युत् प्राधिकरणले आरओआर परियोजनाका प्रवर्द्धकसँग विद्युत् खरीद सम्झौता (पीपीए) गर्ने घोषणा गऱ्यो । यसले ऊर्जा उत्पादकहरूलाई आन्दोलित बनाएको छ । यो निर्णय नसच्याए आयोजनाहरूको पावरहाउस नै बन्द गर्ने उनीहरूले चेतावनी दिएका छन् । टेक एन्ड पे मोडलमा खरीद गर्ने सरकारको घोषणाले १७ हजार मेगावाट क्षमताका करीब ३०० आयोजना निर्माणको बाटो बन्द हुनुका साथै यी आयोजनाका लागि निजी प्रवर्द्धकहरूले लगानी गरिसकेको करीब ६६ अर्ब २२ करोड रुपैयाँ डुब्ने अवस्थामा पुगेको इप्पानको तर्क छ ।

ऊर्जा उद्यमीको चर्को विरोध आएपछि उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल र ऊर्जामन्त्री दीपक खड्काले बजेटमा उक्त बुँदा समेटिएको विषयमा आफू जानकार नभएको भन्दै जिम्मेवारीवाट भाग्न खोजेका छन् । ऊर्जा उद्यमीले भने जिम्मेवार व्यक्तिहरूले थाहा नपाएको भन्ने तर्कमा विश्वास गर्न सकेका छैनन् । किनभने विद्युत् प्राधिकरणको सञ्चालक समिति अध्यक्ष ऊर्जामन्त्री नै हुन् । 'बजेटमा राखिएको विषय मलाई थाहा छैन भनेर मन्त्रीहरू उम्किन मिल्दैन,' दुलालको भनाइ छ । पहिले प्राधिकरण सञ्चालक समिति सदस्यले त्यसरी सोध्नु र अहिले बजेटमा आउनुले कतै न कतै प्राधिकरणमाथि पनि शंका गर्ने ठाउँ रहेको दुलाल बताउँछन् । प्राधिकरणभित्रैबाट पनि लिखित नभए मौखिक रूपमा सुझाव गएको हुनसक्ने दुलाल बताउँछन् ।



**पीपीए मोडालिटी सम्बन्धमा प्राधिकरणले सरकारलाई कुनै सुझाव दिएको छैन ।**


**हितेन्द्रदेव शाक्य**
कार्यकारी निर्देशक
नेपाल विद्युत् प्राधिकरण

तर, प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्य टेक एन्ड पेको विषयमा आफ्नो तर्फबाट कुनै सुझाव सरकारलाई नगएको दाबी गर्छन् ।

'अर्थ मन्त्रालयले बजेटअघि हामीसँग कुनै सुझाव मागेको छैन । त्यसकारण यस विषयमा हामीलाई दोष देखाउनुपर्ने कुनै कारण छैन,' शाक्यले भने । प्राधिकरणले ५ हजार मेगावाट क्षमता बराबरका आयोजनाको पीपीए खुलाउने निर्णय गरेको परिप्रेक्ष्यमा सरकारको यो घोषणा आएको छ । वर्षायाममा अहिले नै नेपालमा मागभन्दा बढी उत्पादन हुन्छ र बढी भएको बिजुली भारत र बंगलादेश निकासी हुने गरेको छ । तर, भारत र बंगलादेशले अनिवार्य किन्ने सुनिश्चितता नभएको र भारतको आयात अनुमति पनि प्रत्यक वर्ष नवीकरण गर्नुपर्ने भएकोले वैदेशिक बजार सधैंका लागि सुनिश्चित हुन सकेको छैन ।


» बाँकी पृष्ठ ५ मा

नेप्से परिसूचक






सुन (तोला)





अमेरिकी डलर





# कर्जा प्रवाहमा क्रमशः सुधार


अभियान संवाददाता
काठमाडौं

चालू आर्थिक वर्षको वैशाखमा पनि बैंक, वित्तीय संस्थाको कर्जा प्रवाहमा सुधार देखिएको छ । वैदेशिक व्यापार बढेसँगै बैंक, वित्तीय संस्थाले आयात (ट्रस्ट रिसिप्ट) कर्जाका साथै व्यवसायका लागि दिने आवधिक र चालू पूँजी शीर्षकमा कर्जा बढ्दा समग्र कर्जामा बढोत्तरी देखिएको हो ।

राष्ट्र बैंकका अनुसार चालू आर्थिक वर्ष (आव) को वैशाखसम्ममा बैंकहरूबाट ३ खर्ब ५९ अर्ब ५२ करोड रुपैयाँ कर्जा प्रवाह भएको छ । गत असारको तुलनामा वैशाखको कर्जा ७ दशमलव ३ प्रतिशतले बढी हो ।

गत आवको ९ महीनामा बैंकहरूको कर्जा प्रवाह २ खर्ब ३३ अर्ब ३० करोड अर्थात् ४ दशमलव ८ प्रतिशतले बढेको थियो । यसैगरी गत आवको वैशाखसम्मको तुलनामा चालू आवको वैशाखसम्ममा कर्जा प्रवाह ८ दशमलव ३ प्रतिशतले बढेको राष्ट्र बैंकले बताएको छ । बैंकहरूको कर्जा प्रोडक्टका आधारमा सबैभन्दा बढी चालू पूँजी कर्जामा प्रवाह भएको छ । चालू आवको १० महीनामा यस शीर्षकमा १ खर्ब २७ अर्ब १७ करोड रुपैयाँ प्रवाह भएको छ । यो यस वर्ष कुल प्रवाह भएको कर्जाको ३५ प्रतिशत अंश हो ।

**चालू आर्थिक वर्षको वैशाखसम्ममा बैंक, वित्तीय संस्थाहरूको कर्जा प्रवाह** (रू. १० लाखमा) **र वृद्धिदर** (प्रतिशतमा)





स्रोत : नेपाल राष्ट्र बैंक

वृद्धिदरका हिसाबले भने सबैभन्दा बढी आयात कर्जा ५८ दशमलव १ प्रतिशतले बढेको छ । यसपछि शेयर धितो कर्जाको वृद्धिदर पनि ३९ दशमलव ३ प्रतिशत रहेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ ।

राष्ट्र बैंकका प्रवक्ता किरण पण्डित वैदेशिक व्यापार बढ्दा बैंकहरूको कर्जा प्रवाह सकारात्मक भएको बताउँछन् । 'आयात/निर्यातको व्यापार बढ्दै गएको छ,' उनले भने, 'यसले गर्दा बैंकहरूले दिने ऋण पनि बढेको छ ।' जेठ पहिलो साता मौद्रिक नीतिको समीक्षा गर्दै राष्ट्र बैंकले समग्र मागमा सुधार आएको र अर्थतन्त्रको क्षमता उपयोगमा सुधार आउन थालेको बताएको छ।

» बाँकी पृष्ठ ५ मा



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**नुवाकोटको राटेमाटे-गंगटे सडकखण्डमा गुडिरहेका मोटरसाइकल । कामको गति सुस्त हुँदा वर्षाको मौसममा पहिरो तथा दुर्घटनाको सम्भावना बढी छ ।**

## कर कानूनमा भएका परिवर्तनप्रति सचेत बन्न व्यवसायीलाई आग्रह



चितवन (अस) । संघीय बजेट २०८२/८३ मा कर कानूनमा व्यापक परिवर्तन भएकाले त्यसप्रति सचेत रहन व्यवसायीहरूलाई आग्रह गरिएको छ । नारायणगढ जेसीजद्वारा सोमवार नारायणगढमा आयोजित 'संघीय बजेट २०८२/८३ अन्तर्गत कर कानूनमा प्रमुख परिवर्तन र तिनको प्रभाव' विषयक अन्तरक्रियात्मक कार्यक्रममा करसम्बन्धी विज्ञहरूले व्यवसायीलाई सचेत भएर अघि बढ्न सुझाव दिएका हुन् । उनीहरूले करप्रति डर होइन, समझदारी आवश्यक रहेको उल्लेख गरे ।

कार्यक्रमका संयोजक तथा सहप्रशिक्षक सिए विकास तिवारी र अर्का प्रशिक्षक सीए विशाल भट्टराईले कर कानूनमा भएका मुख्य परिवर्तनबारे सहभागी व्यवसायीहरूलाई जानकारी गराएका थिए । कार्यक्रममा १८ वर्षदेखि ४० वर्षसम्मका युवा उद्यमीहरूको सहभागिता थियो ।

नारायणगढ जेसीजको सचिवालयमा आयोजित उक्त कार्यक्रममा सहभागी व्यवसायीहरूले करसम्बन्धी जिज्ञासा व्यक्त गरेका थिए । नारायणगढ जेसीजका अध्यक्ष रवीन्द्रकुमार श्रेष्ठले करसम्बन्धी भएका परिवर्तनहरू व्यवसायीहरूकै हितमा भएको बताउँदै भने, 'सचेत बनेर व्यवसाय गरौं, करसँग डराएर भाग्ने होइन, त्यसको अध्ययन गरी जिम्मेवार बनौं । करबारे राम्रोसँग जान्ने व्यवसायीहरू सफल भइरहेका छन् ।' जेसीजका पूर्वअध्यक्ष विकासमान श्रेष्ठले यस्ता कार्यक्रमले व्यवसायीहरूमा करप्रति सचेतना फैलाउन मद्दत पुग्ने बताए । कार्यक्रममा प्रमुख प्रशिक्षकको रूपमा आन्तरिक राजस्व कार्यालय भरतपुरका प्रमुख पुण्यविक्रम खड्काले हालको कर दर, करको दायरा लगायत विषयमा प्रस्ट पारे ।

## 'जंग बहादुरको सेतो बाघ' पुस्तक विमोचन



काठमाडौं (अस) । लेखक तथा अनुसन्धानकर्ता महेशशम्शेर राणाद्वारा लिखित चौथो कृति 'जंग बहादुरको सेतो बाघ (तन्त्र पुस्तक चित्र)' गत शनिवार विमोचन गरिएको छ । यो ऐतिहासिक पुस्तकले जाःमन गुबाजुदेखि जंग बहादुर राणासम्मको पाँच सय वर्ष लामो तान्त्रिक परम्परालाई उजागर गर्दै तत्कालीन शक्तिशाली पात्रहरूद्वारा अभ्यास गरिएका तान्त्रिक विधिहरूको गहिरो अध्ययन प्रस्तुत गरेको बताइएको छ । पुस्तकका अनुसार काठमाडौं उपत्यका तान्त्रिक राजधानी हो । करीब ४० वर्ष लगाएर तयार पारिएको यस कृतिमा समावेश १०० भन्दा बढी दुर्लभ चित्रहरूलाई पुनः सम्पादन गरी प्रस्तुत गरिएको छ, जसले तन्त्र परम्पराको ऐतिहासिक पाटो दर्शाएको छ । नेपालको प्राचीन इतिहास, अध्यात्म र शक्ति-संस्कृतिको सम्मिश्रण प्रस्तुत गरेको यो कृति नेपाली तान्त्रिक परम्परामा रुचि राख्ने पाठकका लागि महत्त्वपूर्ण दस्तावेज सावित हुने उल्लेख गरिएको छ ।

## नेपालगञ्जका दुई हजार दुई सय करदाता निलम्बन

नेपालगञ्ज । आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जमा दर्ता भएका मूल्यअभिवृद्धि करदातामध्ये दुई हजार २०० करदाता निलम्बनमा परेका छन् । आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जका प्रमुख पूर्णप्रसाद न्यौपानेले दुई हजार दुई सयको हाराहारीमा मूल्यअभिवृद्धि करदाताले विवरण नबुझाएकाले उनीहरुलाई निलम्बन गरिएको जानकारी दिएका हुन् ।

'विवरण नबुझाएकालाई निलम्बन गरिएको छ र संस्थाको कारोवार पनि रोक्का गरिएको छ,' उनले भने । आन्तरिक राजस्व विभागले ६ महीनादेखि लगातार मूल्यअभिवृद्धि कर विवरण नबुझाएका करदादातालाई निलम्बन गर्दै आएको छ । बाँकेमा आठ हजारभन्दा बढी मूल्यअभिवृद्धिमा आबद्ध करदाता रहेका छन् । करदातालाई करको विवरण पेस गर्नुपर्छ भन्ने ज्ञान भएर पनि बेवास्ता गर्दा विभागको निलम्बनमा परेको प्रमुख न्यौपानेले जानकारी दिए ।

यसअघि कानून अस्पष्ट हुँदा यस्तो कारबाही नभए पनि अब ऐन, नियम स्पष्ट भएकाले अबदेखि निलम्बनको कारबाही निरन्तर हुँदै जाने उनले स्पष्ट गरे । 'निलम्बन भएका फार्मसँग कुनै कारोबार गर्नुहुँदैन, यसले कारोबार गर्नेलाई पनि समस्या हुन्छ,' उनले भने । *रासस*

## ट्राफिक जनचेतना जगाउँदै ट्राफिक सप्ताह

पर्सा । पर्सामा सप्ताहव्यापी जनचेतनामूलक कार्यक्रम गरेर ट्राफिक सप्ताह मनाइएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय, पर्साले यही जेठ २२ गतेदेखि बुधवारसम्म ट्राफिक सप्ताह मनाएको हो । कार्यालयले चोक-चोकमा र विद्यालय-विद्यालयमा पुगेर सवारी दुर्घटना न्यूनीकरण र ट्राफिक जनचेतनामूलक कार्यक्रम गरेको छ । ट्राफिक सप्ताहको समापनमा वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहले ट्राफिक जनचेतनामूलक कार्यक्रम एक दिन मात्रै नभएर ३६५ दिन आवश्यक रहेको बताए । 'ट्राफिक नियम पालना गराउने जिम्मेवारी ट्राफिक प्रहरीको मात्रै होइन', उनले भने, 'ट्राफिक नियमको पालना सामूहिक रुपमा गरेर अघि बढेको खण्डमा प्रभावकारी हुन्छ ।'

नगरप्रमुख सिंहले एक अर्को निकायलाई दोषारोपण गर्नेभन्दा सामूहिक रूपमा ट्राफिक नियम कार्यान्वयन गर्नुपर्ने बताए । महानगरका उपप्रमुख इम्तियाज आलमले ट्राफिक नियम सहरी क्षेत्रमा मात्रै नभएर ग्रामीण क्षेत्रमा पनि पालना गर्नुपर्ने बताए । निमित्त प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले नेपालमा सवारी दुर्घटनामा दैनिक सात जनाको ज्यान जाने भएकाले ट्राफिक नियमको पालना कडाइपूर्वक गर्नुपर्ने बताए । 'सवारी दुर्घटनामा परेर अकालमै मृत्यु हुनेको संख्या बढेको छ । त्यसैले सरोकारवाला निकायले समन्वय गरेर सवारी दुर्घटना न्यूनीकरण गर्नेतर्फ अघि बढ्न जरुरी भइसकेको छ,' उनले भने । पर्सामा चालू आर्थिक वर्षको जेठ २७ गतेसम्ममा सवारी दुर्घटनामा ३५ जनाको मृत्यु भएको छ ।

पर्साका प्रहरी प्रमुख गौतम मिश्रले ट्राफिक प्रहरीसँग पर्याप्त मात्रामा पूर्वाधार नहुँदा काम गर्न अप्ठेरो परेको गुनासो गरे । 'सडकमा अत्यावश्यक संरचनाको अभाव छ । जसका कारण ट्राफिक प्रहरी एक्लैले सबै समस्या समाधान गर्नसक्ने अवस्था छैन,' उनले भने, 'वीरगञ्ज महानगरलगायतका स्थानीय सरकारले सडकमा आवश्यक बत्ती र अन्य सडक फर्निचरको प्रबन्ध मिलाइदिने हो भने ट्राफिक व्यवस्थापनमा धेरै सहज हुने थियो ।'

जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख लोकराज भट्टले सप्ताहव्यापी अभियानअन्तर्गत पर्साका चोक-चोकमा ट्राफिक जनचेतनामूलक कार्यक्रम गरेको जानकारी दिए । यातायात व्यवसायीको तर्फबाट जगतसाह कानुले यस्ता रचनात्मक कार्यक्रमले सवारी दुर्घटना न्यूनीकरणमा सघाउ पुऱ्याउने बताए । ट्राफिक जनचेतना कार्यक्रममा विद्यार्थीहरूको सहभागिता थियो । *रासस*

## धितो लिलामी सम्बन्धि सूचना

**(प्रकाशित मिति : २०८२/०२/२९)**


यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले उपभोग गरेको ऋण (कर्जा) को अवधि समाप्त हुँदा समेत तिर्न बुझाउनु पर्ने साँवा व्याज नबुझाए पश्चात गत २०८१ फागुन १ गते कर्जा चुक्ता गर्ने ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थामा सम्पर्क गर्न नआएकाले संस्थाले तपसिलको विवरण अनुसारको धितो लिलाम गरि कर्जा असुल उपर गर्ने वारे सम्बन्धित सबैमा जानकारी गरिन्छ ।

**तपसिल**

| क्र.स. | ऋणीको नाम/विवरण | ऋणीको फोटो | व्यक्तिगत धनजमानी दिने | धितो विवरण |
|---|---|---|---|---|
| १ | **ऋणीको नामः राजु घिमिरे** बाबुको नामः देवी प्रसाद घिमिरे बाजेको नामः वाणी विलास घिमिरे स्थायी ठेगानाः घुर्कौली ८, सर्लाही । |  | **नामः सन्तोष घिमिरे** बावुको नामः देवि प्रसाद घिमिरे बाजेको नामः वणी विलास घिमिरे स्थायी ठेगानाः सर्लाहि, ८ घुर्कौली | मञ्जुरीनामा दिने निज ऋणीको आमा ईन्द्र कुमारी घिमिरेको नाममा मालपोत कार्यालय सर्लाहिमा दर्ता श्रेष्ता कायम रहेको सर्लाहि जिल्ला हरिवन न.पा. ६/ठ को कित्ता नं. ४०२ को क्षेत्रफल ००१७०.०० जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत । |
| २ | **ऋणीको नामः लक्ष्मी थपलिया** बाबुको नामः भैरब बहादुर थपलिया बाजेको नामः भक्त बहादुर थपलिया स्थायी ठेगानाः थानापति ६, नुवाकोट । |  | **नामः सन्तोष बर्तौला** बाबुको नामः केदारनाथ बर्तौला बाजेको नामः रमालाल बर्तौला स्थायी ठेगानाः थाहा न.पा. २, पालुङ्ग, मकवानपुर । | ऋणीको नाममा मालपोत कार्यालय मकवानपुरमा श्रेष्ता कायम रहेको जिल्ला मकवानपुर हाँडीखोला १ स्थित कित्ता नं. ८९८, ९३६, ९०४, ९०२, ९०३, ९३४ को जम्मा क्षेत्रफल १०८३.५२ ब.मी को जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत । |
| ३ | **ऋणीको नामः बिपिन दाहाल** बाबुको नामः हरि प्रसाद दाहाल बाजेको नामः लोकनाथ दाहाल स्थायी ठेगानाः घुर्कौली ८, सर्लाही । |  | **नामः कविराज बम्जन** बाबुको नामः उत्तरधोज बम्जन बाजेको नामः जिवमान बम्जन स्थायी ठेगानाः साविक घुर्कौली ८, सर्लाही | मञ्जुरीनामा दिने ऋणीको बाबु को नाममा सर्लाही जिल्ला, हरिवन न.पा. ५, (५क) स्थित कित्ता नं. ५९२ को क्षेत्रफल ५०७.९३ व.मी. जग्गाले चर्चेको सम्पुर्ण लिगलागापत समेत । |

**ध्रुवतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
ललितपुर ३ पुल्चोक, फोन नं. ०१५४०९४८८

## कोरिडोर स्तरोन्नतिपछि चिटिक्क देखियो बेनीबजार



म्याग्दी । कालीगण्डकी र म्याग्दी नदीको संगमस्थलमा रहेको म्याग्दीको सदरमुकाम बेनीमा करिडोर स्तरोन्नतिको काम पूरा भएपछि बजार सुरक्षित हुनुका साथ सुन्दर देखिएको छ । नदी कटानबाट सुरक्षित राख्न निर्माण गरिएको तटबन्धमाथि 'आरसीसी' ढलान गरी करिडोर बनाएपछि नदी तटमा रहेको बेनीबजार सुरक्षित हुनुका साथ चिटिक्क देखिएको छ ।

नेपाल सरकारको देशभर १० ओटा नमूना नगरपालिका बनाउने कार्यक्रमअन्तर्गत रू. तीन करोड १९ लाखको लगानीमा बेनीबजारस्थित कोरिडोर स्तरोन्नतिको काम पूरा भएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिए ।

बेनी नगरपालिका-८, कालीपुलदेखि दोभान हुँदै खुलामञ्चको पश्चिमतर्फ बहुउद्देश्यीय मैदान छेउसम्म करीब ९०० मिटर लम्बाइ र पाँचदेखि ६ मिटर चौडाइको सडकमा नालीसमेत निर्माण गरिएको छ ।

यसरी बेनी बजारको बाहिरी क्षेत्र कालीगण्डकी र म्याग्दी नदीको किनारैकिनार करिडोर बनेपछि सवारीसाधन आवागमनमा सहज भएको र बजार क्षेत्रको भित्री भागमा सवारीसाधनको चाप घटी दुर्घटनाको जोखिम पनि कम भएको नगरप्रमुख केसीले स्पष्ट गरे ।

बाढीको उच्च जोखिमयुक्त जिल्ला सदरमुकाम बेनीबजार संरक्षणका लागि 'आरसिसी' तथा 'मेसिनरी' तटबन्ध निर्माणको कामले निरन्तरता पाइरहेको छ । विसं २०७३ मा कालीगण्डकी नदी किनारमा पक्की र म्याग्दी नदी किनारमा मेसिनरी पर्खाल लगाउने गरी जल उत्पन्न प्रकोप नियन्त्रण सब-डिभिजन कार्यालय, बागलुङले बेनी बजार संरक्षण आयोजना शुरू गरेको थियो ।

विसं २०७२ मा कालीगण्डकी किनारमा रू. एक करोड ८८ लाखको लागतमा १२४ दशमलव पाँच मिटर र २०७० सालमा ६३ मिटर पक्की पर्खाल निर्माण गरिएको थियो । यसैबीच, सिँचाइ मन्त्रालयले बेनीबजार संरक्षण कार्यक्रमको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरेको थियो ।

कालीगण्डकी र म्याग्दीको संगमस्थलमा रहेको बेनीबजार १७औं शताब्दीमा बस्ती विस्तार भएको एक ऐतिहासिक एवं रमणीय बस्ती हो । इतिहासकार चन्द्रप्रकाश बानियाँका अनुसार १६३१ सालमा पर्वत राज्यको विखण्डन भएपछि पर्वत सातौं राजा मलेबम मल्लले पर्वत राज्यको राजधानी बेनीमा सारेपछि व्यावसायिक यात्राको शुरुआत र बस्ती विस्तार भएको हो । *रासस*

## भूमिसुधार तथा मालपोत कार्यालय धनगढी, कैलालीबाट जारी भएको हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति : २०८२/०२/२९ गते)**

जिल्ला कैलाली गोदावरी नगरपालिका वडा नं. ३ बस्ने केशव बहादुर शाहीले आफ्ना बुवा स्व. तप्त बहादुर शाहीका नाममा दर्ता श्रेस्ता कायम रहेको साविक मालाखेती-२. सि.नं. २'क', कि.नं. २४० क्षेत्रफल ०-७-१२ 1/2 र कि.नं. ५९ क्षेत्रफल ०-९-५ भएको कित्ता जग्गाहरुको ज.ध.प्र.पूर्जामा गोलो लगाई बदर भएको र मालपोत कार्यालयको मोठ श्रेस्तामा समेत उक्त कित्ताहरु बदर भएको देखिन आएपनि उक्त कित्ता बदर सम्बन्धमा उक्त कार्यालयको मोठ श्रेस्तामा कुनै कैफियत उल्लेख भएको देखिन नआएकोमा नापी कार्यालय धनगढीको च.नं. ६२१८ मिति २०८२/२/६ को प्लट रजिष्टर उतारमा उल्लेखित कि.नं. ५९ बदर भई कि.नं. २०८ क्षेत्रफल ०-१-१२ नहरमा परेको र कि.नं. २०९ र २१० क्षेत्रफल ०-२-१० र ०-५-३ भएको कित्ताहरु मोहन सिंह लोहारका नाममा साथै सा.कि.नं. २४० वदर भई कि.नं. २४७ क्षेत्रफल ०-१-५ नहरमा परेको र कि.नं. २४८ क्षेत्रफल ०-६-७ 1/2 बुवा तप्त बहादुर शाहीका नाममा साथै कि.नं. २४२ क्षेत्रफल ०-८-१५ बासुदेवका नाममा प्लट रजिष्टर कायम भएको देखिन आएको भएपनि उक्त कि.नं. २०९, २१० र २४८ मा विगत लामो समय देखि आफ्नै भोगचलनमा रहेको साथै सा.कि.नं. २४२ प्रमाण संकेत देखाई हाल मालाखेती-२ सि.नं. ०२७/०२८४, कि.नं. ३२ क्षेत्रफल १४०० व.मी. र सा.कि.नं. २४० प्रमाण संकेत देखाई हाल मालाखेती-२, सि.नं. ०२७/०२८४, कि.नं. ३० क्षेत्रफल ४०३० व.मी. भएको कित्ताहरुको फिल्ड बुक स्व. बुवा तप्त बहादुर शाहीका नाममा कायम भएको भनी नापी कार्यालय धनगढीको च.नं. ५८५१ मिति २०८२/१/२४ को फिल्ड बुक उतारबाट देखिन आएको हुँदा स्व.बुवा तप्त बहादुर शाहीका नाममा दर्ता श्रेस्ता कायम रहेको उल्लेखित कि.नं. ५९ बदर भई नहरको नाममा गएको कित्ता बाहेक कि.नं. २०९ क्षेत्रफल ०-२-१०, कि.नं. २१० क्षेत्रफल ०-५-३ भएको कित्ताहरु र सा.कि.नं. २४० बदर भई कायम हुन आएको नहरमा परेको कि.नं. २४७ बाहेक बाँकी हुन आएको कि.नं. २४८ स्व. तप्त बहादुर शाहीका नाममा पूर्जा श्रेस्ता कायम गरी हाल साविक गरी आफ्ना नाममा नामसारी समेत गरी पाउँ भनी पेश रेको निवेदन साथ साविक जग्गाधनी प्रमाण पुर्जा, मालपोत तिरेको रसिद, ना.प्र.प., नापी कार्यालय धनगढीको च.नं. ५८५१ मिति २०८१/१/२४ को फिल्ड बुक उतार, ऐ.ऐ. कार्यालयको च.नं. ५८५१ मिति २० ६२१८ मिति २०६२/२/६ को प्लट रेजिष्टर उतार, गोदावरी न.पा. वार्ड नं. ३ को च.नं. २८६० मिति २०८२/२/५ को सिफारिस पत्र, ऐ. वडा कार्यालयको च.नं. २९८७ मिति २०८२/२/१६ को सिफारिस र ऐ.ऐ.को मिति २०८२/२/१६ को वडा सर्जमिन मुचुल्का, जग्गाधनी श्रेस्ताको प्रतिलिपि, नापी कार्यालय धनगढीको च.नं. ६४५८ मिति २०८२/२/१२ को खुलाई पठाइएको पत्र, पथरैया मोहना सिचाई व्यवस्थापन कार्यालय धनगढी, कैलालीको च.नं. १३७ मिति २०८२/२/१४ को पत्र, श्री जिल्ला प्रशासन कार्यालय कैलालीको च.नं. ५३४७ मिति २०८२/२/१४ को पत्र समेत संलग्न राखी निवेदन पेश हुन आएको हुँदा निवेदकले माग गरेको उल्लेखित साविक मालाखेती २'क' कि.नं. २०९ र २१० क्षेत्रफल ०-२-१० र ०-५-३ भएको कित्ताहरुमा निवेदकको भोग चलनमा छ? छैन ? नापी कार्यालय धनगढीको च.नं. ६२१८ मिति २०८२/२/६ को प्लट रजिष्टर उतार अनुसार साविक ज.धनी तप्त बहादुर शाहीका नाममा रहेको कि.नं. ५९ बदर भई कायम कित्ता नम्बर २०९ क्षेत्रफल ०-२-१० र कि.नं. २१० क्षेत्रफल ०-५-३ भएको कित्ताहरु मोहन सिंह लोहारको नाममा प्लट रजिष्टर कायम भएको देखिन आएको हुँदा उक्त कित्ताहरुमा अन्य कोही कसैको भोग चलन वा दावी विरोध छ ? छैन ? निवेदकको माग वमोजिम उक्त कित्ता कायम गर्नु नपर्ने कुनै कारण भए वा अन्य कोही कसैको दावी विरोध भएमा आफूसँग भएको प्रमाण सहित सूचना प्रकाशित भएको ३५ दिन भित्र यस कार्यालयमा स्वयम् उपस्थित भई हक दावी सम्बन्धी निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको सूचना अवधि भित्र कोही कसैको दावी विरोध पर्न नआए नियमानुसार आवश्यक प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**इति सम्वत २०८२ साल जेष्ठ २५ गते रोज १ मा शुभम् .....**

**PREMISES REQUIRED**


Banking Finance and Insurance Institute of Nepal Ltd. desires to engage premises on rent for its corporate office. The premises should have 2500 -3000 sq. ft. of carpet area and adequate parking space in Kathmandu Metropolitan city area. Please visit website *www.bfin.com.np* for further details.

**The last date of submission of application is 26th June 2025.**
**Banking Finance and Insurance Institute of Nepal Ltd.**
**2nd Floor, Krishna Tower, New Baneshwor, Kathmandu, Nepal.**
**E-mail: accounts@bfin.com.np**
**Ph No: +977-1- 4797401/9801237344**

## पत्रकार महासंघ मोरङको आयोजनामा आधारभूत पत्रकारिता तालीम शुरू




विराटनगर (अस) । नेपाल पत्रकार महासंघ मोरङको आयोजनामा आधारभूत पत्रकारिता तालीम शुरू भएको छ । कोशी प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालयसँगको सहकार्यमा महासंघको सभाहलमा सोमवारदेखि सातदिने तालीम शुरू भएको हो । तालीमको उद्घाटन गर्दै कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री रेवतीरमण भण्डारीले पत्रकारको क्षमता विकासको काम आगामी आर्थिक वर्षदेखि सञ्चार प्रतिष्ठानमार्फत गरिने बताए । मन्त्री भण्डारीले असारसम्ममा सञ्चार विधेयक पास गरिने उल्लेख गर्दै पत्रकारको क्षमता विकासका लागि प्रदेश सरकारले काम गरिरहेको बताए । कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य शंकर खरेल, कोशी प्रदेश अध्यक्ष भरत खड्का, मोरङ अध्यक्ष सुशीला पाठक, महासंघ मोरङका पूर्वअध्यक्ष बन्धु पोखरेल, सल्लाहकार नवराज कट्टेल, प्रेस युनियन मोरङ अध्यक्ष वेदराज पौडेल, प्रेस चौतारी मोरङ अध्यक्ष चीना थापा, प्रेस सेन्टर मोरङ अध्यक्ष नविन कर्ण र प्रेस मञ्च मोरङ अध्यक्ष मुकेश यादवले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।





तस्वीर : रासस

**सुनसरीको इनरुवा नगरपालिका–९ मा धान रोप्नका लागि मंगलवार मिनी टिल्लरले खेत जोत्दै किसान । नेपालको कृषिक्षेत्रमा यस्ता मेशिनरी उपकरणको प्रयोग बढ्दै गएको छ । चालू आर्थिक वर्षको पहिलो १० महीनामा नेपालमा विभिन्न मुलुकबाट १ अर्ब ७ करोड ७७ लाख रुपैयाँबराबरको २२ हजार ६०० पावर तथा मिनी टिल्लर आयात भएको भन्सार विभागको तथ्यांक छ ।**

## दिपलको विक्री पाँच लाखभन्दा बढी




काठमाडौं (अस) । शाङ्हाई-चांगान अटोमोबाइल अन्तर्गतको न्यू इनर्जी भेहिकल ब्रान्ड दिपलको विश्वभर पाँच लाख युनिट विक्री भएको बताइएको छ । गएको मे महीनामा मात्र दिपलको विक्री २५ हजार ५२१ युनिट रहेको बताइएको छ ।

हाल दिपल ब्रान्डअन्तर्गत एसएल०३, एस०७, जी३१८, एल०७, एस०५ र एस०९ गरी पाँच मोडेल विक्रीवितरण भइरहेको छ । यसमध्यै दिपल ए०९ औपचारिक रूपमा गएको मे २२ मा सार्वजनिक भएको छ । एस०९ हार्मोनी स्पेस ५ स्मार्ट ककपिट सिस्टम भएको पहिलो कार भएको कम्पनीको दाबी छ । यसमा १६:९ एस्पेक्ट रेसियो २१ दशमलव ४ इन्चको थ्रीके सिलिङ माउन्टेड रियर इन्टरटेन्मेन्ट सिस्टम रहेको बताइएको छ ।

दिपलले आउँदो वर्ष चीनमा ३०० ओटा नयाँ एक्सपिरियन्स सेन्टर बनाउने योजना बनाएको बताइएको छ । दक्षिणपूर्व एसिया र मध्य पूर्व बजारमा प्रवेश गरिसकेको दिपलले यो वर्ष युरोपमा समेत प्रवेश गरेको छ ।

## विश्व वातावरण दिवसमा टीभीएस र जगदम्बाको वृक्षरोपण

काठमाडौं (अस) । विश्व वातावरण दिवसको अवसरमा टीभीएस मोटर कम्पनीले काठमाडौंमा वृक्षरोपण गरेको छ । बूढानीलकण्ठ नगरपालिका र लायन्स क्लब अफ काठमाडौं न्यू वेभ्सको सहकार्यमा भएको कार्यक्रममा बूढानीलकण्ठ-१, तौलुङस्थित चौकीडाँडा क्षेत्रमा १०० ओटा बिरुवा रोपिएको हो ।



कार्यक्रममा बूढानीलकण्ठ नगरपालिकाका मेयर मिथाराम अधिकारी प्रमुख अतिथि रहेका थिए । कार्यक्रममा नगरपालिकाको वडा नं. १ का अध्यक्ष सुरेन्द्र लामा, जगदम्बा मोटर्सका कार्यकारी निर्देशक अखिल गुप्ता, पूर्व एसएसपी रमेश खरेल, कलाकार प्रेम राजा महत, लायन्स क्लब र जगदम्बा मोटर्सका प्रतिनिधिहरूको उपस्थिति थियो ।

कार्यक्रममा वातावरण संरक्षणका लागि इलेक्ट्रिक सवारीको प्रयोगको महत्त्वसमेत उल्लेख गरिएको थियो । टीभीएस आईक्यूब प्रयोगकर्ताले नेपालमा अहिलेसम्म संयुक्त रूपमा ५० लाख किलोमिटरको यात्रा तय गरेको जानकारी दिइएको थियो । यस अभियानबाट १ लाख ४० हजार लिटर इन्धनको बचत हुनुका साथै ३५० टन कार्बन डाइअक्साइड उत्सर्जन घटेको तथ्यांक सार्वजनिक गरिएको छ, जुन करीब १५ हजार रूखले सोस्न सक्ने ग्यास बराबर हो ।

## नेपाल टेलिकमको निमित्त प्रबन्ध निर्देशकमा सविना मास्के नियुक्त

काठमाडौं (अस) । नेपाल टेलिकमको निमित्त प्रबन्ध निर्देशकमा सविना मास्के नियुक्त भएकी छिन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको बुधवारको मन्त्रीस्तरीय निर्णय अनुसार उनलाई कम्पनीको निमित्त प्रबन्ध निर्देशक तोकिएको हो । यसअघि उनी कम्पनीको नायब प्रबन्ध निर्देशकको रूपमा प्रमुख प्राविधिक अधिकृतको कार्यभार सम्हाल्दै



आएकी थिइन् । निमित्त प्रबन्ध निर्देशक मास्केले चीनको डालियान मेरीटाइम युनिभर्सिटीबाट बीई गरेको बताइएको छ । पदभार ग्रहण गर्दै निमित्त प्रबन्ध निर्देशक मास्केले विषम परिस्थितिमा मन्त्रालयले प्रदान गरेको जिम्मेवारीलाई सबैको साथ र सहयोग लिएर पूरा गर्दै कम्पनीको प्रगतिका लागि अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरिन् ।

## पोखरामा सीजी मोटर्सको ‘एक्सट्र्याक’ इभेन्ट हुँदै

काठमाडौं (अस) । सीजी हिरो मोटोकर्पले दोस्रो संस्करणको ‘एक्सट्र्याक’ इभेन्ट पोखरामा गर्ने भएको छ । आगामी शनिवार आयोजना हुने उक्त इभेन्टमा मोटरसाइकल प्रेमी राइडरहरूले डर्ट ट्र्याक एवं अफ रोड राइडिङको अविष्मरणीय अनुभव लिन सक्ने आयोजकको अपेक्षा छ । इभेन्टमा सहभागीले हिरोको एडभेन्चर श्रेणीका मोटरसाइकल विशेषगरी ‘हिरो एक्सपल्स २०० फोरभी’ र ‘एक्सपल्स २०० फोरभी प्रो’ विशेष रूपमा डिजाइन गरिएको ट्र्याकमा चलाएर अफरोड राइडको परीक्षण गर्ने अवसर प्राप्त गर्ने बताइएको छ ।

पोखराको महेन्द्र गुफा नजिक आयोजना हुने इभेन्ट बिहान १० बजेदेखि शुरू हुनेछ । यस इभेन्टमा सहभागी हुन हिरो मोटोकर्प नेपालको सोसियल मिडिया पेजमा गई निःशुल्क रजिष्ट्रेसन गर्नुपर्ने बताइएको छ । इभेन्टमा सहभागी तथा अनुभवी राइडरका लागि हिरो मोटोकर्प नेपालले मोटरसाइकल उपलब्ध गराउनेछ ।

## ‘महालक्ष्मी कर्पोरेट क्रिकेट लिग–२०२५’ सम्पन्न

काठमाडौं (अस) । महालक्ष्मी विकास बैंकको ३१औं वार्षिकोत्सवको अवसरमा आयोजित चौथो संस्करणको ‘महालक्ष्मी कर्पोरेट क्रिकेट लिग-२०२५’ सम्पन्न भएको छ । गत बुधवार शुरू भई शनिवार सम्पन्न प्रतियोगिताको उपाधि प्राइम कमर्सियल बैंक लिमिटेडले जितेको छ ।

प्रतियोगितामा विभिन्न बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, मर्चेन्ट बैंक तथा लघुवित्त वित्तीय संस्थाका २४ टिम सहभागी थिए । प्रतियोगिताका विजेतालाई सोमवार आयोजित कार्यक्रममा पुरस्कार वितरण गरिएको छ । पुरस्कार वितरण समारोहमा उपाधि विजेता प्राइम कमर्सियल बैंकलाई



नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर बम बहादुर मिश्र तथा बैंकका अध्यक्ष राजेश उपाध्यायले संयुक्त रूपमा ट्रफी हस्तान्तरण गरे । प्रतियोगितामा उत्कृष्ट फिल्डर नबिल बैंकका अमृत चौलागाईं, उत्कृष्ट विकेटकिपर नबिलकै विजय पारा लिम्बु, उत्कृष्ट बलर एनएमबी बैंकका अनिल बर्तौला, उत्कृष्ट ब्याट्सम्यान तथा उत्कृष्ट खेलाडी आइसिएफसि फाइनान्सका सुरज तिमिल्सिना घोषित भए ।

## सिटिजन्स बैंकद्वारा लुम्बिनी र कर्णालीका विभिन्न स्थानमा वृक्षरोपण



काठमाडौं (अस) । सिटिजन्स बैंकले विश्व वातावरण दिवसको अवसरमा विभिन्न स्थानमा वृक्षरोपण कार्यक्रम सम्पन्न गरेको छ । ‘बिट द प्लास्टिक’ नारालाई आत्मसात् गर्दै बढ्दो जलवायु परिवर्तन न्यूनीकरण गर्न अपरिहार्य रुख तथा बोटविरुवा जगेर्ना तथा प्रवर्द्धन गर्ने उद्देश्यले बैंकले बुधवार लुम्बिनी प्रदेशको रूपन्देही तिलोत्तमा नगरपालिकास्थित वनवाटिका र कर्णाली प्रदेशको सुर्खेत वीरेन्द्रनगरस्थित भाइराम सामुदायिक वनमा वृक्षरोपण गरेको हो । बृहत् वृक्षरोपण कार्यक्रममा करीब १०० भन्दा बढी विभिन्न प्रजातिका बिरुवा रोपिएको बताइएको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बैंकले यसअघि नै देशका विभिन्न स्थानमा स्वास्थ्य शिविर सञ्चालन, समुदायिक विद्यालय एवं मठ मन्दिरमा सहयोग समेत गरेको बताइएको छ ।

## अफरोडमा ‘टुनल्याण्ड जि७’ को २३ दिने यात्रा



काठमाडौं (अस) । नेपालमा केही समयअघि भित्रिएको पिकअप ट्रक ‘टुनल्याण्ड जि७’ ले २३ दिनभित्रै नेपालका आठओटा सबैभन्दा अग्ला र कठिन अफ-रोड स्थानमा पुगेर विश्व कीर्तिमान बनाएको दाबी गरिएको छ । यस उपलब्धिले यसको शक्ति र क्षमताका साथै कठिन स्थानका लागि पनि यो भरपर्दो रहेको प्रमाणित गरेको कम्पनीको भनाइ छ ।

उक्त यात्रा दार्चुलाको हिकिलामा (१ हजार ९६७ मिटर), पर्वतको फलामे (२ हजार ३२५ मिटर), इलामको सन्दकपुर (३ हजार ६३६ मिटर), कर्णालीको जुम्ला (२ हजार ५१४ मिटर), मनाङको खाङसार (३ हजार ७५६ मिटर), ढोरपाटन (३ हजार ९०० मिटर), माथिल्लो मुस्ताङको कोरोला सीमा (४ हजार ६६० मिटर) र संखुवासभाको गुफापोखरी (२ हजार ८९० मिटर) लगायतका उच्च भूभाग र दुर्गममा अवस्थित क्षेत्रमा गरिएको थियो । २३ दिनको यो यात्रा टुनल्याण्ड जि७ को एकवर्षे परीक्षणको हिस्सा भएको र जसले यसको शक्ति, टिकाउपन र ऊर्जा दक्षता प्रमाणित गरेको कम्पनीको दाबी छ ।

## कुमारी बैंक र भेइकल एकेडेमीबीच सम्झौता



काठमाडौं (अस) । कुमारी बैंक लिमिटेड र काठमाडौंको गुर्जुधारास्थित भेइकल एकेडेमी एण्ड रिसर्च सेन्टर प्रालि (गुर्जुधारा ट्रायल सेन्टर)बीच बैंकका ग्राहकलाई एकेडेमीबाट प्रदान गरिने सेवामा विशेष छूट प्रदान गर्नेसम्बन्धी सम्झौता भएको छ ।

यस सम्झौताअनुसार यातायात व्यवस्था कार्यालय ठूलोभऱ्याङले सवारी चालक अनुमतिपत्रको लागि प्रयोगात्मक परीक्षा सञ्चालन गराउँदै आएको एकेडेमीमा उपलब्ध सम्पूर्ण ड्राइभिङ कोर्समा बैंकका ग्राहकलाई १५ प्रतिशत छूट उपलब्ध गराइने भएको छ ।

विगत २४ वर्ष देखि निरन्तर बैंकिङ सेवा दिँदै आएको बैंकले ग्राहकको सुविधाको लागि विभिन्न क्षेत्रका व्यवसायीसँग समन्वयन गरी छूट तथा किस्ताबन्दीका सुविधा उपलब्ध गराउँदै आएको छ । बैंकले हाल ३०२ शाखा, ३१८ एटीएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखा रहित बैंकिङ इकाईमार्फत अत्याधुनिक तथा प्रभावकारी बैंकिङ सेवा प्रदान गर्दै आएको बताइएको छ ।

## बाल अस्पताल निर्माणमा पठाओको ‘राइड फर अ कज’ अभियान

काठमाडौं (अस) । पठाओ नेपालले बाल अस्पताल निर्माणमा सहयोग गर्ने उद्देश्यले ‘राइड फर अ कज’ अभियान’ शुरू गरेको छ । डा. भगवान कोइरालाको नेतृत्वमा निर्माण भइरहेको काठमाडौं इन्स्टिच्युट अफ चाइल्ड हेल्थ (किओच)लाई सहयोग गर्ने उद्देश्यले जेठ २७ गतेदेखि असार २ गतेसम्म उक्त अभियान सञ्चालन गरिएको पठाओकी मार्केटिङ हेड सुरक्षा हमालले जानकारी दिइन् ।

आर्थिक अवस्था कमजोर भएकै कारण उपचारबाट वञ्चित बालबालिकालाई सहयोग गर्ने उद्देश्यले उक्त अभियान शुरू गरिएको उनको भनाइ छ । अभियानअन्तर्गत प्रत्येक राइडबाट प्राप्त हुने रकमबाट केही हिस्सा बाल अस्पतालका लागि छुट्याइनेछ । ‘यसरी छुट्याइने रकम राइडरबाट नभई कम्पनीको आम्दानीबाट कट्टा गरिनेछ,’ हमालले भनिन्, ‘पठाओ नेपालको संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत अभियान सञ्चालन गरिएको हो ।’ अभियानबाट संकलन हुन रकम बालमैत्री अस्पताललाई दिइनेछ । उक्त रकमबाट अस्पतालको भवन निर्माण र अस्पतालको उपकरण खरीदलगायतमा खर्च हुने उनको भनाइ छ । डा. कोइरालाले काठमाडौंसहित सातओटै प्रदेशमा बाल अस्पताल निर्माणको अभियान अघि सारेका छन् । कोशी प्रदेशको झापामा एक वर्षअघि नै बाल अस्पताल निर्माण भइसकेको छ ।

## भन्सार छलेर भित्र्याइएका सामान बरामद

वीरगञ्ज (पर्सा) । सशस्त्र प्रहरी बल नेपालको पर्सा इकाइले भन्सार छलेर भित्र्याइएका रू. १३ लाख ७१ हजार बराबरका सामान बरामद गरेको छ । सशस्त्र प्रहरीले विभिन्न स्थानबाट सो परिमाणको भन्सार छली गरेर भित्र्याइएका सामान बरामद गरेको हो । सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी देवेन्द्रबहादुर सिंहका अनुसार सशस्त्र प्रहरीले वीरगञ्ज महानगर-१० बजरङ्गस्थित सुधा कुञ्जबाट धीरज रौनियारले भारतबाट अवैध रूपमा भन्सार छली चोरीपैठारी गरी ल्याई गोदाममा भण्डारण गरी राखेको रू. सात लाख ७० हजार ५०० मूल्यका कपडा बरामद गरेको छ । सशस्त्र प्रहरीले बिआर०५यु ४५३० नम्बरको करिब एक लाख ५० हजार मूल्य पर्ने सुपर स्प्लेन्डर भारतीय मोटरसाइकल पनि बरामद गरेको छ । बरामद गरिएका कपडा र मोटरसाइकल वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको छ । *रासस*

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL

**नेपाल एसबिआई बैंक लिमिटेडको परासी शाखा स्थानान्तरण सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति:२०८२/०२/२९)

यस नेपाल एसबिआई बैंक लि. को हाल नवलपरासी जिल्ला रामग्राम नगरपालिका वडा नं. ३, बुद्ध चोकमा सञ्चालनमा रहेको परासी शाखा कार्यालय मिति २०८२ साल आषाढ महिनाको ८ गते देखि नवलपरासी जिल्ला रामग्राम नगरपालिका वडा नं. ३, लोकतान्त्रीक चोक स्थित नयाँ भवनमा स्थानान्तरण भई बैकिङ्ग सेवा तथा कारोबार संचालन गरिने व्यहोरा यस बैंकका सम्पूर्ण ग्राहक महानुभावहरु तथा सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, उक्त शाखा कार्यालय स्थानान्तरण गर्ने क्रममा यस शाखा कार्यालयमा अवस्थित लकर समेत स्थानान्तरण हुने भएकाले लकर सुविधा उपभोग गर्दै आउनु भएका ग्राहक महानुभावहरुलाई लकरमा कुनै किसिमको टुटफुट हुने सरसामान राख्नु भएको अवस्थामा स्थानान्तरण गर्ने क्रममा सरसामानहरुमा क्षति हुनसक्ने सम्भावना भएको हुँदा शाखा कार्यालय स्थानान्तरण गर्ने उल्लेखित मिति अगावै बैंकको शाखा कार्यालयमा सम्पर्क गरी सो लकरमा भएको सरसामानहरु निकाली सुरक्षित गर्नहुन सूचित गरिन्छ । लकर स्थानान्तरण गर्ने क्रममा कुनै क्षति हुन गएमा बैंक जवाफदेही हुने छैन ।

उक्त शाखा स्थानान्तरण कार्यले ग्राहक महानुभावहरुलाई पर्न गएको असुविधाका लागि क्षमाप्रार्थी छौं ।

प्रधान कार्यालय, कमलादी
काठमाण्डौ, नेपाल
फोन नं. ०१-४४३५६१३

सम्पर्क कार्यालय
परासी शाखा कार्यालय
सम्पर्क नम्बर: ०७८-५२०१६५

**नबिल बैंक लिमिटेड, भैरहवा शाखाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

**(प्रकाशित मिति : २०८२/०२/२९)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ । साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनुभएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला । अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

| | तपसिल |
|---|---|
| १ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | रुपनारायण मल्लीक कर्णकी छोरी, पशुपती नारायण लाल कर्णकी बुहारी, विनित कुमार कर्णकी श्रीमती रौतहट जिल्ला ब. जिगडिया गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०३ बस्ने, ना.प्र.नं. ३२३०८५/१९५ (जारी मिति: २०६३/१२/१५, स्थान रौतहट) भएकी **गायत्री कुमारी मल्लिक ।** |
| | **ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | अभिनन्दन लाल दासको नाती, पशुपति नारायण लाल कर्णको छोरा महोत्तरी जिल्ला बथनाहा गा वि स गा.वि.स वडा नं. ०१ स्थायी घर भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०३ बस्ने, ना.प्र.नं. १०२८१५६० (जारी मिति: २०५१ /०३/२८, स्थान महोत्तरी) भएका **श्री विनित कुमार कर्ण ।** |
| | **धितोको विवरण** |
| | **धितोमा रहेको घर/जग्गाको विवरण:** **गायत्री कुमारी मल्लिक**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला सिद्धार्थनगर ना.पा वडा नं. ०६ मा अवस्थित नक्सा सि.ट नं.१०४०२३७२२ कि नं. १९७ क्षेत्रफल ३२१.१० (वर्ग.मी) को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| २ | **ऋणी फर्म र ऋणी फर्मका प्रोपाइटरको नाम र ठेगानाको विवरण** |
| | प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय रुपन्देही, सिद्धार्थनगरमा मिति : २०७१/०१/२१ मा प्र.फ.न.घ.उ.का १०४४०/०७०/७१ अन्तर्गत दर्ता भएको **राजप्रभात फर्निचर उघोग ।** ठेगाना : रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०३ **ऋणी फर्मका प्रोप्राइटर:** बाठे चाई.को नाती, राजाराम चाईको छोरा,रुपन्देही जिल्ला सियारी गा.पा वडा नं. ०१ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०३ बस्ने, ना.प्र.नं.२/१७००० (जारी मिति: २०५७/०३/०६, स्थान रुपन्देही) भएका **श्रवण कुमार चाइ ।** |
| | **व्यक्तिगत जमानतकर्ताहरुको विवरण** |
| | १. दुर्गा प्रसाद चाईकी छोरी, राजाराम चाईकी बुहारी, श्रवण कुमार चाईकी श्रीमती, रुपन्देही जिल्ला, चिल्हीया गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०३ बस्ने,ना.प्र.नं. २/३१८६४ जारी मिति: २०६३/०३/२०, स्थान रुपन्देही) भएकी **ज्ञानमती चाई ।**<br>२ बाठे चाईको नाती राजाराम चाईको छोरा रुपन्देही जिल्ला सियारी .गा.पा वडा नं. ०१ बस्ने, ना.प्र.नं. ३७/०१/७५/०२१०५ (जारी मिति: २०७५/०२/१३, स्थान रुपन्देही) भएका **कुमार चाई ।**<br>३. बाठे चाईको नाती, राजाराम चाईकी छोरा, रुपन्देही जिल्ला चिल्हिया गा वि स वडा नं. ०९ बस्ने, ना.प्र.नं.३७-०१-७३-०१७२९ (जारी मिति: २०७३/०२/१४, स्थान रुपन्देही) भएका **सुवास चाई ।**<br>४. बाठे चाईको नाती राजाराम चाईको छोरा रुपन्देही जिल्ला चिल्हिया गा वि स वडा नं. ०९ बस्ने, ना.प्र.नं. ३७३०१९/३७ (जारी मिति: २०६३/११/१०, स्थान रुपन्देही) भएका **सुरजन चाई ।**<br>५. झगरु चाईको नाती, बाठे चाइको छोरा, रुपन्देही जिल्ला चिल्हिया गा वि स वडा नं. ०६ बस्ने, ना.प्र.नं.२१८७, (जारी मिति: २०३३/०८/२०, स्थान रुपन्देही) भएका **राजाराम चाई ।**<br>६.झिनकान चाईकी छोरी, बाठे चाईकी बुहारी, राजाराम चाईकी श्रीमती, रुपन्देही जिल्ला चिल्हिया गा वि स वडा नं. ०९ बस्ने, ना.प्र.नं.३७३०१९/९,(जारी मिति: २०६३/११/११, स्थान रुपन्देही) भएकी **प्रभावती चाई ।** |
| | **धितोको विवरण** |
| | **धितोमा रहेको घर/जग्गाको विवरण:** रुपन्देही जिल्ला, चिल्हिया गा.वि.स. वडा नं. ०६ बस्ने **राजा राम चाई** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, चिल्हीया. वडा नं. ६क नक्सा सिट न ६क मा अवस्थित कि.न. ४०, ५१७, ५५४ क्षेत्रफल ०-६-१५, ०-४-८, ०-१०-५ विगाह जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |
| ३ | **ऋणीको नाम र ठेगानाको विवरण** |
| | दुर्गा प्रसाद चाईकी छोरी, राजाराम चाईकी बुहारी, श्रवण कुमार चाईकी श्रीमती, रुपन्देही जिल्ला, चिल्हीया गा.वि स वडा नं. ९ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०३ बस्ने,ना.प्र.नं. २/३१८६४ जारी मिति: २०६३/०३/२०, स्थान रुपन्देही) भएकी **ज्ञानमती चाई ।** |
| | **ब्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण** |
| | बाठे चाईको नाती राजाराम चाईको छोरा, रुपन्देही जिल्ला सियारी गा.पा वडा नं. ०१ स्थायी ठेगाना भई रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं. ०३ बस्ने, ना.प्र.नं.२/१७०००, (जारी मिति: २०५७/०३/०६, स्थान रुपन्देही) भएका **श्रवण कुमार चाई ।** |
| | **राजप्रभात फर्निचर उघोग र ज्ञानमती चाईमा रहेको संयुक्त धितोको विवरण** |
| | रुपन्देही जिल्ला, सि. न.पा. वडा नं. ०३ बस्ने **ज्ञानमती चाई** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ०३ नक्सा सिट न १०४२७७१०, १०४०२७८१६ मा अवस्थित कि.न.१४९, १६८, १४७ र १३९ क्षेत्रफल १६९.४०, ९८.००, ८५.००, १०१.५८ वर्ग मिटर जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । |

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

सरकारको समाधान प्रायः समस्याजतिकै खराब हुन्छ ।
- मिल्टन फ्रीडम्यान

सम्पादकीय

# सम्मानित नेतालाई बदनाम बनाउने बजेट

स्रोतको दबाब परेपछि विभिन्न विकासे परियोजना कटौती गरेको र सामाजिक सुरक्षाका कार्यक्रममा कैंची चलाइरहेको सरकारले प्रतिष्ठित नेताका नाममा स्मृति भवनलगायतका कार्यक्रममा बजेट विनियोजन गरेर फजुल खर्चको फेहरिस्त देखाएको छ । सरकारले ३ करोडभन्दा कमका आयोजनामा बजेट विनियोजन नभएको दाबी गरे पनि रातो किताबमा भने शहरी विकास मन्त्रालयअन्तर्गत १ लाखदेखि ५ लाखसम्मका योजनामा रकम विनियोजन गरेको भेटिएको छ । यसले बजेट अनुशासन बिगार्ने त छँदै छ, जनतामा थप आक्रोशसमेत जन्माउनेछ । साथै, त्याग र संघर्षका प्रतिमूर्ति मानिएका नेताको छविमा समेत आँच आउने निश्चित छ ।

अहिले शहरी विकास मन्त्री प्रकाशमान सिंहले ३ करोड रुपैयाँ बजेट गणेशमान स्मृति भवन बनाउन बजेट पारेको र सो स्मृति भवनमा कांग्रेसको भ्रातृ संगठनको कार्यालय राख्न लागिएको आरोप छ । तरुण दलका नेताले नै वक्तव्य जारी गरेकाले यसले विवाद ल्याएको हो । त्यस्तै पोखरामा गणेशमान सिंह स्मृति भवन बनाउन ३ करोड रुपैयाँ, तनहुँको भानु नगरपालिकामा बिपी कोइराला स्मृति भवन बनाउन ३ करोड रुपैयाँ विनियोजन गरिएको छ । त्यसैगरी, जहरसिंहपौवामा गणेशमान सिंह पार्क तथा स्टेडियम निर्माण गर्न ३५ करोड ९८ लाख, अर्घाखाँची र अछाममा बिपी स्मृति भवन परिसरमा पूर्वाधार बनाउन २५/२५ लाख, सुशील कोइराला स्मृति भवनका लागि १ करोड ९९ लाख, धनुषामा महेन्द्रनारायण स्मृति भवनका लागि १ करोड ६० लाख विनियोजन गरिएको छ । निश्चय नै यी नेताहरू प्रजातन्त्र र जनताका लागि संघर्ष गरेका सम्मानित व्यक्तित्व हुन् । तर, त्यसो भन्दैमा यिनको नाममा जथाभावी बजेट विनियोजन गर्नु गलत हो । उत्पादकत्व बढाउने, पूँजी निर्माण गर्ने जस्ता काममा रकम खर्चन छाडेर यस्ता काममा बजेट विनियोजन गर्नु शक्तिको दुरुपयोग नै हो । अहिले विकास निर्माणका कामले गति लिन नसकेको, सुशासन हुन नसकेको तथा आर्थिक विकासले अपेक्षित गति लिन नसकेको भनी जनतामा व्यापक असन्तुष्टि बढेको

- नेताका नाममा बजेट दुरूपयोग गर्दा जनतामा नेताप्रतिमात्र होइन, व्यवस्थाप्रति नै असन्तोष र आक्रोश बढ्ने सम्भावना हुन्छ ।
- नेताका नाममा सडक, औद्योगिक क्षेत्र, पार्क आदि निर्माण गर्ने काम पञ्चायती व्यवस्थाबाटै शुरू भएको हो ।

छ । त्यो असन्तुष्टि पनि वर्तमान राजनीतिक नेतृत्वविरुद्ध देखिन्छ । यस्तोमा नेताका नाममा बजेट दुरुपयोग गर्दा जनतामा नेताप्रतिमात्र होइन, व्यवस्थाप्रति नै असन्तोष र आक्रोश बढ्ने सम्भावना हुन्छ । बंगलादेशको आर्थिक प्रगतिमा ठूलो सफलता पाए पनि त्यहाँकी नेतृ शेख हसिनाको गलत कार्यशैलीका कारण राष्ट्रपिता शेख मुजिबर रहमानका शालिक ढालिए । अति भए खति निम्त्याउँछ भन्ने कुराको उदाहरण हो यो ।

'स्मृति भवन निर्माणका लागि बजेटको व्यवस्था गरिएको हो । पार्टीका लागि होइन ।' भनेर जति नै स्पष्टीकरण दिए पनि त्यसले जनमानसमा सकारात्मक सन्देश प्रवाह गर्दैन । नेताको काम भविष्य हेरेर योजना बनाउने हो । तर, नेपालमा चुनाव हेरेर बजेट कार्यक्रम तय गर्ने गरिएको आरोप लागिरहेको छ । हुन पनि शक्तिशाली नेताको निर्वाचन क्षेत्रमा औचित्य पुष्टि हुन गाह्रो हुने आयोजनाका लागि समेत बजेट छुट्ट्याइएको छ । सधैं झैं अहिले सत्ता साझेदार पार्टीका शक्तिशाली नेताका निर्वाचन क्षेत्रमा बढी बजेट पारिएको छ । अहिले नयाँ पुस्तालाई नेता र राजनीतिप्रति खासै चासो छैन । उनीहरू परिणाममुखी कामको अपेक्षा गर्छन् । प्रविधिको प्रयोगबाट जीवनस्तर र आयमा सुधार चाहन्छन् । युवाका यी चासोलाई सम्बोधन गर्न सरकार चुकिरहेको छ । यस्ता कार्यक्रमका लागि बजेट समेत पर्याप्त विनियोजन गरिएको छैन । यस्तो प्रवृत्तिले सरकार र आमजनताबीच झनै दूरी बढाउने काम गर्छ ।

हुन त नेताका नाममा सडक, औद्योगिक क्षेत्र, पार्क आदि निर्माण गर्ने काम पञ्चायती व्यवस्थाबाटै शुरू भएको हो । त्यतिबेला राजाका नाममा यस्ता सबै काम हुने गरेको थियो जसको सिको प्रजातन्त्रको पुनःस्थापनापछि गरियो र गणतन्त्र कालमा पनि कायम रह्यो । उत्पादनमूलक, रोजगारी दिने कार्यक्रमहरूमा केही मात्रामा यस्तो प्रवृत्ति स्वीकार्न सकिए पनि अति भएमा त्यो प्रत्युत्पादक हुने निश्चित छ । त्यसैले यस्ता कार्यक्रममा बजेट छर्ने प्रवृत्तिमा तत्काल लगाम आवश्यक छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## काँकडभिट्टा सुक्खा बन्दरगाहको ठेक्का तेस्रोपटक रद्द

नेपाल इन्टरमोडल ट्रान्सपोर्ट विकास समिति (एनआईटीडीबी) ले काँकडभिट्टा सुक्खा बन्दरगाह सञ्चालनको अन्तरराष्ट्रिय बोलपत्र रद्द गरेको छ । बोलपत्र दर्ता गराएका कम्पनीको प्राविधिक प्रस्तावलाई अप्रभावकारी भन्दै मूल्याङ्कन समितिले बोलपत्र रद्द गरेको एनआईटीडीबीका कार्यकारी निर्देशक शरदविक्रम राणाले अभियानलाई बताए । 'आगामी ३ महीनाभित्र पुनः बोलपत्र आह्वान गर्ने तयारी भएको छ,' उनले भने, 'अर्को व्यवस्था नभएसम्म बन्दरगाहको सञ्चालन समितिले नै गर्छ ।' यसअघि सो बन्दरगाह सञ्चालन गर्न हिमालयन टर्मिनल्स प्रालि (एचटीपीएल) र ट्रान्स नेपालले प्राविधिक प्रस्तावसहित आवेदन दिएका थिए ।

साढे ७ हेक्टर क्षेत्रफलमा निर्माण भएको सुक्खा बन्दरगाह सञ्चालनका लागि समितिले प्राविधिक प्रस्तावसहितको अन्तरराष्ट्रिय बोलपत्र आह्वान गरेको थियो । पहिले प्राविधिक प्रस्ताव र त्यसमा सफल भएका कम्पनीले आर्थिक प्रस्ताव पेश गर्ने गरी बोलपत्र आह्वान गरिएको हो । तर, बोलपत्र दर्ता गर्ने दुईओटै कम्पनीको प्राविधिक प्रस्तावमा समस्या देखिएपछि रद्द गरिएको राणाको भनाइ छ । बोलपत्र रद्द भएको यो तेस्रोपटक हो ।

वर्ष ८, अंक १५८, सोमवार, १४ फागुन, २०६९

# जेन–जीलाई 'काम दिने' पुस्ता बनाउने योजना

## एकीकृत र बहुआयामिक रणनीति आवश्यक



**जेन–जी पुस्ताको ऊर्जालाई सही दिशा दिन सकेमा युवा पलायनलाई न्यूनीकरण गर्दै देशको आर्थिक विकासमा ठूलो टेवा पुऱ्याउनेछ । यद्यपि यो भिजनलाई यथार्थमा बदल्न बजेटमा उल्लिखित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, नीतिगत सरलीकरण र युवामैत्री वातावरण निर्माण अपरिहार्य छ ।**

**बलराम यादव**

नेपालको आर्थिक क्षितिजमा नयाँ ऊर्जा भर्ने लक्ष्यका साथ प्रस्तुत गरिएको आगामी आर्थिक वर्ष (आव) २०८२/८३ को बजेटले युवा पुस्तालाई हेर्ने दृष्टिकोणमा महत्त्वपूर्ण परिवर्तन ल्याएको छ । परम्परागत रूपमा रोजगारीको खोजीमा भौंतारिने युवाहरूको जमातबाट माथि उठेर यो बजेटले जेन-जी पुस्ता (जेनेरेशन जेड) लाई 'काम खोज्ने होइन, काम दिने' सामर्थ्यवान् उद्यमीका रूपमा स्थापित गर्ने महत्त्वाकांक्षी भिजन बोकेको छ । स्मार्टफोन र इन्टरनेटको युगमा हुर्केका, प्रविधिमैत्री र नवप्रवर्तनमा रूचि राख्ने जेन-जीलाई लक्षित गरी ल्याइएका विशेष कार्यक्रम र सहुलियतहरूले अबका दिनमा नेपालको आर्थिक विकासको नेतृत्व युवा आफैले गर्ने नयाँ युगको संकेत दिएका छन् । यो बजेट केवल वित्तीय विनियोजन मात्र नभई देशको भविष्य निर्माणमा युवा शक्तिलाई सक्रिय साझेदार बनाउने दूरदृष्टिको प्रतिविम्ब हो ।

### जेन-जी : वर्तमान र भविष्यको पुस्ता

जेन-जी (जेनेरेशन जेड) पुस्तामा सन् १९९७ देखि २०१२ सम्म जन्मेका व्यक्तिहरू पर्छन् जसलाई 'डिजिटल नेटिभ्स' पनि भनिन्छ किनभने उनीहरू प्रविधि र इन्टरनेटको प्रभावमा हुर्केका हुन् । स्मार्टफोन, सामाजिक सञ्जाल र डिजिटल प्रविधिहरूको पहुँचले उनीहरूको बाल्यकालदेखि नै महत्त्वपूर्ण भूमिका खेलेको छ । दोस्रो विश्वयुद्धपछिको चौथो पुस्ताको रूपमा चिनिने जेन-जीलाई पुरानो पुस्ताभन्दा बढी व्यावहारिक र उन्नत सोच भएको मानिन्छ, जो नयाँ कुराहरू अपनाउन हिचकिचाउँदैनन् । जेड पुस्ता जन्म वर्ष १९९७-२०१२ भित्र जन्मिएका हाल १२ देखि २७ वर्ष उमेरसमूहका यो पुस्ताका पछिल्लो लहरमा भर्खर कक्षा १२ को परीक्षा दिएका विद्यार्थी पर्छन् । सन् २०१३ देखि अहिलेसम्मका नवजात शिशुहरू भने अल्फा पुस्ताका रूपमा चिनिन्छन् । हालको जेन-जी पुस्तालाई स्मार्ट मानिन्छ र भविष्यमा आउने अल्फा पुस्ता झन् 'सुपर स्मार्ट' हुने अपेक्षा गरिएको छ । यो पुस्ता आफ्नो योग्यता प्रमाणित गर्न उत्सुक छ र त्यसका लागि उचित समय र सही अवसरको खोजीमा छ । उनीहरू परम्परागत उत्पादन प्रणालीभन्दा यान्त्रिक, भर्चुअल र डिजिटल व्यवसायमा बढी आकर्षित छन् ।

### जेन-जी पुस्ताका विशेषता

जेन-जी पुस्ता आफ्नो विशिष्ट जीवनशैली, प्रविधिप्रति आकर्षण र सामाजिक मूल्यहरूद्वारा अघिल्ला पुस्ताभन्दा फरक परिचय दिन्छन् । उनीहरूले काम र जीवनबीच सन्तुलन कायम गर्न स्वतन्त्रता र लचिलोपनलाई प्राथमिकता दिन्छन् जसअन्तर्गत 'साइड गिग्स' र फ्रिल्यान्सिङलाई महत्त्व दिने गर्छन् । मानसिक स्वास्थ्यप्रति उनीहरू सचेत छन् जसको प्रमाण २०२० यता चिन्ता र सामाजिक सञ्जालबाट हुने तनावको रिपोर्ट २५ प्रतिशतले बढेको हुनाले देखिन्छ । आर्थिक रूपमा सतर्क यो पुस्ता बचत र लगानीमा केन्द्रित छ जहाँ सेयर बजारमा सहभागिता बढ्दै गइरहेको छ । यात्रालाई उनीहरू विलासिता नभएर आवश्यकताका रूपमा हेर्छन् जसले गर्दा अन्तरराष्ट्रिय यात्राको योजना बढिरहेको छ । स्वास्थ्य र पोषणप्रति उनीहरूको दृष्टिकोण व्यावहारिक छ । फिटनेस सुधारलाई प्राथमिकता दिँदै अस्थायी 'फ्याड डाइट'लाई उपेक्षा गर्छन् । पर्यावरणप्रति उनीहरूको चासो प्रणालीगत समाधानमा केन्द्रित छ जहाँ ब्रान्ड र सरकारलाई उत्तरदायी ठानिन्छ । विविधता, समानता र समावेशिताको व्याख्यामा उनीहरूले मानसिक स्वास्थ्य, भाषा र अपाङ्गतालाई समेट्छन् । सामाजिक सञ्जाल उनीहरूका लागि मात्र सामग्री खपतको माध्यम नभएर सामाजिक संयोजनको साधन हो जसले गर्दा टिकटक र इन्स्टाग्राममा सञ्चार बढेको छ । पोडकास्टप्रति उनीहरूको आकर्षणले अनुभवमा आधारित सिकाइलाई प्राथमिकता दिन्छ जबकि गेमिङलाई उनीहरू सामाजिक र शैक्षिक गतिविधिको रूपमा प्रयोग गर्छन् । कृत्रिम बुद्धिमत्ताप्रति उनीहरूको आशावादी दृष्टिकोण छ तर कम्पनीहरूबाट पारदर्शिताको अपेक्षा गर्छन् । यी सबै विशेषताहरूले जेन-जी पुस्तालाई प्रविधि, समाज र व्यक्तिगत मूल्यहरूको अन्तरक्रियामा अग्रगामी बनाउँछ ।

### जेन-वाई र जेन-जी बीच फरक

जेन-वाई (मिलेनियल्स) र जेन-जीबीचको भिन्नता उनीहरू हुर्केको वातावरणमा स्पष्ट देखिन्छ । प्रविधिको कुरा गर्दा जेन-वाई 'लो-टेक' परिवेशमा हुर्किए भने जेन-जी 'हाई-टेक' वातावरणका उपज हुन् जसले उनीहरूको सोच्ने र व्यवहार गर्ने तरीकामा ठूलो प्रभाव पारेको छ । सामाजिक-राजनीतिक चेतनामा पनि भिन्नता छ । जेन-वाई राजनीतिक अधिकार, सामाजिक सुख-दुःख र अन्यायमा बढी चासो राख्थे तर जेन-जी भने राजनीतिप्रति उदासीन छन् र यसलाई फोहोरी खेल ठान्छन् । संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र संविधानका अधिकारहरूबारे पनि कमै जानकारी राख्छन् । रुचि र रोजाइमा पनि दुई पुस्ताबीच आकाश-जमीनको फरक छ । गीत-संगीत, वेशभूषा, आइडल, फिल्म, कथा, पुस्तक, नेता र खानपिनलगायत हरेक क्षेत्रमा उनीहरूका प्राथमिकता फरक छन् जहाँ जेन-वाईलाई स्थानीय र परम्परागत कुरा मन पर्दा जेन-जीको रोजाइ फरक छ । यसैले, अन्तरपुस्तागत बुझाइमा जेन-वाईले जेन-जीलाई अव्यावहारिक र कच्चा ठान्छन् भने जेन-जीले जेन-वाईलाई पुरानो र पुरातन मान्छन् ।

### काम खोज्ने होइन, काम दिने युवा विकासका लागि जेनजी विशेष कार्यक्रम

सरकारको नीति तथा कार्यक्रममा जेन-जी पुस्तालाई विशेष प्राथमिकता दिइएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले यस पुस्तालाई स्टार्टअप कार्यक्रमहरूका लागि प्राथमिकता दिने घोषणा गरेका छन् जसले उनीहरूलाई रोजगारी सृजना गर्न प्रोत्साहन गर्नेछ ।

सरकारले आगामी आव २०८२/८३ को बजेटमा जेन-जी पुस्तालाई विशेष सम्बोधन गर्दै रोजगारी सृजना गर्ने उद्यमी युवा उत्पादन गर्ने लक्ष्य राखेको छ । अर्थमन्त्री विष्णु पौडेलले प्रस्तुत गरेको बजेटमा 'काम खोज्ने होइन, काम दिने युवा विकासका लागि जेन-जी विशेष कार्यक्रम'अन्तर्गत स्टार्टअप उद्यमशीलता प्रवर्द्धनमा जोड दिइएको छ । यसका लागि सरकार, विश्वविद्यालय र निजीक्षेत्रको सहकार्यमा इन्कुवेसन सेन्टर निर्माण गरिनेछ । स्टार्टअप उद्यमीहरूलाई शीप विकास, व्यवसाय विस्तार र बजारीकरणमा सहयोग पुऱ्याउन ३ प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण कर्जा उपलब्ध गराइनेछ जसका लागि ७३ करोड रुपैयाँ विनियोजन गरिएको छ । यस कार्यक्रमको मुख्य उद्देश्य जेन-जी पुस्तालाई उद्यमशील र व्यावसायिक बनाएर आत्मनिर्भर बनाउनु हो ।

जेन-जी पुस्तालाई 'काम खोज्ने' भन्दा 'काम दिने' बनाउन एकीकृत र बहुआयामिक रणनीति आवश्यक पर्छ । यसमा केवल एउटा वा दुईवटा पहलले मात्र पुग्दैन बरु शिक्षाप्रणालीदेखि वित्तीय पहुँचसम्मका धेरै क्षेत्रमा एकसाथ काम गर्नुपर्छ ।

- जेन–जी (जेनेरेशन जेड)) पुस्तामा सन् १९९७ देखि २०१२ सम्म जन्मेका व्यक्तिहरू पर्छन् जसलाई 'डिजिटल नेटिभ्स' पनि भनिन्छ ।
- पोडकास्टप्रतिको आकर्षणले अनुभवमा आधारित सिकाइलाई प्राथमिकता दिन्छ जबकि गेमिङलाई उनीहरू सामाजिक र शैक्षिक गतिविधिका रूपमा प्रयोग गर्छन् ।
- जेन–जी पुस्तालाई 'काम खोज्ने' भन्दा 'काम दिने' बनाउनका लागि एकीकृत र बहुआयामिक रणनीति आवश्यक पर्छ ।
- श्रम कानूनमा लचिलोपन ल्याउनु जरूरी छ ताकि फ्रिल्यान्सिङ, साइड गिग्स र गिग इकोनोमी प्रवृत्तिलाई बढावा मिल्न सकोस् ।

### उद्यमशीलता र नवप्रवर्तनका लागि सचेतना र प्रोत्साहन

उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहन गर्न सचेतनाका विभिन्न उपाय अपनाउन आवश्यक छ । विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रमहरूमा उद्यमशीलता, वित्तीय साक्षरता र नवप्रवर्तनसम्बन्धी विषयहरू समावेश गरी शैक्षिक स्तरबाट नै यसको बीजारोपण गर्नुपर्छ जसका लागि वास्तविक जीवनका सफल उद्यमीहरूको अनुभव साटासाट गर्ने कार्यक्रमहरू आयोजना गर्नुपर्छ । सरकार, विश्वविद्यालय र निजीक्षेत्रको सहकार्यमा इन्कुवेशन सेन्टरहरू र एक्सिलरेटरहरू स्थापना गरी युवा उद्यमीहरूलाई मेन्टरसिप, तालिम, नेटवर्किङ र भौतिक पूर्वाधार उपलब्ध गराउनुपर्छ जुन अर्थमन्त्रीले बजेटमा पनि उल्लेख गरेका छन् । यसका साथै नवप्रवर्तन र स्टार्टअप विचारहरूलाई प्रोत्साहित गर्न राष्ट्रिय तथा प्रादेशिक स्तरमा 'ह्याकाथन', 'पिच डे' र 'स्टार्टअप च्यालेन्ज' जस्ता प्रतियोगिता आयोजना गरी उत्कृष्ट विचारहरूलाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ । यी सबै उपायले उद्यमशीलतालाई प्रवर्द्धन गर्ने र नवप्रवर्तनको संस्कृतिलाई बढावा दिनेछ ।

### वित्तीय पहुँच र प्रोत्साहन

वित्तीय पहुँच र प्रोत्साहनका माध्यमबाट जेन-जी उद्यमीहरूलाई सशक्त बनाउन विभिन्न उपाय आवश्यक छन् । सरकारले ३ प्रतिशत ब्याजदरमा सहुलियतपूर्ण कर्जा कार्यक्रम सञ्चालन गरी युवा उद्यमीहरूसम्म पुग्न डिजिटल र पारदर्शी प्रक्रिया अपनाउनुपर्छ जसले गर्दा कागजातहरू सजिलै पेश गर्न सकिनेछ । नवप्रवर्तनशील स्टार्टअपहरूको विकासका लागि बीउ पूँजी र भेन्चर क्यापिटलको विस्तार गर्नुपर्छ जसमा निजी लगानीकर्ताहरूलाई कर छूटजस्ता प्रोत्साहनहरू दिई आकर्षित गर्न सकिन्छ । यसका साथै, सरकारी ग्यारेन्टी फन्डको व्यवस्था गरेर युवाहरूलाई बैंक तथा वित्तीय संस्थाबाट कर्जा प्राप्त गर्न सहज बनाउनुपर्छ । साथै, शुरुआती चरणका स्टार्टअपहरूलाई निश्चित अवधिका लागि कर छूट र अन्य सरकारी शुल्कमा सहुलियत प्रदान गरी उनीहरूको वित्तीय बोझ घटाउनुपर्छ । यी उपायहरूले जेन-जी उद्यमीहरूको वित्तीय पहुँच सुधारेर नवप्रवर्तन र आर्थिक वृद्धिमा योगदान पुऱ्याउनेछ ।

### शीप विकास र तालिम

जेन-जी युवाहरूको शीप विकास र तालिमका लागि बजारमा हुने भविष्यको मागलाई ध्यानमा राखेर रणनीतिक कार्यक्रमहरू आवश्यक पर्छन् । भर्चुअल प्रविधि, डिजिटल क्षेत्र, एआई, डेटा साइन्स, सफ्टवेयर विकास, डिजिटल मार्केटिङ र ई-कमर्सजस्ता उदीयमान प्रविधिहरूमा विशेषीकृत तालिम कार्यक्रमहरू विकास गर्नुपर्छ जसले युवाहरूलाई रोजगारी र उद्यमशीलताका लागि तयार पार्नेछ । स्टार्टअपहरूको सफलताका लागि व्यावहारिक शीपहरू जस्तै उत्पादन विकास, गुणस्तर नियन्त्रण, ब्रान्डिङ, डिजिटल मार्केटिङ र निर्यात प्रक्रियासम्बन्धी विशेष तालिमहरू आयोजना गरिनुपर्छ । शैक्षिक प्रणालीमा सैद्धान्तिक ज्ञानभन्दा प्रोजेक्ट-आधारित शिक्षणलाई प्राथमिकता दिई विद्यार्थीहरूलाई वास्तविक जीवनका समस्याहरू समाधान गर्ने अवसर प्रदान गर्नुपर्छ जसले गर्दा उनीहरूले समस्यामूलक चिन्तन र रचनात्मकताका साथै टिम वर्कजस्ता आवश्यक शीपहरू सिक्न सकून् । यी सम्पूर्ण प्रयासहरूले जेन-जी युवाहरूलाई नवीनतम प्रविधिको ज्ञान, व्यावहारिक अनुभव र उद्यमशील योग्यतासँग सजिलै रोजगारी सृजना गर्न वा आफ्नै व्यवसाय शुरू गर्न सक्षम बनाउनेछ ।

### नीतिगत र कानूनी सहजीकरण

नीतिगत र कानूनी सहजीकरण जेन-जी युवाहरूको उद्यमशीलतालाई बढावा दिन महत्त्वपूर्ण भूमिका खेल्छ । स्टार्टअपहरूको दर्ता प्रक्रियालाई सरल, छिटो र पूर्णरूपमा डिजिटल बनाउनु आवश्यक छ जसका लागि एकद्वार प्रणालीको विकास गर्नुपर्छ । यसले नयाँ व्यवसाय शुरू गर्ने प्रक्रियालाई पारदर्शी र कम समयमा पूरा गर्न मद्दत गर्छ । नवप्रवर्तनलाई संरक्षण दिन बौद्धिक सम्पत्ति अधिकारको सुरक्षा बढाउनुपर्छ विशेष गरी स्टार्टअप र युवा आविष्कारकहरूले आफ्नो नवीन विचार र प्रविधिको लाभ उठाउन सकून् ।

यसका साथै, श्रम कानूनमा लचिलोपन ल्याउनु जरुरी छ ताकि फ्रिल्यान्सिङ, साइड गिग्स र गिग इकोनोमी प्रवृत्तिलाई बढावा मिल्न सकोस् । यसले युवाहरूलाई आफ्नो क्षमताअनुसार धेरै आय स्रोत सृजना गर्न र अनलाइन प्लेटफर्ममार्फत काम गर्न सहज बनाउँछ । डिजिटल पूर्वाधार जस्तै उच्च गतिको इन्टरनेट, डिजिटल भुक्तानी प्रणाली, र क्लाउड कम्प्युटिङजस्ता सेवाहरूको विस्तार गर्नुपर्छ जसले गर्दा जेन-जी उद्यमीहरूले डिजिटल माध्यमबाट व्यवसाय सञ्चालन गर्न सहज रूपले पाउनेछन् । यी सम्पूर्ण उपायहरूले नयाँ उद्यमहरूको शुरुआत र विकासलाई गतिशील बनाउनेछ ।

### मानसिक स्वास्थ्य र सामाजिक सहयोग

जेन-जी युवाहरूको मानसिक स्वास्थ्य र सामाजिक सहयोगलाई प्रवर्द्धन गर्न एकीकृत उपायहरू आवश्यक छन् । मानसिक स्वास्थ्य सहयोगका लागि इन्कुवेशन सेन्टर र शैक्षिक संस्थाहरूमा निःशुल्क परामर्श सेवा, टेलिथेरापी र सातै दिन चौबीसै घण्टा सञ्चालन हुने क्राइसिस हटलाइनजस्ता सेवाहरू स्थापना गर्नुपर्छ जसले गर्दा चिन्ता, डिप्रेशनजस्ता समस्याहरूको समयमै निदान र उपचार हुन सक्छ । सामाजिक सञ्जालको सकारात्मक उपयोगलाई बढावा दिन डिजिटल साक्षरता तालिमहरू आयोजना गरी यसलाई नेटवर्किङ, फ्रिलान्सिङ र व्यावसायिक प्रवर्द्धनका लागि प्रयोग गर्ने तरिका सिकाउनुपर्छ । साथै मानसिक स्वास्थ्य जागरुकता फैलाउन सकारात्मक सामग्री निर्माण गर्न प्रोत्साहन गर्नुपर्छ । परिवार र समुदायको सहभागिता महत्त्वपूर्ण छ जसमा परिवारले युवाहरूलाई भावनात्मक सहयोग प्रदान गर्ने, उद्यमशीलतालाई सम्मानित पेशाको रूपमा हेर्ने र स्थानीय स्तरमा मेन्टरशिप कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता उपायहरू समावेश छन् । यी सम्पूर्ण प्रयासहरूले जेन-जी युवाको मानसिक स्वास्थ्य सुधार, सामाजिक संयोजन र आर्थिक सशक्तीकरणमा योगदान पुऱ्याउनेछ ।

### अन्तरराष्ट्रिय सहकार्य र अवसर

जेन-जी पुस्तालाई 'काम खोज्ने' भन्दा 'काम दिने' युवा शक्तिमा रूपान्तरण गर्न अन्तरराष्ट्रिय सहकार्य र अवसरको सदुपयोग अपरिहार्य छ । यसका लागि नेपाली जेन-जी उद्यमीहरूलाई अन्तरराष्ट्रिय स्टार्टअप इकोसिस्टमसँग जोड्नुपर्छ जसमा 'इन्टरनेशनल पिच कम्पिटिशन' र 'स्टडी टुर' जस्ता कार्यक्रमहरूमा सहभागी गराउनु महत्त्वपूर्ण हुन्छ । साथै, विदेशबाट आर्जित रेमिटचान्सको उत्पादनशील उपयोगका लागि नेपालमा स्टार्टअपहरूमा लगानी गर्न प्रोत्साहन गर्ने नीतिहरू ल्याउनु आवश्यक छ । यी रणनीतिहरूलाई एकीकृत रूपमा कार्यान्वयन गर्न सकेमा यस पुस्ताले नेपालको आर्थिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ ।

अन्त्यमा, नेपालको आगामी आव २०८२/८३ को बजेटले जेन-जी पुस्तालाई 'काम खोज्ने होइन, काम दिने' सशक्त युवा शक्तिका रूपमा विकास गर्ने दूरगामी सोच प्रस्तुत गरेको छ । यो बजेटले स्टार्टअप उद्योगका लागि ३ प्रतिशत ब्याजदरमा कर्जा, इन्कुवेशन सेन्टरको स्थापना र अन्य सहुलियतपूर्ण कार्यक्रमहरूमार्फत जेन-जीको उद्यमशीलता र नवप्रवर्तनलाई प्रत्यक्ष सम्बोधन गरेको छ । प्रविधिमैत्री र व्यावहारिक सोच राख्ने यो पुस्ताको ऊर्जालाई सही दिशा दिन सकेमा यसले युवा पलायनलाई न्यूनीकरण गर्दै देशको आर्थिक विकासमा ठूलो टेवा पुऱ्याउनेछ । यद्यपि यो भिजनलाई यथार्थमा बदल्न बजेटमा उल्लिखित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, नीतिगत सरलीकरण र युवामैत्री वातावरण निर्माण अपरिहार्य छ । जेन-जीको मानसिक स्वास्थ्य, शीप विकास र अन्तरराष्ट्रिय अवसरमा ध्यान दिँदै उनीहरूलाई देशमै भविष्य देख्ने आत्मविश्वास जगाउन सकेमात्र यो बजेटले परिकल्पना गरेको 'काम दिने' पुस्ताको सपना साकार हुनेछ ।

*लेखक आन्तरिक राजस्व विभाग लाजिम्पाटका कार्यरत छन् ।*

# परिचयपत्रमा एआईको प्रयोग

पछिल्ला केही वर्षमा विश्वका धेरै भागहरूमा कानुनी कागजातहरू (जस्तैः परिचयपत्र, राहदानी, चालक अनुमति पत्र आदि) मा डिजिटल तत्त्वहरू थपिने क्रम बढेको छ । यो सरकार र नागरिक दुवैका लागि झनै महत्त्वपूर्ण बन्दै गएका छन् । सरकारहरूले डिजिटल उपकरणहरूको सहायताले कागजात निर्माण र नाम दर्ता प्रक्रियालाई अझ सक्षम बनाउन सक्छन् । विशेष गरी युवापुस्ता जसले स्मार्टफोनजस्ता उपकरणमार्फत डिजिटल सेवाहरूको चाहना राख्छन्, तिनले कागजातहरू प्रयोग गर्न झन् सहज मान्नेछन् । कागजातको इकोसिस्टममा डिजिटल प्रविधि भित्र्याउने एउटा प्रमुख पक्ष हो– इलेक्ट्रोनिक चिपको प्रयोग । यस प्रविधिले डेटालाई सुरक्षित भण्डारण गर्न र डिजिटल प्लेटफर्महरूमा परिचय प्रमाणित गर्न सहज बनाउँछ । कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग पनि प्रमुख प्रवृत्तिमा पर्न आउँछ । यो उपकरण कागजातको गुणस्तर र सूचनामा हुने त्रुटिहरू पहिचान गर्न उपयोगी साबित भएको छ । यी कागजातहरू अत्यन्त कडाइका साथ तय गरिएका मापदण्डअनुसार बनाइन्छन् । ती मापदण्डहरूमा थोरै मात्र फरक भए पनि कागजात अमान्य हुन सक्छ । त्यसैले, एआईले उत्पादनको प्रारम्भिक चरणमै त्रुटि हटाउन मद्दत गर्छ ।

नाम दर्ताको समयमा व्यक्तिको विवरण मिल्दोजुल्दो छ कि छैन भनेर एआईले तुरुन्तै पत्ता लगाउन सक्छ । यसले परिचयमा एकरूपता ल्याउन र सुरक्षित बनाउन थप परीक्षणको आधार बनाउँछ ।

हालै परीक्षण चरणमा रहेको भेरिडोजको एउटा उपकरण यात्रा सम्बन्धी क्षेत्रमा विशेष चासोको विषय बनेको छ । यो उपकरणले पासपोर्टमा भएका संकेतहरूको विश्लेषण गरेर यात्राको ढाँचा पत्ता लगाउँछ । यसले एआई आधारित छवि पहिचान र आप्टिकल क्यारेक्टर रिकग्निशनको संयोजन प्रयोग गर्छ, जसले प्रस्थान र आगमनको मिति पढ्छ । यसले पासपोर्टधारीले कुन देश कहिले र कति समयका लागि भ्रमण गऱ्यो भन्ने जानकारी स्वतः दिन्छ । यसअघि यस्तो कार्य मान्छेले गर्नुपर्थ्यो । यसको फाइदा यात्रुहरूले प्रत्यक्ष रूपमा अनुभव गर्न थालेका छन् । सीमापार प्रक्रियामा यसको प्रयोग बढ्दो छ । हवाई अड्डाहरूमा यात्रुहरू आफैले पासपोर्ट स्क्यान गर्ने र बायोमेट्रिक विवरण दिन सक्ने सेल्फ सर्भिस डेस्कहरूको प्रयोग बढ्दो छ । यसरी शारीरिक जाँचको आवश्यकतालाई कम गर्न सक्छ ।

त्यस्तै, इगेटको प्रयोगले बढ्दो यात्रु संख्यालाई व्यवस्थापन गर्न सजिलो बनाएको छ । यस्तो डिजिटल फस्ट लाइन इन्स्पेक्सनले अनुहार परिवर्तन जस्ता ठगीहरूको पहिचान पनि मान्छेले भन्दा भरपर्दो ढंगले गर्छ । यस्ता मामिलामा दोस्रो चरणमा मात्रै मानवद्वारा जाँच गरिन्छ । सीमामा प्रयोग हुने डिजिटल उपायहरू अन्य सरकारी सेवाहरूमा पनि लागू गर्न सकिन्छ । एआईले विवरणमा हुने विसंगति पत्ता लगाउन सक्छ । बायोमेट्रिक डेटाको सहज र छिटो संकलन सम्भव भएको छ । यी प्रविधिहरूको प्रयोग सरकारले आवश्यक देखेको छ र ती क्षेत्रमा लगानी गर्न इच्छुक देखिन्छ । तर, शतप्रतिशत डिजिटल परिचय प्रणाली हालको अवस्थामा सम्भव देखिँदैन । डिजिटल परिचय प्रणालीका धेरै फाइदाहरू भए पनि केही चुनौतीहरू बाँकी नै छन् । भौतिक कागजातहरूमा होलोग्राम वा स्पर्श अनुभव जस्ता सुरक्षात्मक विशेषता हुन्छन् जुन डिजिटल कागजातहरूमा हुँदैन । डिजिटल डेटालाई सुरक्षित राख्न क्रिप्टोग्राफी जस्ता उपायहरू प्रयोग गरिन्छ तर ती मोबाइलजस्ता तुलनात्मक रूपमा कम सुरक्षित उपकरणमा स्थानान्तरण गर्दा जोखिम बढ्न सक्छ । डिजिटल परिचय प्रणालीका लागि ठूलो डेटा प्रशोधन गर्ने क्षमता र राम्रो नेटवर्क पूर्वाधार आवश्यक पर्छ । प्रयोगकर्तालाई पनि यो प्रणाली सजिलो र अपनाउन मिल्ने हुनुपर्छ । अन्ततः, डेटा गोपनीयता र डिजिटल सार्वभौमिकता अत्यन्त महत्त्वपूर्ण विषय हुन् । डिजिटाइजेसनले परिचय प्रणालीमा बलियो जरा गाडिसकेको छ । यसले यात्रालाई सुरक्षित, छरितो बनाउँछ र अधिकारीहरूको काम पनि सहज बनाउँछ । यो प्रक्रिया थप परिष्कृत बन्दै जानेछ । कागजी डकुमेन्टहरू पूर्ण रूपमा हट्ने वा नहट्ने भविष्यले देखाउनेछ । तर यसलाई सशक्त बनाउँदै लैजानु अहिलेको आवश्यकता हो ।

*(रिसर्चगेटबाट)*



तस्वीर : सिन्हवा/रासस

**ड्रोनबाट खिचिएको तस्वीरमा मध्य चीनको हुवेई प्रान्तस्थित जिगुई काउन्टीमा रहेको थ्री गोर्जेज प्रोजेक्ट । यो संसारकै सबैभन्दा ठूलो जलविद्युत् परियोजना हो र यसको जडित उत्पादन क्षमता २२ हजार ५०० मेगावाट रहेको छ ।**

# दूधमा प्रोत्साहन अनुदानबाट कर्णालीका किसानलाई लाभ

वीरेन्द्रनगर (सुर्खेत) । कर्णाली प्रदेश सरकारको 'दूधमा प्रोत्साहन अनुदान' कार्यक्रम पछिल्लो समय प्रभावकारी बन्दै गएको देखिएको छ । कार्यक्रमबाट कर्णालीका दूध उत्पादक किसान लाभान्वित भएका छन् । सो कार्यक्रममार्फत लाभान्वित भएका किसान वीरेन्द्रनगर नगरपालिका-१२, खोरियाका ५१ वर्षीय डम्मर केसी पनि एक हुन् । बाल्यकालदेखि नै खेती र गाईभैंसीपालनमा रुचि राख्ने केसी ३० वर्षदेखि निरन्तर कृषि पेशमा छन् ।

केसीको गोठमा अहिले तीनओटा दुहुना भैंसी छन् । ती भैंसीबाट दैनिक ४० लिटर दूध उत्पादन हुन्छ । 'पहिला आठ ओटासम्म भैंसी पालेको थिएँ, अहिले कामदार अभाव र आफैंले पनि नसक्ने भएपछि घटाएँ,' केसीले भने, 'तैपनि दैनिक ४० लिटर दूध बेच्दै आएको छु ।' उनले बिहान र बेलुका गरी दैनिक ४० लिटर दूध संकलन केन्द्रमा लैजाने बताए ।



उनका अनुसार दैनिक ४० लिटर दूध बेच्दा मासिक ७८ हजार रुपैयाँ आम्दानी हुन्छ । वीरेन्द्रनगर-१२ र १३ का किसानले उत्पादन गरेको दूध वीरेन्द्रनगर-८ मा रहेको तनुजा डेरी उद्योगले संकलन गरी विक्री वितरण गर्छ । उक्त डेरीले किसानलाई दूधको मूल्य प्रतिलिटर ६५ रुपैयाँका दरले दिने गरेको छ । सरकारले आर्थिक वर्ष २०७८/७९ देखि नै उपलब्ध गराउँदै आएको अनुदान रकम भने केसीले २०७९/८० बाट मात्र पाए । केसीले पहिलोपटक ३० हजार र दोस्रोपटक १६ हजार रुपैयाँ अनुदान लिएको बताए । चालू आर्थिक वर्ष २०८१/८२ मा ३० हजार ७७५ रुपैयाँ अनुदान आउने केसीले जानकारी दिए । कृषिमा समर्पित किसानलाई राहत दिन कर्णाली प्रदेश सरकारले सञ्चालन गरेको 'दूधमा प्रोत्साहन अनुदान'कार्यक्रम केसीजस्ता किसानका लागि राहत बनेको छ ।

केसीले कृषि क्षेत्रलाई प्रोत्साहन गर्न सरकार अझ बढी योजनाबद्ध भएर अगाडि बढ्नुपर्ने बताए । उनी भन्छन्, 'देशमा लाखौं युवा बेरोजगार छन्, सरकारले कृषिलाई रोजगारीको माध्यम बनाउने हो भने विदेशिने युवालाई रोक्न सकिन्छ । स्वरोजगारका अवसर कृषिमा छन्, तर त्यसका लागि सहजीकरण र लगानी जरुरी छ ।'

उनी जस्तै वीरेन्द्रनगर-१२ का ४५ वर्षीया दीपा भट्टराई पनि 'दूधमा प्रोत्साहन अनुदान' कार्यक्रमबाट लाभान्वित भएकी छिन् । जीवनको अधिकांश समय कृषि र पशुपालनमै बिताएको जानकारी दिएकी उनले २० वर्षदेखि भैंसी, गाई, बाख्रापालन र खेती गर्दै आएको बताइन् । भन्छिन्, 'पहिल्यैदेखि नै सरकारका तर्फबाट केही सहयोग मिल्छ कि भन्ने आशा थियो । अब बल्ल आफूजस्ता किसानले सरकारबाट राहत पाएँ भन्ने महसुस भएको छ ।'

भट्टराईले अहिले दुईओटा दुहुना भैंसी पालेकी छिन् । उनी बिहान र बेलुकी गरी १८ लिटर दूध बेच्छिन् । उनी भन्छिन्, 'दूध संकलन केन्द्र गाउँमै भएकाले दूध विक्री गर्न टाढा जानु नपर्दा समय पनि बचेको छ ।' उनले अचेल दूध विक्रीबाट मासिक ३५ हजार रुपैयाँ आम्दानी गरिरहेका छन् । ५ हजार भैंसीको दानापानीमा खर्च हुने गरे पनि मासिक ३० हजार बचत हुने गरेको उनी बताउँछन् । प्रदेश सरकारले उपलब्ध गराएको अनुदान कार्यक्रमले उनी जस्ता किसानको जीवनमा नयाँ ऊर्जा थपेको छ । उनी भन्छन्, 'पहिलो पटक २ हजार ७०० रुपैयाँ पाएँ, दोस्रोपटक ११ हजार र अहिले १५ हजार रुपैयाँ आउँछ ।' उनका अनुसार अनुदानको प्रक्रिया सहज छ । 'दूध संकलन केन्द्रले सबै प्रक्रिया मिलाएर दिने भएकाले हामीले अनलाइन फाराम, कागजपत्रको झन्झट बेहोर्नु पर्दैन,' उनले भने ।

यो अनुदान कार्यक्रमले कृषकको नाममा दूध विक्री गर्ने डेरी तथा संकलन केन्द्रमा अभिलेख राखेर सात महीनासम्मको दूध विक्रीको आधारमा अनुदान वितरण गर्छ । दूध उत्पादन वृद्धि र किसानलाई प्रोत्साहन गर्न आर्थिक वर्ष २०७८/७९ देखि प्रदेश सरकारले सिधै किसानको खातामा रकम जम्मा गर्दै आएको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार दूध उत्पादन गर्ने किसानलाई प्रोत्साहन गर्न हिमाली जिल्लामा प्रतिलिटर १० र बाँकी जिल्लामा ५ रुपैयाँ अनुदान उपलब्ध गराउँदै आएको छ । प्रदेश सरकारले हुम्ला, मुगु, डोल्पा, जुम्ला र कालीकोटका किसानलाई १० तथा सुर्खेत, दैलेख, सल्यान, जाजरकोट र रुकुमपश्चिमका किसानलाई प्रतिलिटर ५ रुपैयाँ अनुदान दिँदै आएको हो ।

मन्त्रालयका सूचना अधिकारी तारा बरालले पछिल्लो समय दूध उत्पादन वृद्धि हुँदै गएको र किसान पनि यो कार्यक्रमबाट लाभन्वित भइरहेको बताइन् । उनका अनुसार आर्थिक वर्ष २०७८/७९ मा १ हजार ५०० दूध उत्पादक किसान लाभान्वित भएका थिए । २ लाख ८२ हजार ७०० लिटर दूधमा २८ लाख २७ हजार रुपैयाँ भुक्तानी गरेको उनले बताइन् ।

यस्तै आर्थिक वर्ष २०७९/८० मा ३ हजार ५३ किसान लाभान्वित भएका थिए । सो वर्ष २३ लाख ५४ हजार ५६८ लिटर दूधमा अनुदान दिइएको थियो । आर्थिक वर्ष २०८०/८१ मा ३ हजार ७७६ किसान लाभान्वित भएका थिए । उक्त आर्थिक वर्षमा ३७ लाख ९१ हजार ४२९ लिटर दूध उत्पादन भएको थियो । चालू आर्थिक वर्ष २०८१/८२ का लागि प्रदेश सरकारले १ करोड २७ लाख ८ हजार रुपैयाँ विनियोजन गरेको छ । सूचना अधिकारी बरालले चालू आर्थिक वर्षमा १ हजार ६५ किसान लाभान्वित भएको जानकारी दिइन् । उनका अनुसार हालसम्म १० लाख ८४ हजार १४१ रुपैयाँ भुक्तानी भइसकेको छ । बाँकी रहेका किसानलाई पनि भुक्तानीको काम भइरहेको छ । *रासस*

**बाँकी पृष्ठ १ बाट ...**

## प्रधानमन्त्री र ...

ऐनमा नै मन्त्रीहरूले पेश गर्ने सम्पत्ति विवरण गोप्य राखिने प्रावधान राखिएका कारण प्रधानमन्त्रीसहित मन्त्रीहरूले परदर्शितालाई लत्याउँदै आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्न छाडेका छन् । अख्तियार ऐनको दफा ३१ (क) मा भनिएको छ, 'यस दफाबमोजिम पेश हुन आएको सम्पत्ति विवरण गोप्य राखिनेछ ।' ऐनको छिद्र देखाएर पछिल्लो समय उच्चपदस्थ व्यक्तिको सम्पत्ति विवरण लुकाउन थालिएको हो ।

तर, ऐनअन्तर्गत अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बद्ध अधिकारीलाई उपलब्ध गराउन सकिने व्यवस्था छ । ऐनमा जेसुकै लेखिए पनि विगतमा प्रधानमन्त्री, मन्त्रीहरूले सार्वजनिक पदमा बस्दा सम्पत्ति विवरण सार्वजनिक गर्दै आएका थिए । सरकारले २० असार २०७५ मा प्रकाशित गरेको राजपत्रअनुसार प्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री र सहायकमन्त्रीले आफ्नो सम्पत्ति विवरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउनुपर्छ । यस्तो विवरण २ महीनाभित्र राष्ट्रिय सतर्कता केन्द्रमा पठाउनुपर्छ ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ मा जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका र प्रदेश सरकारको मन्त्रालयमा पेश भएका सम्पत्ति विवरणहरूको अभिलेख ती निकायले राखी सम्पत्ति विवरण बन्दी खामहरू ३० दिनभित्र प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नुपर्ने र त्यस्तो सम्पत्ति विवरण प्रदेश सरकारले संरक्षण एवं व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । ऐनमा सार्वजनिक पद धारण गरेको पदाधिकारी र कर्मचारीले बुझाउनुपर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा पठाउने र सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी तथा कर्मचारीको विवरण समयमै उपलब्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बद्ध निकाय प्रमुखको हुने व्यवस्था छ ।

प्रधानमन्त्री कार्यालय मातहतको राष्ट्रिय सतर्कता केन्द्रका अधिकारीहरूले समेत जरीवानाको डरले पनि प्रायः उच्च पदस्थले सम्पत्ति विवरण बुझाउने गरेको तर सावजनिक गर्न भने उनीहरूले अनिच्छा देखाउँदा नगर्ने गरिएको बताउँछन् ।

सतर्कता केन्द्रका प्रवक्ता नारायणप्रसाद भट्टले सार्वजनिक पदमा बसेकाहरूलाई त्यस्तो विवरण समयमै बुझाउन ताकेता गर्ने गरिएको बताए । ताकेतापछि प्रायःले बुझाउने गरेका छन । ऐनमा बाध्यात्मक व्यवस्था नभएकाले उनीहरूको इच्छामै त्यसलाई सार्वजनिक गरिँदैन ।

'प्रधानमन्त्री, मन्त्रीसहित सबै सार्वजनिक पदाधिकारीको सम्पत्ति विवरण ६० दिनभित्र बुझाउनुपर्छ, धेरैले बुझाउने पनि गरेका छन्, मन्त्रिपरिषद्बाट निर्णय भए सार्वजनिक गर्न सकिन्छ, होइन भने प्राय सार्वजनिक गरिँदैन,' उनले बताए । उनका अनुसार त्यस्तो विवरण पारदर्शिताका लागि सार्वजनिक हुनुपर्ने हो । तर, ऐनमै बाध्यतात्मक व्यवस्था नभएकाले गरिँदैन ।

गत असारको अन्त्यमा बनेको ओली नेतृत्वको सरकारका अधिकांश मन्त्रीको सम्पत्ति कति छ, सार्वजनिक गरिएको छैन । प्रधानमन्त्रीसहित धेरैजसो मन्त्रीले सम्पत्ति विवरण बुझाए पनि सार्वजनिक गर्न उनीहरूले अनिच्छा देखाएका कारण गुपचुप राख्नुपरेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले बतायो । 'बाध्यात्मक व्यवस्था छैन, विगतको परम्परा सार्वजनिक गर्ने नै हो । अहिले प्रधानमन्त्रीसहित मन्त्रीहरूको अनिच्छाका कारण सार्वजनिक नगरिएको हो,' प्रधानमन्त्री कार्यालयका एक उच्च अधिकारीले बताए । उनका अनुसार प्रधानमन्त्रीको निर्देशन भयो भने सार्वजनिक हुन सक्छ ।

२०८१ जेठ ४ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको मन्त्रिपरिषद्ले सबै मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गर्ने निर्णय नै गरेर पारदर्शिताको उदाहरण प्रस्तुत गरेको थियो । त्यतिबेला तत्कालीन मन्त्रिपरिषद्मा सहभागि प्रायः मन्त्रीले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गरेका थिए ।

दाहाल सरकारले मन्त्रीहरू सम्पत्ति विवरण सार्वजनिक गर्नुको मुख्य कारण त्यतिबेला भर्खरै उदाएको संसद्को चौथो शक्ति राष्ट्रिय स्वतन्त्र पार्टीको दबाब पनि एउटा कारण थियो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने पक्षमा उभिएपछि प्रधानमन्त्री प्रचण्ड सम्पत्ति विवरण सार्वजनिक गर्न तयार भएका थिए । रास्वपाबाट सरकारमा सहभागी ४ मन्त्रीले आफ्नो सम्पत्ति सार्वजनिक गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई औपचारिक पत्र नै पठाएका थिए । रास्वपा सभापतिसमेत रहेका तत्कालीन उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने, श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री तथा उपसभापति डोलप्रसाद अर्याल, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सुमना श्रेष्ठ र युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले पत्र पठाएका थिए । सम्पत्ति विवरण गुपचुप राख्नु नौलो भने होइन । दाहाल नेतृत्वको सरकारअघिका सरकारका प्रधानमन्त्री शेरबहादुर देउवा र त्यसअघि केपी शर्मा ओलीको पालामा पनि मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको थिएन ।

२०७४ को चुनावपछि बनेको ओली नेतृत्वको सरकारले भने मन्त्रिपरिषद्का मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गरेको थियो ।

तत्कालीन समयमा कतिपय मन्त्रीले विवरणमा उल्लेख गरेको सम्पत्तिबारे सार्वजनिक प्रश्न उठ्नुका साथै आलोचना समेत भएको थियो । त्यसपछि प्रधानमन्त्रीसहित अन्य मन्त्रीले सम्पत्ति सार्वजनिक गर्न छाडेका छन् । भ्रष्टाचारविरोधी संस्था ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालका पूर्वअध्यक्ष एवं नेपाल सरकारका पूर्वसचिव खेमराज रेग्मीले तत्कालीन प्रधानमन्त्री स्वर्गीय कृष्णप्रसाद भट्टराईको पालादेखि नै सार्वजनिक पदमा गइसकेपछि सम्पत्ति सार्वजनिक गर्ने प्रचलन रहँदै आएकोमा पछिल्ला सरकारहरूले त्यस्तो प्रचलन तोड्न लागेको बताए ।

उनका अनुसार पछिल्लो समय शासन सत्तामा बसेकाहरूमा पारदर्शिता, नैतिकता, जिम्मेवारी देखिँदैन । 'अख्तियार ऐनमा चलाखीपूर्ण ढंगले राखिएको बुझाइएको सम्पत्ति गुपचुप राख्न सकिने छिद्र प्रयोग अहिले गर्न थालिएको छ, त्यो गलत हो । पारदर्शिता, सुशासन भाषणमा गरेर हुँदैन, प्रधानमन्त्रीसहति मन्त्रीहरूको सम्पत्ति सार्वजनिक हुनुपर्छ,' उनले भने ।

## कसको प्रस्तावमा ...

यस्तो बेला टेक अर पे अर्थात् अनिवार्य किन्ने मोडालिटीमा पीपीए गर्दा प्राधिकरणले प्राधिकरणले विक्री गर्न नसक्ने तर विद्युत् उत्पादकलाई भुक्तानी गर्नुपर्ने हुँदा टेक अर पे प्राधिकरणको स्वार्थअनुकुल छैन ।

तर टेक अर पे नहुँदा जलविद्युत् प्रवर्द्धकले बैंकहरूबाट लगानी जुटाउन गाह्रो हुन्छ । बैंकहरू बजार सुनिश्चित भएपछि मात्र लगानी गर्न अघि सर्छन् । त्यही कारण यो प्रावधानले ठूलो संख्यामा जलविद्युत् परियोजना अलपत्र पर्ने दाबी गर्दै इप्पानले कुनै पनि हालतमा टेक एन्ड पे प्रावधान बजेटबाट हटाउनुपर्ने माग गरिरहेको छ । तर, आइतवार अर्थ मन्त्रालयमा ऊर्जा उद्यमीसँगको भेटमा मन्त्री पौडेलले बजेटको उक्त बुँदाले ऊर्जा उत्पादनमा अप्ठ्यारो नपर्ने जिकिर गरेको इप्पानको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

शुरूमा आफूलाई थाहा नै नभएको बताउने मन्त्रीले अहिले आएर उक्त बुँदाले ऊर्जा उत्पादनमा कुनै असर नपर्ने भन्नुले जानीजानी नै टेक एन्ड पे मोडलमा पीपीए गर्ने नीति घोषणा गरेको स्पष्ट हुने ऊर्जा उद्यमीको तर्क छ ।

यसैबीच प्राधिकरणले विद्युत् जडान सम्झौता भइसकेका ५१ जलविद्युत् आयोजनालाई पीपीएका लागि विवरण बुझाउन पत्राचार गरेको छ । तर, यी आयोजनाको पीपीए कसरी गर्ने भन्ने बारेमा प्राधिकरणसँग स्पष्ट जवाफ छैन । प्राधिकरणका कार्यकारी निर्देशक शाक्यले अहिल नै यी आयोजनाको पीपीए टेक एड पे वा टेक अर पेमा गर्ने भन्ने विषय यकिन नभएको जवाफ दिए । 'बजेटमा आएको टेक एन्ड पेको प्रावधान लागू भएमा यी आयोजनाको पीपीए पनि टेक एन्ड पे कै आधारमा हुन्छ,' शाक्यले भने । 'उक्त प्रावधान खारेज भएमा सोही अनुरूप कार्यान्वयन हुनेछ ।'

## कर्जा प्रवाहमा ...

न्यून ब्याजदरका कारण कर्जा प्रवाहमा सुधार हुँदै जाँदा आर्थिक गतिविधिमा सुधार आई बैंक तथा वित्तीय संस्थाको निष्क्रय कर्जा व्यवस्थापन सहज हुँदै जाने केन्द्रीय बैंकले विश्लेषण गरेको छ । २०८२ वैशाखमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर ८ दशमलव ११ प्रतिशत, विकास बैंकहरूको ९ दशमलव ५४ प्रतिशत र वित्त कम्पनीहरूको १० दशमलव ३१ प्रतिशत कायम भएको छ । २०८१ वैशाखमा वाणिज्य बैंकहरूको कर्जाको औसत ब्याजदर १० दशमलव ३४ प्रतिशत, विकास बैंकहरूको ११ दशमलव ८९ प्रतिशत र वित्त कम्पनीहरूको १३ दशमलव ११ प्रतिशत थियो ।

क्षेत्रगत रूपमा भने चालू आवको वैशाखसम्ममा सबैभन्दा धेरै वृद्धि निर्माण क्षेत्रको कर्जामा देखिएको छ । वैशाखसम्ममा १२ दशमलव ३ प्रतिशतले कर्जा बढ्दा २५ अर्ब ५४ करोड लगानी भएको छ । यस्तै बैंकहरूको सबैभन्दा बढी लगानी भएको क्षेत्र थोक तथा खुद्रा व्यवसायमा ४ दशमलव ९ प्रतिशतले बढ्दा ४९ अर्ब रुपैयाँ कर्जा प्रवाह भएको छ । सबैभन्दा बढी कर्जा भने उपभोग्य क्षेत्रमा प्रवाह भएको राष्ट्र बैंकले बताएको छ ।

# धवलागिरि, मालिका र अन्नपूर्ण गाउँपालिकामा सामी परियोजना विस्तार

म्याग्दी । म्याग्दीका थप तीनओटा स्थानीय तहमा सुरक्षित आप्रवासन परियोजना (सामी) कार्यान्वयन हुने भएको छ । वैदेशिक रोजगारलाई सुरक्षित र व्यवस्थित बनाउन स्वीस सरकारको आर्थिक सहयोगमा संघ, गण्डकी प्रदेश सरकार र जिल्ला समन्वय समिति म्याग्दीको समन्वयमा आर्थिक वर्ष २०७९/८० देखि बेनी नगरपालिका र मङ्ला गाउँपालिकामा परियोजना सञ्चालन भएको छ ।

आगामी आर्थिक वर्ष २०८२/८३ देखि धवलागिरि, मालिका र अन्नपूर्ण गाउँपालिकामा परियोजना सञ्चालन गर्न लागिएको आइतवार बेनीमा आयोजित कार्यक्रममा जानकारी गराइएको हो । परियोजनाका गण्डकी प्रदेश कार्यक्रम अधिकृत उमा पौडेलले परियोजना अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा सहायता कक्ष सञ्चालन गरेर राहादानी (भिसा) बनाउन आएका व्यक्तिलाई वैदेशिक रोजगारीमा जानुअघि, विदेशमा काम गर्दा र फर्कंदा आवश्यक पर्ने कानूनी ज्ञान र विधिबारे जानकारी गराउनुका साथै ठगी, उद्धार, राहत, विदेशबाट शव ल्याउन, क्षतिपूर्ति र बीमा सुविधाका लागि सहजीकरण गरिएको जानकारी दिइन् ।

चालू आर्थिक वर्ष २०८१/८२ को साउनदेखि जेठ तेस्रो हप्तासम्म ४ हजार ८१२ जनालाई परामर्श उपलब्ध गराइएको छ । रोजगारीका क्रममा विदेशमा अंगभंग वा बिरामी भएका ३४ जनाका आश्रितलाई १ करोड २ लाख ४० हजार र ६३ जना सन्तानको शिक्षाका लागि ८ लाख १२ हजार रुपैयाँ छात्रवृत्ति उपलब्ध गराएको छ ।

वैदेशिक रोजगारीमा गएका र समस्यामा फसेका वा उतै मृत्युवरण गरेका आप्रवासीका परिवारलाई कानूनी सहायता लिने विधिसम्बन्धी परामर्श दिने सहायता कक्षमा दुईजना कर्मचारी परिचालन गरिएको छ । वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रणका लागि आप्रवासीले बेहोर्नुपर्ने सास्ती, झन्झट र समस्या न्यूनीकरण गर्न आप्रवासी स्रोत केन्द्रबाट मनोसामाजिक परामर्श सेवा पनि दिन थालिएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले बताए । लक्षित वर्गले सही सूचना पाउनुका साथै श्रमिक तथा परिवारको आर्थिक सामाजिक सुदृढीकरण एवं शीप र उद्यमशीलतामा पहुँच बढाउन सामुदायिक सिकाइ केन्द्रका परिचालक परिचालन गर्ने तयारी गरेको बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले बताइन् । *रासस*


## आर.के.डी होल्डिंग्स लिमिटेड

दर्ता नं. १५१७२७/७२/०७३,पोखरा महानगरपालिका वडा नं. ०८ कास्की

### आठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०२/२३ गते)**
**(दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/२९ गते)**

**श्री आदरणीय शेयरधनी महानुभावहरु,**
यस कम्पनीको मिति २०८२/०२/१८ मा बसेको संचालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको आ. व. ०८०/८१ को आठौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्नलिखित प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्नको लागी बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**१) सभा हुने मिति, समय र स्थान**
मिति : **२०८२ साल असार १४ गते शनिवार ।**
समय : **बिहानको ९ बजे ।**
स्थान : **पोखरा महानगरपालिका-११, फूलबारी स्थित एस. आर. केसी ब्याङ्क्वेट, महाकलेश्वर मार्ग, सिटि. इ. भिटी (CTEVT) नजिकै ।**

**२) छलफलका विषयहरु:**
**क. सामान्य प्रस्तावः**
१. कम्पनीको अध्यक्षज्यूबाट प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रतिबेदनमाथि छलफल गरि पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिबेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सम्बन्धित अनुसुचिहरु सहितको वित्तिय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आगामी आ.व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावः**
१. कम्पनीको रजिष्टर्ड कार्यालय रहेको ठेगाना परिवर्तन गरी कम्पनीको प्रबन्धपत्रको दफा २ र नियमावलीको नियम २ को व्यवस्था संशोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको उद्देश्य थप तथा परिमार्जन गरी प्रबन्धपत्रको दफा ४ को व्यवस्था संशोधन गर्ने सम्बन्धमा ।
३. कम्पनीको पुँजी संरचना परिवर्तन गरी कम्पनीको प्रबन्धपत्रको दफा ६ को व्यवस्था संशोधन गर्ने सम्बन्धमा ।
४. जारी पुँजीको २१ प्रतिशत हुन आउने रकम प्रारम्भिक सार्वजनिक निष्काशन (Initial Public Offering) को निमित्त नियामक निकायसँग स्वीकृतिका लागि पेश गर्ने सम्बन्धमा र सो सम्बन्धी सम्पूर्ण कार्यहरुको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
५. कम्पनीको नियमावली को नियम २७ को व्यवस्था संशोधन गर्ने सम्बन्धमा ।
६. सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या परिवर्तन गरी कम्पनीको नियमावलीको नियम २८ को व्यवस्था संशोधन गर्ने सम्बन्धमा ।
७. सञ्चालकको पारिश्रमिक, बैठक भत्ता र अन्य सुविधा निर्धारण गर्ने सम्बन्धमा ।
८. रिक्त सञ्चालक समितिमा आवश्यक सञ्चालक पदपूर्ति गर्ने सम्बन्धमा ।
९. सञ्चालक समितिको बैठकको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।
१०.लगानी सम्बन्धमा ।
११.लाभांश वितरण गर्ने सम्बन्धमा ।
**ग. विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



## सिद्धार्थ केवलकार लिमिटेड

Siddhartha Cable Car Ltd.
रजिष्टर्ड कार्यालयः बुटवल-१, रुपन्देही
टेलीफोन नं.: ०७१-५३४६६३
Email: scablecar0011@gmail.com, Website: www.siddharthacablecar.com

### आपूर्तिको लागि गोप्य शिलबन्दी दरभाउपत्र आव्हान गरिएको ७ दिने सूचना

**(सूचना प्रकाशित मिति २०८२/०२/२९ गते)**

नुवाकोटगढी पर्यटन कम्पनी प्रा. लि. र ऋषी कालदेवल पर्यटन कम्पनी प्रा. लि. को Feasibility study र DPR (Detailed Project Report) बनाउन कन्सल्टिङ्ग फर्म नियुक्ति गर्ने साथै यस कम्पनीको काठमाण्डौं स्थित कार्यालयको लागि IT Hardware खरिद गर्ने सम्बन्धमा नेपालको प्रचलित कानून बमोजिम दर्ता हुनु पर्ने निकायमा दर्ता भई आन्तरिक राजश्व कार्यालयबाट नियमानुसार कर चुक्ता प्रमाणपत्र लिएका सो सम्बन्धी इजाजत प्राप्त निर्माण व्यवसायी/कम्पनी/फर्महरुबाट तपशीलका शर्तहरुको अधिनमा रही रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नं. | विवरण | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|
| १. | SCC/SQ-17/2081-82 | नुवाकोटगढी पर्यटन कम्पनी प्रा. लि. र ऋषी कालदेवल पर्यटन कम्पनी प्रा. लि. को Feasibility study र DPR बनाउन कन्सल्टिङ्ग फर्म नियुक्ति गर्ने सम्बन्धमा । | मितिः २०८२।०३।०४ गते समयः दिनको ४:०० बजे सम्म। | मितिः २०८२।०३।०४ गते समयः दिनको ४:३० बजे। |
| २. | SCC/SQ-18/2081-82 | सिद्धार्थ केवलकार लिमिटेड कम्पनीको काठमाण्डौ स्थित कार्यालयमा IT Hardware खरिद गर्ने कार्यको सम्बन्धमा। | | |

१. यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन दिनको ४:०० बजेभित्र यस कम्पनीको नाममा सम्बोधन गरी शिलबन्दी दरभाउपत्र नं, कामको विवरण, दरभाउपत्र दाताको नाम, ठेगाना, सम्पर्क नं. र ईमेल ठेगाना खाम बाहिर स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरी यस कम्पनीको कार्यालयमा दर्ता गराउनु पर्नेछ । ठेक्का नं SCC/SQ-17/2081-82 को हकमा शिलबन्दी दरभाउपत्र दाखिला गर्ने फर्म/कम्पनीले दरभाउपत्र पेश गर्दा Technical र Financial proposal छुट्टाछुट्टै खाममा शिलबन्दी गरी एउटै खाममा राखी पुनः शिलबन्दी गरी लाहाछाप लगाइ यस कम्पनीको कार्यालयमा दर्ता गराउनु पर्नेछ ।
२. दर्ता भएका शिलबन्दी दरभाउपत्र तोकिएको मिति र समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु र यस कम्पनीका प्रतिनिधिहरुको रोहवरमा यस कम्पनीको कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
३. शिलबन्दी दरभाउपत्र दाखिला गर्ने तथा खोलिने कार्यको अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदा पश्चात कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ ।
४. यो शिलबन्दी दरभाउपत्रमा सहभागी हुन आउने कम्पनीले लक्ष्मी सनराईज बैंक लिमिटेडको "सिद्धार्थ केवलकार लिमिटेड खाता नं ०२०११०००८९३" मा पछि फिर्ता नहुने गरी ठेक्का नं SCC/SQ-17/2081-82 को लागि रु. ३,०००/- (अक्षेरूपी तीन हजार मात्र) र ठेक्का नं SCC/SQ-18/2081-82 को लागि रु. १,०००/- (अक्षेरूपी एक हजार मात्र) जम्मा गरी सोको भौचर सहित शिलबन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ । शिलबन्दी दरभाउपत्र स्वीकृत भएमा यस कम्पनीको नियमानुसार रिफन्डेबल डिपोजिट राख्नु पर्नेछ ।
५. ठेक्काको शीर्षक, टेक्निकल विवरण तथा बोलपत्र फारम यस कम्पनीको का.म.न.पा.-३२ स्थित सम्पर्क कार्यालय ( ०१-५९२६०६१ र ०१-५९२६०६२) साथै देउरालीडाँडा, बुटवल-१ स्थित कार्यालयको प्रशासन शाखाबाट रु. ३००/- (अक्षेरूपी तीन सय मात्र) भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।
६. सूचना बमोजिम म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. कर फर्छ्यौट, दर्ता सम्बन्धी कागजात, अन्य आवश्यक प्रमाणपत्र लगायत सम्पूर्ण कानूनी कागजातहरु नेपाल सरकारको नियम अनुसार शिलबन्दी बोलपत्र भित्र संलग्न गर्नु पर्नेछ ।
८. कम्पनीको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृति गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ ।
९. सूचनामा उल्लेख नभएका बूँदाहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।
१०. देउरालीडाँडा, बुटवल-०१, रुपन्देही स्थित कम्पनीको रजिष्टर्ड कार्यालयमा शिलबन्दी दरभाउपत्र दाखिला गर्नु पर्नेछ ।



### अधिकृत वारेसनामा बदर गरिएको मिति २०८२/०२/२९ गतेको सूचना

रामेश्वरलाल सोनीको छोरी सुरेश शावुकी पत्नि साविक सुनसरी जिल्ला धरान न.पा. वडा नं. ३ भई हाल झापा जिल्ला भद्रपुर न.पा. वडा नं. ६ बस्ने वर्ष ५४ की सकुन्तला सोनी (ना.प्र.प. नं. ५५१२, जारी मिति २०४३/१०/२९, जि.प्र.का. सुनसरी) आगे मेरा नाउँमा दर्ता कायम रहेको आज अघि अरु कसैलाई कुनै व्यहोराको लिखत गरी नदिएको झापा जिल्ला दमक न.पा. वडा नं. ६ मा रहेको कित्ता नं. ९७९ को ०-१२-५ क्षेत्रफलको जग्गा पूरा/टुक्रा जो कोहि व्यक्तिलाई बेचविखन राजीनामा तथा अन्य जुनसुकै कानूनी प्रकृयाले हक हस्तान्तरण गर्नु परेमा उक्त कार्य गर्न म मेरो घरायसी कारणले सम्बन्धित मा.पो.का. मा उपस्थित हुन असमर्थ भएको हुँदा ऐनले अधिकृत वारिस दिन मिल्ने मेरा मानिस अग्निधर घिमिरेको नाति नन्द कुमार घिमिरेको छोरा झापा जिल्ला भद्रपुर न.पा. साविक वडा नं. ११ भई हाल परिवर्तित वडा नं. ८ बस्ने वर्ष ५६ को सुनिल घिमिरे (ना.प्र.प.नं. १८६०७३९५, जारी मिति २०४०/०३/०१, जि.प्र.का. झापा) लाई मिति २०७६/०७/०७ मा श्री झापा जिल्ला अदालतका माननिय न्यायाधिश ज्यूको रोहवरमा प्रमाणित गराई अधिकृत वारेस नियुक्त गरिएकोमा सो अधिकृत वारेसनामा यसै सूचनाद्वारा बदर गरिएको जानकारी गराईन्छ । अब उप्रान्त अधिकृत वारेसको हैशियतले कुनै कार्य नगर्नु नगराउनु होला ।

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) | | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बोनस | नगद | | |
| १ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, बालुवाटार, काठमाडौं | जेठ २९ | ११:०० | २.५ | ०.१३१५७९ | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २२ |
| २ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | असार २ | ११:०० | १२ | ०.६३ | वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २६ |
| ३ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | नेशनल लाइफ भवन, केन्द्रीय कार्यालय लाजिम्पाट, काठमाडौं | असार ५ | १०:३० | ५ | १० | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २२ |
| ४ | ओम मेगाश्री फर्मास्यूटिकल्स लिमिटेड | २०८०/८१ | भरतपुर नगरपालिका उद्योग परिसर, चितवन | असार ६ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २० |
| ५ | शिव श्री हाइड्रोपावर लिमिटेड | २०८०/८१ | अनुपम फुड ल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तीसपुतली, काठमाडौं | असार ८ | ११:०० | | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ ३० |
| ६ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | २०७९/८०, २०८०/८१ | अन्नपूर्ण पार्टी भेन्यू, मैतीदेवी सेतोपुल, काठमाडौं | असार ९ | १:०० | | | शतप्रतिशत हकप्रद शेयर जारी गर्ने, सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदनहरू पारित गर्ने | जेठ ८ |
| ७ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | २०८०/८१ | आम्रपाली ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | असार १० | १०:३० | | ८ | वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २८ |
| ८ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | असार १८ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | जेठ २५ |

## नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका जलविद्युत् समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | भुजुङ्ग हाइड्रोपावर लिमिटेड | १,४५५,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८० भदौ १३ |
| २ | याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड | २,८००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० असोज १० |
| ३ | माबिलुङ्ग इनर्जी लिमिटेड | १,८९०,५३० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० असोज १४ |
| ४ | सोलु हाइड्रोपावर लिमिटेड | २०,०००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० असोज २३ |
| ५ | टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड | ४,२३०,६६८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज २६ |
| ६ | रिज लाईन इनर्जी लिमिटेड | ५,८०४,२०१ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर २५ |
| ७ | कालिन्चोक हाइड्रोपावर लिमिटेड | ७५०,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८० माघ २२ |
| ८ | हिम रिभर पावर लिमिटेड | १,३३०,००० | १०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० माघ २८ |
| ९ | लोअर इर्खुवा हाइड्रोपावर कम्पनी लिमिटेड | २,८०५,७५० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० फागुन ११ |
| १० | बुंगल हाइड्रो लिमिटेड | २,९०५,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| ११ | कलंगा हाइड्रो लिमिटेड | ४,९००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १२ | सानीगाड हाइड्रो लिमिटेड | ८,५५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १३ | एपेक्स मकालु हाइड्रोपावर लिमिटेड | २,४००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत १८ |
| १४ | अपोलो हाइड्रोपावर लिमिटेड | १,४१०,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत २० |
| १५ | गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड | २,४००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० चैत २१ |
| १६ | शिखर पावर डेभलपमेन्ट लिमिटेड | २,१६०,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० चैत ३० |
| १७ | सिउरी न्यादी पावर लिमिटेड | ३०,३६०,७८४ | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ वैशाख १८ |
| १८ | सुपर खुदी हाइड्रोपावर लिमिटेड | ७,५९५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ वैशाख ३० |
| १९ | माउण्ट एभरेष्ट पावर डेभलपमेन्ट लिमिटेड | २,५८०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ ६ |
| २० | आशुतोष इनर्जी लिमिटेड | १,२००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| २१ | हिलटन हाइड्रो इनर्जी लिमिटेड | १,३७५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| २२ | स्नो रिभर्स लिमिटेड | १,६२५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| २३ | सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | १,३७९,३५० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार ४ |
| २४ | मादमे खोला हाइड्रोपावर लिमिटेड | ३,२५०,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ साउन १३ |
| २५ | निलगिरी खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ४,३२०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ साउन २२ |
| २६ | पिपुल्स इनर्जी लिमिटेड | ६,६००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २३ |
| २७ | चम्पावती हाइड्रोपावर लिमिटेड | १,६००,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ४ |
| २८ | हीम पर्वत हाइड्रोपावर लिमिटेड | ५,९१५,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ५ |
| २९ | सेन्चुरी इनर्जी लिमिटेड | ३००,००० | २७५.११ | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर १४ |
| ३० | ह्याविटयाट पावर कम्पनी लिमिटेड | १,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २१ |
| ३१ | नुम्बुर हिमालय हाइड्रोपावर लिमिटेड | ३,००६,२०२ | २१८ | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ पुस ७ |
| ३२ | युनाइटेड मेवा खोला हाइड्रोपावर लिमिटेड | १२,३००,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ पुस ११ |
| ३३ | आरती पावर कम्पनी लिमिटेड | ३,६००,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |
| ३४ | मेवा डेभलपर्स लिमिटेड | ११,२००,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ फागुन ९ |
| ३५ | म्याग्दी हाइड्रोपावर लिमिटेड | ४,७४५,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ चैत २७ |
| ३६ | अर्बिट इनर्जी लिमिटेड | ५,०००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ वैशाख २२ |

## वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ २८)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | एभरेष्ट बैंक लिमिटेड | ६४५.४२ | ७९० | ५११ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | ६१५ | ७९० | ५४९ |
| ३ | नबिल बैंक लिमिटेड | ४९०.३४ | ७०० | ४५० |
| ४ | नेपाल एसबिआई बैंक लिमिटेड | ३९७.८६ | ५४९ | २८२.३ |
| ५ | एनआईसी एशिया बैंक लिमिटेड | ३४७.७१ | ५७३ | ३३५.५ |
| ६ | सानिमा बैंक लिमिटेड | ३१७.३९ | ३८२ | २४० |
| ७ | सिद्धार्थ बैंक लिमिटेड | ३०२.५२ | ३८० | २३७ |
| ८ | कृषि विकास बैंक लिमिटेड | २८८.०९ | ४२८.४ | २५६ |
| ९ | नेपाल बैंक लिमिटेड | २४९.९७ | ३३७.५ | २०२ |
| १० | ग्लोबल आइएमई बैंक लिमिटेड | २४४.०८ | ३०२ | १७० |
| ११ | एनएमबि बैंक लिमिटेड | २४३.४८ | ३०० | १७९.३ |
| १२ | प्राइम कमर्सियल बैंक लिमिटेड | २४१.२३ | ३२९ | १९०.१ |
| १३ | हिमालयन बैंक लिमिटेड | २२०.४ | ३१२.१ | १७२.१ |
| १४ | माछापुच्छ्रे बैंक लिमिटेड | २१८.३२ | २९५ | १६४.२ |
| १५ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | २१७.०७ | ३०० | १४७.७ |
| १६ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. | २११.१५ | २९५ | १४९.२ |
| १७ | सिटिजन्स बैंक इन्टरनेसनल लि. | २०७.३२ | २९६ | १६०.१ |
| १८ | प्रभु बैंक लिमिटेड | २०७.०९ | २९७ | १३७ |
| १९ | कुमारी बैंक लिमिटेड | २०५.५४ | २७२.९ | १३३.२ |

## लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ २८)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५५७३.११ | ६७३५ | २२९०.१ |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ३२११.४ | ६६०० | १७७० |
| ३ | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २७४८.७ | ३४८६ | १५६० |
| ४ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | २२२०.२१ | ४१८१ | २०९२ |
| ५ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २१७९.१६ | २६४८.७ | १८६२.२ |
| ६ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २१५२.४९ | ४०२६.२ | १५८७.६ |
| ७ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २११९.९१ | ४२७१ | १३८७ |
| ८ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २०६४.६१ | ३२२३ | १९५६ |
| ९ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १९७७.५६ | २०७६ | १३२० |
| १० | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | १८६६.६१ | २९०७ | १६८१ |
| ११ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १७१९.०३ | २४२६.४ | १३२३ |
| १२ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १६६०.८६ | १९५८ | १४४५.१ |
| १३ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | १५८५.७१ | २५३० | १३०० |
| १४ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | १५७७.५१ | २६४१ | १५६५ |
| १५ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १५१५.७२ | २३२७ | १२८० |
| १६ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १४४२.९४ | २०१९ | १३३५.८ |
| १७ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १४०४.१७ | २२५० | १२००.१ |
| १८ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | १२९९.९ | १८६०.४ | १२८० |
| १९ | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १२९५.९४ | १९२० | १२७०.७ |
| २० | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १२९२.९४ | ३०४७ | ११५९ |
| २१ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १२३२.८७ | १७२७ | ११६१ |
| २२ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | १२२८.८५ | १८१५ | १११८.२ |
| २३ | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १२०४ | १८५१ | ११३०.२ |
| २४ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | ११७४.७६ | १७१६ | ९६३.५ |
| २५ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | १११४.७९ | १७३९ | १०५९.३ |
| २६ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०३६ | १४९१ | ९५१ |
| २७ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | १०२०.८६ | १४२८ | ९९३ |
| २८ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १००८.३९ | १३०६.८ | ८३२ |
| २९ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | ९९९.४८ | १२८५ | ९५०.६ |
| ३० | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९४८.५ | १४७०.८ | ८२६ |
| ३१ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३१.९३ | १४४७ | ८१७ |
| ३२ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८८२.५८ | ११५५ | ८१५ |
| ३३ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ८६०.५३ | १२५० | ७७५.१ |
| ३४ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ८५४.६२ | १३६३ | ८२०.२ |
| ३५ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३८.६७ | ११९० | ७७५ |
| ३६ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ८०८.१८ | ११७७ | ७७१ |
| ३७ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ८००.४८ | १०९९ | ७५९ |
| ३८ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ७९७.५९ | ११७४ | ७७० |
| ३९ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ७९५.९ | १२३२ | ७८३.३ |
| ४० | साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. | ७९५.५३ | ११०५ | ७८०.२ |
| ४१ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ७८२.५६ | ९८७ | ६६७.१ |
| ४२ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ७६३.०९ | १२७१ | ७३५ |
| ४३ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ७३९.७४ | १००४ | ६५० |
| ४४ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ७०७.८१ | ९८० | ६४८ |
| ४५ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७०६.८७ | १२१४.८ | ६८२.१ |
| ४६ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ६९२.०३ | ९१८ | ६४६.८ |
| ४७ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६७२.९४ | ९३०.२ | ६५० |
| ४८ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ६५९.१८ | ८९० | ६३९ |
| ४९ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६४३.३९ | ९८८ | ६०८.२ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६१६.३५ | ९०७ | ६०५ |

## विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ २८)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | २४४८.९३ | २८४२.३ | ४९३.१ |
| २ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १६७८.५ | २०६० | ५२१.४ |
| ३ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १२१३.५७ | २००१.४ | ४२०.२ |
| ४ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | १०२९.४६ | १६२२.७ | ३२२ |
| ५ | सिन्धु विकास बैंक लिमिटेड | ८४७.३२ | १४८२ | ३७६ |
| ६ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ५९०.६१ | ८४३.५ | ४८० |
| ७ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ५७३.३३ | ८३८.२ | ३७१ |
| ८ | कामना सेवा विकास बैंक लिमिटेड | ४५२.२८ | ५६४.८ | ३६३.२ |
| ९ | लुम्बिनी विकास बैंक लिमिटेड | ४४६.०१ | ५६० | ३६७ |
| १० | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४०७.९४ | ४९७ | ३०३.४ |
| ११ | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४०१.९२ | ६२५ | ३७३.२ |
| १२ | गरिमा विकास बैंक लिमिटेड | ३९३.८१ | ५३१.४ | ३५०.१ |
| १३ | महालक्ष्मी विकास बैंक लिमिटेड | ३९०.३१ | ४९८ | ३११.७ |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३६३.४४ | ४८२ | ३३६ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३२६.७ | ४४५ | २७९.१ |

## निर्जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ २८)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | १४४७१.२ | २२४९३.९ | १२९१७ |
| २ | नेपाल माइक्रो इन्स्योरेन्स क.लि. | १७७६.०५ | २७०३.३ | ३०२.३ |
| ३ | प्रभु इन्स्योरेन्स लिमिटेड | ८२०.३४ | १११३ | ७५६ |
| ४ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि. | ८०८.२ | १०७६ | ७६७ |
| ५ | एनएलजी इन्स्योरेन्स कम्पनी लि. | ७९१.३ | १३८२ | ७३२ |
| ६ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | ७७१.५१ | ११६२ | ७४९.७ |
| ७ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | ७३५.७५ | ११२० | ६७५ |
| ८ | नेको इन्सुरेन्स लिमिटेड | ६९२.२ | १०५० | ६८७ |
| ९ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | ६७३.१३ | ९२६ | ६५० |
| १० | हिमालयन एभरेष्ट इन्स्योरेन्स लि. | ५८०.७५ | ८१० | ५५५ |
| ११ | यूनाइटेड अजोड इन्स्योरेन्स लि. | ५७८.५८ | ८३७.३ | ५४५.२ |
| १२ | सानिमा जिआईसी इन्स्योरेन्स लि. | ५५९.७५ | ८१७.१ | ५१६ |
| १३ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | ५३१.१ | ७६० | ५०८ |

## होटल तथा पर्यटन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ २८)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कालिञ्चोक दर्शन लिमिटेड | ११११.७९ | १३८१ | ९७० |
| २ | तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | ९२६.८६ | १५३८ | ७४० |
| ३ | चन्द्रागिरि हिल्स लिमिटेड | ९१९.४३ | १३६० | ८३३ |
| ४ | ओरियण्टल होटल्स लिमिटेड | ८८१.०२ | १२०५ | ७४६ |
| ५ | सिटि होटल लिमिटेड | ८२४.८३ | ११६८.५ | ६७३.१ |
| ६ | सोल्टी होटल लिमिटेड | ५६१.०७ | ६३६.५ | ४१६.५ |

## लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ २८)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | सिईडिबि होल्डिङ्ग्स लिमिटेड | २६५३.०९ | २८२९ | ९७६.१ |
| २ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | २०५६.३७ | २१५९ | ६१६.५ |
| ३ | नागरिक लगानी कोष | १९०३.९२ | २७०० | १८८७ |
| ४ | हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड | १२३५.८६ | १८१६ | ८८५ |
| ५ | इमर्जिङ्ग नेपाल लिमिटेड | ११०५.३९ | १४५३.५ | ९५० |
| ६ | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड | ३११.१५ | ३६० | १५८.१ |
| ७ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २८०.९९ | ३६६.६ | १८८.१ |

## उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८२ जेठ २८)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४६९९८ | ५६८०५.८ | ४३०२२ |
| २ | बोटलर्स नेपाल (बालाजु) लिमिटेड | १५८९८.१ | २२५०० | १४९०० |
| ३ | बोटलर्स नेपाल (तराई) लिमिटेड | १२४५० | १८१०० | १२३०० |
| ४ | ओम मेगाश्री फर्मास्यूटिकल्स लि. | १५३७.७६ | २१६७.२ | २७० |
| ५ | हिमालयन डिष्टिलरी लिमिटेड | ११९९.०८ | १७४९ | ११३६ |
| ६ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ८३३.६९ | १०६० | ६९६.८ |
| ७ | शिवम् सिमेन्ट्स लिमिटेड | ५१५.७८ | ७७९.९ | ४७०.५ |
| ८ | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड | ४८८.५ | ६६८ | ४६० |
| ९ | सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड | ४४९.५६ | ६२४ | ४२५ |

"Access to All"

गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था

**केन्द्रीय कार्यालय:** काठमाण्डौ-२, लाजिम्पाट
**फोन :** ०१-४५४५४२४/२५/२६
**वेभसाइट:** www.garimabank.com.np

## गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

(**सूचना प्रकाशित मिति:** २०८२/०२/२९)

गरिमा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फाराममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) **दिनभित्र** कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ। विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकबोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ।

**तपसिल**

**गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेका गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण**

| क्र.सं. | शाखा कार्यालय | सम्पत्तिको विवरण | सम्पत्तिको प्रकार |
|---|---|---|---|
| १ | सिमरा शाखा | बारा जिल्ला मालपोत कार्यालय सिमरा, बारामा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको भवानीपुर जितपुर गा.वि.स. वडा नं.-३/क स्थित कि.नं. २५४८ को क्षेत्रफल ०-०-१० (बिघा) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | घर/जग्गा |
| २ | बाग्लुङ शाखा | बाग्लुङ जिल्ला मालपोत कार्यालय बाग्लुङमा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको कालिका गा.वि.स. वडा नं.-३, स्थित कित्ता नं. २८४८ को क्षेत्रफल ०-३-२-० (रोपनी) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | घर/जग्गा |
| ३ | बुटवल शाखा | रुपन्देही जिल्ला मालपोत कार्यालय बुटवल, रुपन्देहीमा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको आनन्दवन गा.वि.स. वडा नं. ७/क स्थित कि.नं. १९४०, १९१४ र ४६३ को क्षेत्रफल क्रमश: ०-१६-९-०, ०-०-१२-०, र ०-०-११-० (बिघा) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | जग्गा |
| ४ | बुटवल शाखा | रुपन्देही जिल्ला मालपोत कार्यालय बुटवल, रुपन्देहीमा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको आनन्दवन गा.वि.स. वडा नं. ७/क स्थित कि.नं. १९३८ को क्षेत्रफल ०-३-४-० (बिघा) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | जग्गा |
| ५ | बुटवल शाखा | रुपन्देही जिल्ला मालपोत कार्यालय बुटवल, रुपन्देहीमा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको आनन्दवन गा.वि.स. वडा नं. ७/ख स्थित कि.नं. ११८५, ११८६ र ११८९ को क्षेत्रफल क्रमश: १८२.०२, २५८.२१ र ३०४.७८ (ब.मि.) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | जग्गा |
| ६ | चन्द्रौटा शाखा | कपिलवस्तु जिल्ला मालपोत कार्यालय चन्द्रौटामा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको छो भगवानपुर गा.वि.स. वडा नं.-७/च स्थित कित्ता नं. ६६६ को क्षेत्रफल ०-१-९-० (विघा) भएको जग्गा/घर र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | घर/जग्गा |

**शर्त बन्देजहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति: २०८२/०३/१२) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा प्रधान कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ।
२. प्राप्त बोलपत्रहरु मिति २०८२/०३/१५ गते आइतबार दिनको ५:०० बजे विकास बैंकको केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा परेमा लगत्तै विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद, भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for payment cheque/manager cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ।
६. बोलपत्रमा आफुले कुन-कुन सम्पत्ति के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ। बोलपत्र पेश गर्दा फरक फरक सम्पत्तिका लागि फरक फरक बोलकबोल रकम उल्लेख गर्नु पर्नेछ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।
९. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानुन बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र स्थायी लेखा नम्बर प्रमाण पत्रको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ।
१०. बोलपत्र स्वीकृत भएको जानकारी पाएको पत्रको मितिले एक्काईस (२१) दिनभित्र धरौटी राखेको बाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ। तोकिएको अवधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ। बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरिनेछ र यस रकममा कुनै ब्याज दिइने छैन।
११. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो गर्दा कानुन बमोजिम लाग्ने नामसारी दै-दस्तुर लगायतका अन्य खर्चहरु आदि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयहरुबाट रु.१,००० तिरी प्राप्त गर्न सकिनेछ उक्त धरौटी रकम फिर्ता हुने छैन।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न, निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरु वा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ।

# ट्रेड टावरको आईपीओ असार १ गते बाँडफाँट हुने

काठमाडौं (अस)। ट्रेड टावर लिमिटेडले थप सर्वसाधारणमा जारी गरेको आईपीओ असार १ गते आइतवार बाँडफाँट हुने भएको छ। बिक्री प्रबन्धक लक्ष्मी सनराइज क्यापिटल लिमिटेडले असार १ गते बाँडफाँटको मिति तय भएपनि स्थान र समय भने तय हुन बाँकी रहेको जानकारी दिएको हो।

कम्पनीले थप सर्वसाधारणका लागि जेठ १४ गतेदेखि २० गतेसम्म ३२ लाख ९६ हजार ५०५ दशमलव १९ कित्ता आईपीओ निष्कासन गरेको थियो। थप सर्वसाधारणले कम्पनीको आईपीओ खरीदका लागि मागभन्दा करीब ८ गुणा बढी आवेदन पेश गरेका छन्। मागभन्दा बढी आवेदन परेकाले कम्पनीको आईपीओ गोलाप्रथाको माध्यमबाट बाँडफाँट हुनेछ।

ट्रेड टावरले जारी पूँजी ८१ करोड ५६ लाख ९ हजार ७०० रुपैयाँको ४८ दशमलव ६९६ प्रतिशतले हुने ३९ करोड ७१ लाख ६९ हजार ३०० रुपैयाँ बराबरको ३९ लाख ७१ हजार ६९३ कित्ता आईपीओ निष्कासनका लागि नेपाल धितोपत्र बोर्डबाट अनुमति पाएको थियो। जसमध्ये १० प्रतिशतले हुने ३ लाख ९७ हजार १६९ दशमलव ३० कित्ता वैदेशिक रोजगारीमा रहेका नेपालीमा, ५ प्रतिशतले हुन आउने १ लाख ९८ हजार ५८४ दशमलव ६५ कित्ता सामूहिक लगानी कोषका लागि र २ प्रतिशतले हुन आउने ७९ हजार ४३३ दशमलव ८६ कित्ता कम्पनीका कर्मचारीका लागि समेत बाँडफाँट गरिएको छ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

**केन्द्रीय कार्यालय:**
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## संस्थापक सेयर खरिद गर्न चाहनुहुने संस्थापक सेयरधनी महानुभावहरूलाई जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति:** २०८२/०२/२९

यस कामना सेवा विकास बैंक लिमिटेडको विभिन्न संस्थापक सेयरधनीहरुद्वारा ९,७०२/- कित्ता संस्थापक सेयर बिक्री गर्न इच्छा राखी निवेदन दिनु भएकोले नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको एकीकृत निर्देशनको इ.प्रा.नं. १०/०८१ को बुदाँ नं. १५ (ख) मा भएको व्यवस्था बमोजिम पहिलो प्राथमिकता अनुरुप उक्त संस्थापक सेयर खरिद गरी लिन इच्छुक यस बैंकका साविक संस्थापक सेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, यो सूचना प्रकाशित भएको **मितिले ३५(पैँतिस) दिन** भित्र विद्यमान संस्थापक सेयरधनीहरुबाट सेयर खरिदका लागि निवेदन प्राप्त नभएमा नेपाल राष्ट्र बैंकबाट जारी एकिकृत निर्देशनको अधिनमा रहि प्रचलित कानून बमोजिम बाह्य खरिदकर्तालाई संस्थापक सेयर बिक्रीका लागि प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

***नोट :*** यो सूचना प्रकाशित भएको मितिले ३५ (पैँतिस) दिनभित्र आवश्यक कागज प्रमाण संलग्न गरी यस बैंकको केन्द्रीय कार्यालय ज्ञानेश्वर, काठमाडौंमा के कति सेयर खरिद गरी लिनु हुने हो सो को व्यहोरा खुलाई निवेदन दिनु हुन सूचित गरिन्छ।

# बुधवार बजारसँगै घट्यो कारोबार रकम

**अभियान संवाददाता**

काठमाडौं

अघिल्ला दुई दिन निरन्तर बढेको नेप्से परिसूचक बुधवार भने १३ दशमलव ६९ अंकले घटेर बन्द भएको छ।

२ हजार ६७७ दशमलव ५३ विन्दुदेखि खुलेको बजार २ हजार ६८६ दशमलव ४५ विन्दुसम्म पुगेको थियो भने २ हजार ६६० दशमलव ८६ विन्दुसम्म झरेको थियो। अन्तिममा बजार २ हजार ६६४ दशमलव ४७ विन्दुमा बन्द भएको हो।

बुधवारको कारोबारमा ७७ कम्पनीको धितोपत्र मूल्य बढेका छ भने १७० कम्पनीको धितोपत्र मूल्य घटेको छ। यो दिन गणपति लघुवित्तको शेयरमूल्य भने स्थिर बनेको छ।

पियोर इनर्जीले बुधवार पनि उच्च मूल्य वृद्धिलाई निरन्तरता दिएको छ। ९ दशमलव ९९ प्रतिशत अर्थात् प्रतिकित्ता ६८ रुपैयाँ १० पैसाले बढेर पियोर इनर्जीको शेयर मूल्य प्रतिकित्ता ७४९ रुपैयाँ ८० पैसा कायम भएको छ। त्यस्तै, यो दिन सिनर्जी पावरको शेयर मूल्य ९ दशमलव ९९ प्रतिशत र बुटवल पावरको शेयर मूल्य ९ दशमलव ९३ प्रतिशत बढेको छ।

सप्तकोशी डेभलपमेन्ट बैंकको शेयर मूल्य भने यो दिन सर्वाधिक ४ दशमलव ८३ प्रतिशत घटेको छ। प्रतिकित्ता ५२ रुपैयाँ २० पैसाले घटेर सप्तकोशी डेभलपमेन्ट बैंकको शेयर मूल्य प्रतिकित्ता १ हजार २९ रुपैयाँ ४६ पैसा कायम भएको छ।

बजारसँगै यस दिन कारोबार रकम समेत कम भएको छ। अघिल्लो दिन १० अर्ब १६ करोड रुपैयाँभन्दा बढीको २ करोड ३६ लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएकोमा बुधवार ९ अर्ब ९० करोड रुपैयाँभन्दा बढीको २ करोड २० लाखभन्दा बढी कित्ता धितोपत्र कारोबार भएको हो।

राधी विद्युत्को यस दिन पनि सर्वाधिक रकमको शेयर कारोबार भएको छ। राधी विद्युत्को ६१ करोड ५७ लाख रुपैयाँभन्दा बढीको शेयर कारोबार भएको हो।

यस दिन जलविद्युत् समूह बाहेकका सबै परिसूचक घटेका छन्। जलविद्युत् समूहको परिसूचक भने यो दिन १ दशमलव १३ प्रतिशत बढेको हो।

**बजार पूँजीकरण घट्यो**

बुधवार बजार पूँजीकरण रू. २२ अर्ब ८१ करोडले घट्दै रू. ४४ खर्ब ३८ अर्ब १७ करोड कायम भएको छ। अघिल्लो कारोबार दिन बजार पूँजीकरण रू. ४४ खर्ब ६० अर्ब ९८ करोड थियो।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा बुधवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ। कुल कारोबारमध्ये ६३ दशमलव ५३ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ६ अर्ब २९ करोड ४० लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै, सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा बैंकिङ्ग समूह रहेको छ। उक्त समूहको रू. ६६ करोड ४० लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

बुधवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ। उक्त ब्रोकरबाट रू. १ अर्ब ८ करोड ९५ लाख बराबरको धितोपत्र किनबेच भएको हो। कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ६१ करोड ३ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ४७ करोड ९२ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ। यस्तै, दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ। जसबाट बुधवारको बजारमा रू. ७५ करोड ६७ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र: धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | घटेका धितोपत्र: धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|---|---|---|
| पियोर इनर्जी लिमिटेड | ७४९.८० | ९.९९ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | १,०२९.४६ | -४.८३ |
| सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ४२८.६० | ९.९९ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १,७१९.०३ | -३.९४ |
| बुटवल पावर कम्पनी लिमिटेड | ७६१.६२ | ९.९३ | बोटलर्स नेपाल (बालाजु) लिमिटेड | १५,८९८.१० | -३.८९ |
| रिभर फल्स पावर लिमिटेड | ६६६.१६ | ७.६४ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १,२१३.५७ | -३.६५ |
| गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २,७४८.७० | ७.१४ | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लि. | ४७७.६२ | -३.६४ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ६२९.४० | ६३.५३ |
| २ | बैंकिङ्ग | ६६.४० | ६.७० |
| ३ | लगानी | ६०.९६ | ६.१५ |
| ४ | विकास बैंक | ४९.१७ | ४.९६ |
| ५ | वित्त | २६.५१ | २.६८ |
| ६ | संस्थापक शेयर | २६.३९ | २.६६ |
| ७ | उत्पादन तथा प्रशोधन | २४.८९ | २.५१ |
| ८ | अन्य | २४.८८ | २.५१ |
| ९ | होटल तथा पर्यटन | २३.८९ | २.४१ |
| १० | लघुवित्त | २०.६५ | २.०८ |
| ११ | निर्जीवन बीमा | १८.३१ | १.८५ |
| १२ | जीवन बीमा | १७.१९ | १.७४ |
| १३ | व्यापार | १.३४ | ०.१४ |
| १४ | म्युचुअल फण्ड | ०.५६ | ०.०६ |
| १५ | ऋणपत्र | ०.१० | ०.०१ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) |
|---|---|
| राधी विद्युत् कम्पनी लिमिटेड | ६१.५७ |
| सानिमा माई हाइड्रोपावर लिमिटेड | ५९.२७ |
| बुटवल पावर कम्पनी लिमिटेड | ५८.४८ |
| यूनिभर्सल पावर कम्पनी लिमिटेड | ४७.८५ |
| चिलिमे जलविद्युत् कम्पनी लिमिटेड | ४७.५२ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ३,६३२.९० | १.१३ |
| २ | म्युचुअल फण्ड | १९.२३ | -०.०२ |
| ३ | लघुवित्त | ४,७०३.७१ | -०.४१ |
| ४ | बैंकिङ्ग | १,३६१.६४ | -०.५१ |
| ५ | उत्पादन तथा प्रशोधन | ७,११४.०९ | -०.६१ |
| ६ | निर्जीवन बीमा | १२,२०९.८२ | -०.७१ |
| ७ | विकास बैंक | ५,४६९.१२ | -०.७८ |
| ८ | जीवन बीमा | १२,९१२.९७ | -०.८४ |
| ९ | व्यापार | ४,२३२.०१ | -०.९२ |
| १० | लगानी | ११२.६२ | -१.०७ |
| ११ | होटल तथा पर्यटन | ६,७४२.४८ | -१.०८ |
| १२ | वित्त | २,४३३.१० | -१.३१ |
| १३ | अन्य | २,३३५.०४ | -१.५७ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ४७.९२ | ६१.०३ | १०८.९५ |
| ४५ | ३७.१७ | ३८.५० | ७५.६७ |
| ३४ | ३६.९४ | ३६.६० | ७३.५५ |
| १७ | ३२.५३ | ३६.८८ | ६९.४२ |
| ४२ | ३३.२५ | ३२.०६ | ६५.३१ |

# सान्भि इनर्जीको पहिलो कारोबारका लागि कति होला मूल्य रेञ्ज ?

काठमाडौं (अस)। पछिल्लो समय सान्भि इनर्जी लिमिटेडले सर्वसाधारणका लागि आईपीओ बाँडफाँट गरेको छ।

कम्पनीले जेठ २६ गते सर्वसाधारणमा आईपीओ बाँडफाँट गरेको हो। अब कम्पनी धितोपत्र दोस्रो बजारमा सूचीकृत हुनेछ। कम्पनीले सर्वसाधारणका लागि जारी गरेको आईपीओसँगै संस्थापक तर्फको शेयर समेत दोस्रो बजारमा सूचीकृत गराउनेछ। यस कम्पनीमा संस्थापक तर्फ ५० लाख १० हजार कित्ता, आयोजना प्रभावित स्थानीयतर्फ ८ लाख ८० हजार कित्ता र कर्मचारी समेत थप सर्वसाधारणमा २९ लाख १० हजार गरी कुल ८८ लाख कित्ता शेयर कायम छ। कुल कित्ता शेयरमध्ये संस्थापक, आयोजना प्रभावित स्थानीय र कर्मचारीतर्फको शेयर तीन वर्षका लागि र सामूहिक लगानी कोषतर्फको शेयर भने ६ महीनासम्म कारोबार गर्न मिल्ने छैन। सर्वसाधारणमा बाँडफाँट भएको मितिदेखि उल्लिखित शीर्षकका शेयर तोकिएको अवधिसम्म लक-इनमा रहनेछन्।

प्रतिकित्ता १०० रुपैयाँमा निष्कासन भएको कम्पनीको पहिलो शेयर कारोबार मूल्य वास्तविक प्रतिशेयर नेटवर्थको आधारमा बजार सञ्चालकले निर्धारण गर्नेछ। बजार सञ्चालक नेपाल स्टक एक्सचेन्ज (नेप्से) ले आईपीओ जारी गरेका कम्पनीको शेयरको पहिलो कारोबारका लागि वास्तविक प्रतिशेयर नेटवर्थदेखि त्यसको तीन गुणासम्मको मूल्य रेञ्ज पहिलो कारोबारका लागि तोक्नेछ।

कम्पनीको वास्तविक प्रतिशेयर नेटवर्थ १२० रुपैयाँ ७४ पैसा रहेको छ। यस आधारमा दोस्रो बजारमा सूचीकृतपछि कम्पनीको पहिलो कारोबार मूल्य न्यूनतम प्रतिकित्ता १२० रुपैयाँ ७४ पैसादेखि अधिकतम ३६२ रुपैयाँ २२ पैसासम्मको मूल्य रेञ्ज नेप्सेले तोक्नेछ।

## कर्मचारी आवश्यकता

(प्रथम पटक प्रकाशित मिति : २०८२/०२/२९)

गैंडाकोट नगरपालिका वडा नं.२, कालिगण्डकी चोक, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा केन्द्रीय कार्यालय रहेको इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजत प्राप्त वित्तीय संस्था हो। यस वित्तीय संस्थाले स्थापना भएको छोटो समयमै नेपालका ५१ जिल्लामा ९६ वटा शाखा कार्यालयहरु मार्फत लघुवित्त सेवा प्रदान गर्दै आइरहेको छ। केन्द्रीय कार्यालयका लागि मेहनती, इमान्दार, अनुशासित र अनुभवी कर्मचारीहरुको आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट तपसिल बमोजिमका पदहरुको लागि सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी दरखास्त आह्वान गरिन्छ।

**विज्ञापन नं.**: १०/८१/८२ **पद** : नायव प्रमुख कार्यकारी अधिकृत **श्रेणी** : व्यवस्थापकिय **संख्या**: १ (एक)

**न्यूनतम शैक्षिक योग्यता** : नायव प्रमुख कार्यकारी अधिकृतको लागि कुनै पनि विषयमा स्नाकोत्तर तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा व्यवस्थापकिय स्तरमा कम्तिमा ५ वर्षको अनुभव वा स्नातक तह उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा व्यवस्थापकिय स्तरमा कम्तीमा ७ वर्ष काम गरेको हुनुपर्नेछ।

**उमेरको हद** : व्यवस्थापकिय श्रेणीको लागि ३० वर्ष पुरा भई ५५ वर्ष (दरखास्त दिने अन्तिम मिति) ननाघेको हुनुपर्नेछ। (महिलाको हकमा उमेरको हदमा पाँच वर्ष थप हुनेछ)

**कामको प्रकृति** : वित्तीय संस्थाको समग्र व्यवसाय विस्तार, प्रशासनिक कार्य, संस्थागत सुशासन कर्मचारी व्यवस्थापन नीति निर्माण र त्यसको कार्यन्वयन गर्ने गराउने हुनेछ। वित्तीय संस्थाको नियमानुसार परीक्षणकाल सहितको स्थायी नियुक्ति दिइनेछ।

**परिक्षाको किसिम** : नायव प्रमुख कार्यकारीको व्यवसायिक प्रस्तुतीकरण र मौखिक अर्न्तवार्ता परीक्षा हुनेछ।

**परीक्षा दस्तुर** : व्यवस्थापकिय श्रेणीको लागि रु.१,०००/- उक्त रकम इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि. (Infinity Laghubitta Bittiya Sanstha Ltd.) को नाममा रहेको ग्लोबल आइएमइ बैक लि. (Global IME Bank Ltd.) गैडाकोटको खाता नं. १४७०१०१०००००१०९, अथवा संस्थाको Esewa ID 9863048882 वा EsewaQR मार्फत रकम जम्मा गरी भौचरमा नाम लेखी अपलोड गर्नु पर्नेछ, साथै अर्न्तवार्तामा सहभागी हुदाँ उक्त भौचर सहित उपस्थित हुन पर्नेछ।

**तलव, भत्ता तथा अन्य सुविधाहरु** : वित्तीय संस्थाको नियमानुसार हुनेछ।

**आवेदन पठाउने ठेगाना** : यस वित्तीय संस्थाको वेभसाइड www.infinitylbsl.com.np मा Career भित्र गई Online Application बाट दरखास्त दिन सकिनेछ। दरखास्त आवेदन सगै आफ्नो बायोडाटा, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यता, तालिम तथा अनुभवका प्रमाणपत्रहरु सम्लग्न गरी आवेदन पठाउन सकिनेछ। रितपुर्वक तोकिएको समयभित्र प्राप्त सबै आवेदन उपर छानबिन गरी छोटो सूचीमा परेका उमेदवारहरुलाई मात्र अन्तर्वार्ताको लागि सम्पर्क गरिनेछ। अन्य जानकारी संस्थाको वेभसाइट www.infinitylbsl.com.np बाट प्राप्त गर्न सकिनेछ।

**पदपूर्ति समिति**

**इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि.**
**Infinity Laghubitta Bittiya Sanstha Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त संस्था)
केन्द्रीय कार्यालय गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) फोनः ०७८-५०३३०१, ५०३१४४
इमेलः info@infinitylbsl.com.np, Website: www.infinitylbsl.com.np

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**
केन्द्रीय कार्यालय: ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति** : २०८२/०२/२९

तपसिलमा उल्लिखित तपाईँ ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अर्न्तगत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाईँ तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला। साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ। अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति (घर/जग्गा/सवारीसाधन) जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ। कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईँहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईँहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ। साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

| ऋणीको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|
| १. **इन्द्रा गुरुङ्ग**<br>**ना.प्र.नं.** : ३७१०२३/४६१८०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>पतिः सुरज गुरुङ्ग<br>ससुरा : दान बहादुर गुरुङ्ग<br>ठेगाना : रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं.०३, हाल सिद्धार्थनगर न.पा वडा नं.०६<br>**शाखा कार्यालय : भैरहवा**<br>**कर्जा शीर्षक : लघुवित्त कर्जा** | **सुरज गुरुङ्ग**<br>**ना.प्र.नं.** : १७१११<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबुः दान बहादुर गुरुङ्ग<br>बाजे : राम बहादुर गुरुङ्ग<br>ठेगानाः रुपन्देही जिल्ला सिद्धार्थनगर न.पा वडा नं.०३, हाल सिद्धार्थनगर न.पा वडा नं.०६ |
| २. **मौसमी कार्की**<br>**ना.प्र.नं.** : ३७१०१९/४६९६४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>पतिः जोगीन्द्र यादव<br>ससुराः जगन्नाथ यादव<br>ठेगाना : रुपन्देही जिल्ला चिल्हीया गा.वि.स वडा नं.०६, हाल सिद्धार्थनगर न.पा वडा नं.०८<br>**शाखा कार्यालय : भैरहवा**<br>**कर्जा शीर्षक : लघुवित्त कर्जा** | **जोगीन्द्र यादव**<br>**ना.प्र.नं.** : ३७१०६९/१२२६९<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबुः जगन्नाथ यादव<br>बाजे : चन्द्र अहिर<br>ठेगाना : रुपन्देही जिल्ला गोनहा गा.वि.स वडा नं.०५, हाल सिद्धार्थनगर न.पा वडा नं.०८ |
| ३. **श्रीमाया गुरुङ्ग**<br>**ना.प्र.नं.** : ४३३०३७/८५१<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, तनहुँ<br>पतिः कृष्ण गुरुङ्ग<br>ससुरा : कर्ण बहादुर गुरुङ्ग<br>ठेगाना : तनहुँ जिल्ला दुलेगौडा गा.वि.स वडा नं.०२, हाल कास्की जिल्ला लेखनाथ न.पा वडा नं.१३<br>**शाखा कार्यालय : अमरसिंह**<br>**कर्जा शीर्षक : विपन्न वर्ग सामुहिक कर्जा** | |
| ४. **यमुना गुरुङ्ग**<br>**ना.प्र.नं.** : ५२५६७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पतिः गणेश गुरुङ<br>ससुरा : आईतबहादुर गुरुङ<br>ठेगाना : कास्की जिल्ला शिसुवा गा.वि.स वडा नं.०६, हाल लेखनाथ वडा नं.०४<br>**शाखा कार्यालय : अमरसिंह**<br>**कर्जा शीर्षक : विपन्न वर्ग सामुहिक कर्जा** | **गिता देवी गुरुङ्ग**<br>**ना.प्र.नं.** : ३८४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पतिः मैते गुरुङ्ग<br>ससुरा : धन बहादुर गुरुङ्ग<br>ठेगाना : कास्की जिल्ला शिसुवा गाँउ पञ्चायत वडा नं.०६ |
| ५. **सुमित्रा पुन मगर**<br>**ना.प्र.नं.** : ४६१००१/१२१७६<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, कास्की<br>पतिः विनोद पुन मगर<br>ससुरा : सन्त बहादुर पुन मगर<br>ठेगाना : कास्की जिल्ला पोखरा उ.म.न.पा.वडा नं.०७<br>**शाखा कार्यालय : अमरसिंह**<br>**कर्जा शीर्षक : लघु कर्जा** | **विनोद पुन मगर**<br>**ना.प्र.नं.** : ४६३००१/२५५६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>बाबुः सन्त बहादुर पुन मगर<br>बाजे : मति विर पुन मगर<br>ठेगाना : कास्की जिल्ला पोखरा उ.म.न.पा.वडा नं.०७ |
| ६. **शोभा चन्द (सिंह ठकुरी)**<br>**ना.प्र.नं.** : १०६६७७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पतिः दिपेन्द्र प्रताप चन्द्र<br>ससुरा : नरेन्द्र प्रताप चन्द्र<br>ठेगाना : कास्की जिल्ला पोखरा उ.म.न.पा.वडा नं.१०<br>**शाखा कार्यालय : अमरसिंह**<br>**कर्जा शीर्षक : लघुवित्त कर्जा** | **प्रमीला सिहं**<br>**ना.प्र.नं.** : १७९६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पतिः दान बहादुर सिहं<br>ससुरा : गंगा बहादुर (सिंह ठकुरी)<br>ठेगाना : रुपन्देही जिल्ला पडसरी गाँउ पञ्चायत वडा नं.०९, हाल कास्की जिल्ला पोखरा उ.म.न.पा.वडा नं.१० |
| ७. **पैमा देबी गुरुङ्ग**<br>**ना.प्र.नं.** : १०५२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पतिः नगेन्द्र प्रसाद गुरुङ्ग<br>ससुरा : लेख बहादुर गुरुङ्ग<br>ठेगानाः कास्की जिल्ला रुपाकोट गाँउ पञ्चायत वडा नं.०३, हाल रुपाकोट गाँउपालिका/उप/महा नगरपालिका वडा नं.०६<br>**शाखा कार्यालय : अमरसिंह**<br>**कर्जा शीर्षक : लघु कर्जा** | **सुजन गुरुङ**<br>**ना.प्र.नं.** : ४६-०२-७५-०२४१३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>बाबु : नगेन्द्र प्रसाद गुरुङ्ग<br>बाजे : लर्ख बहादुर गुरुङ्ग<br>ठेगाना : कास्की जिल्ला रुपा गा.पा वडा नं.०६, |
| ८. **ललिता पौडेल क्षेत्री**<br>**ना.प्र.नं.** : ३४३०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पतिः टेक बहादुर पौडेल क्षेत्री<br>ससुरा : टिका बहादुर पौडेल<br>ठेगाना : कास्की जिल्ला पोखरा उ.म.न.पा.वडा नं.०९<br>**शाखा कार्यालय : अमरसिंह**<br>**कर्जा शीर्षक : लघुवित्त कर्जा** | **सुदिप नेपाली**<br>**ना.प्र.नं.** : ४६-०१-७६-०३०४३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>बाबुः प्रेम बहादुर नेपाली<br>बाजे : कल बहादुर नेपाली<br>ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा.वडा नं.२४ |
| ९. **ईन्द्र कुमारी गुरुङ**<br>**ना.प्र.नं.** : ५७१८६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पतिः राज कुमार गुरुङ<br>ससुरा : रामु गुरुङ<br>ठेगाना : कास्की जिल्ला धम्पुस गा.वि.स.वडा नं.०८, हाल पोखरा उ.म.न.पा.वडा नं.१०<br>**शाखा कार्यालय : अमरसिंह**<br>**कर्जा शीर्षक : लघुवित्त कर्जा** | **यास्मिन गुरुङ**<br>**ना.प्र.नं.** : ४६-०१-७५-०२८५०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>बाबुः चोप बहादुर गुरुङ<br>बाजे : डिल बहादुर गुरुङ<br>ठेगाना : स्याङ्जा जिल्ला मल्याङकोट गा.वि.स.वडा नं.०४, हाल कास्की जिल्ला पोखरा उ.म.न.पा.वडा नं.१० |
| १०. **गिरीमाया गुरुङ्ग**<br>**ना.प्र.नं.** : ८०१११<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>पतिः टेकलाल गुरुङ<br>ससुरा : चन्द्र सिंह गुरुङ्ग<br>ठेगाना : कास्की जिल्ला रुपाकोट गा.वि.स वडा नं.०३, हाल पोखरा उ.म.न.पा.वडा नं.३०<br>**शाखा कार्यालय : अमरसिंह**<br>**कर्जा शीर्षक : लघु कर्जा** | **टेकलाल गुरुङ**<br>**ना.प्र.नं.** : ४६-०१-७३-००७०६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, कास्की<br>बाबुः चन्द्र सिंह गुरुङ्ग<br>बाजे : सुरविर गुरुङ्ग<br>ठेगाना : कास्की जिल्ला रुपाकोट गा.वि.स वडा नं.०३, हाल पोखरा उ.म.न.पा.वडा नं.३० |
| ११. **लक्षिन कुमारी गुरुङ्ग**<br>**ना.प्र.नं.** : १०९७४३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, स्याङ्जा<br>पतिः चोप बहादुर गुरुङ्ग<br>ससुरा : डिल बहादुर गुरुङ्ग<br>ठेगानाः स्याङजा जिल्ला मल्याङकोट गा.वि.स वडा नं.०४, हाल कास्की जिल्ला पोखरा उ.म.न.पा.वडा नं.१०<br>**शाखा कार्यालय : अमरसिंह**<br>**कर्जा शीर्षक : लघुवित्त कर्जा** | **चोप बहादुर गुरुङ्ग**<br>**ना.प्र.नं.** : ६१७३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, स्याङ्जा<br>बाबुः डिल बहादुर गुरुङ्ग<br>बाजे : केश बहादुर गुरुङ्ग<br>ठेगाना : स्याङजा जिल्ला मल्याङकोट गा.वि.स वडा नं.०४, हाल कास्की जिल्ला पोखरा उ.म.न.पा.वडा नं.१० |
| १२. **ऋषिकेश रेडिमेड एण्ड कस्मेटीक सप**<br>**प्रा.फ.नं.**: ६२६/१२२१७/०७५-७६<br>ठेगाना : नवलपरासी जिल्ला, प्रतापपुर गा.पा.वडा नं. ०९<br>दर्ता गर्ने कार्यालयः घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासी(ब.सु.प)<br>स्थायी लेखा नं.: ६०९०३८१९८<br><br>**प्रोप्राईटर/धनजमानीकर्ता : सुनिल कुमार कुर्मी**<br>**ना.प्र.नं.**: ३६३०४७/६४१<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : श्याम विहारी कुर्मी<br>बाजे : हरगुन कुर्मी<br>ठेगानाः नवलपरासी जिल्ला, प्रतापपुर गा.वि.स.वडा नं ०९, हाल प्रतापपुर गा.पा.वडा नं. ०९<br>**शाखा कार्यालय : बर्दघाट**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा (आवधिक तथा अधिविकर्ष)।**<br><br>**धनजमानीकर्ताहरुको विवरण**<br>**सीमा सिहं**<br>**ना.प्र.नं.**: ३६-०१-७६-०५५९९<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.प)<br>पति : सुनिल कुमार कुर्मी<br>ससुरा : श्याम विहारी कुर्मी<br>ठेगाना : नवलपरासी (ब.सु.प) जिल्ला, प्रतापपुर गा.पा.वडा नं. ०९ | **श्याम विहारी कुर्मी**<br>**ना.प्र.नं.**: ११६२३<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : हरगुन कुर्मी<br>बाजे : रामधनी कुर्मी<br>ठेगाना : नवलपरासी जिल्ला, प्रतापपुर गाँउ पञ्चायत वडा नं ०९, हाल प्रतापपुर गा.पा.वडा नं. ०९<br><br>**जय गोविन्द कुर्मी**<br>**ना.प्र.नं.**: ६६३०४७/२२८<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : श्याम विहारी कुर्मी<br>बाजे : हरगुन कुर्मी<br>ठेगाना : नवलपरासी जिल्ला, प्रतापपुर गा.वि.स.वडा नं ०९, हाल प्रतापपुर गा.पा.वडा नं. ०९<br><br>**पुनम कुर्मी**<br>**ना.प्र.नं.**: ३६-०१-७६-०५३७४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.प)<br>पति : जय गोविन्द कुर्मी<br>ससुरा : श्याम विहारी कुर्मी<br>ठेगाना : नवलपरासी जिल्ला, प्रतापपुर गा.पा.वडा नं. ०९<br><br>**ऋषिकेश कुर्मी**<br>**ना.प्र.नं.**: ३६३०४७/५५३<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : श्याम विहारी कुर्मी<br>बाजे : हरगुन कुर्मी<br>ठेगानाः नवलपरासी जिल्ला, प्रतापपुर गा.वि.स.वडा नं ०९, हाल प्रतापपुर गा.पा.वडा नं. ०९ |
| १३. **राजेश धिमाल**<br>**ना.प्र.नं.**: ०५१००६/१५२६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ<br>बाबु : दुखलाल धिमाल<br>बाजे : जमान सिं.धिमाल<br>ठेगाना : मोरङ जिल्ला, इन्द्रपुर गा.वि.स. वडा नं ०६, हाल सुन्दरहरैचा न.पा.वडा नं ११<br>**शाखा कार्यालय : उर्लावारी**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा (न्यून लागत आवस कर्जा)** | **नतिमाया धिमाल**<br>**ना.प्र.नं.**: ०५१००६/१०१४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ<br>पति : दुखलाल धिमाल<br>ससुरा : जमान सिं. धिमाल<br>ठेगाना : मोरङ जिल्ला, इन्द्रपुर गा.वि.स. वडा नं ०६, हाल सुन्दरहरैचा न.पा.वडा नं ११<br><br>**दुखलाल धिमाल**<br>**ना.प्र.नं.**: १७५५<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, मोरङ<br>बाबु : जमान सिं. धिमाल<br>बाजे : भुतल धिमाल<br>ठेगानाः मोरङ जिल्ला, इन्द्रपुर गाँउ पञ्चायत वडा नं ०६, हाल सुन्दरहरैचा न.पा.वडा नं ११ |

**नोट** : यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ। अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ।

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
बिहीवार, २९ जेठ २०८२ | Thursday, 12 June 2025
आर्थिक अभियान



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**ललितपुरको ग्वार्कोमा निर्माणाधीन फ्लाईओभरमा कालोपत्र तथा रङरोगनको काम गरिँदै । कोटेश्वरतर्फ कालोपत्र सकिएर रङरोगन भइरहेको छ भने सातदोबाटोतर्फको खण्डमा भने कालोपत्र गर्न बाँकी छ । फ्लाईओभर जेठ मसान्तसम्ममा सञ्चालनमा ल्याउने लक्ष्य राखिए पनि थप समय लाग्ने देखिएको छ ।**

# १० ठूला बैंकको कर्जाको गुणस्तर परीक्षण छिटो गर : आईएमएफ

## लेखापरीक्षक नियुक्ति अघि नबढाउन सर्वोच्चको अन्तरिम आदेश





**अभियान संवाददाता**
काठमाडौं

दश ठूला वाणिज्य बैंकहरूको कर्जाको गुणस्तर परीक्षण गराउने प्रक्रियामा राष्ट्र बैंकले पटक पटक धक्का बेहोरिरहँदा अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले यो काम तत्काल अगाडि बढाउन जोड दिएको छ । चैत अन्त्यमा निष्क्रिय कर्जा ५ दशमलव २ प्रतिशत पुगेर बैंक तथा वित्तीय संस्थाहरूको पूँजीमै असर परेको भन्दै आईएमएफले वित्तीय क्षेत्रमा रहेको जोखिम सहज नभएको जनाएको छ । यस सन्दर्भमा अन्तरराष्ट्रिय क्रेडिट रटिङ संस्थाहरूबाट ठूला वाणिज्य बैंकहरूको कर्जाको लेखापरीक्षण गर्ने हालको योजना छिटो कार्यान्वयन गरिहाल्नुपर्ने आईएमएफको ठहर छ ।

**चैत अन्त्यमा निष्क्रिय कर्जा ५ दशमलव २ प्रतिशत पुगेर बैंक तथा वित्तीय संस्थाहरूको पूँजीमै असर परेको भन्दै आईएमएफले वित्तीय क्षेत्रमा रहेको जोखिम सहज नभएको जनाएको छ ।**

नेपालका लागि स्वीकृत गरिएको विस्तारिक कर्जा सुविधाको छैटौं समीक्षा बैठकमा नेपाली अधिकारीहरूसँग भएको छलफल सहमतिमा पुगेपछि बुधवार आईएमएफले जारी गरेको प्रेस विज्ञप्तिमा लेखापरीक्षक छनोट प्रक्रिया अघि बढाउन नेपाल राष्ट्र बैंकले पुनः प्रतिबद्धता जनाएको उल्लेख छ । हाल नेपालका वाणिज्य बैंकहरूको निष्क्रिय कर्जा ५ प्रतिशत नाघे पनि आईएमएफले त्यसलाई पत्याएको छैन । त्यसभन्दा बढी हुन सक्ने उसको आकलन छ । पटक पटकको आफ्नो प्रतिवेदनमा कर्जा तिर्न कर्जा नै दिने परिपाटीका कारण निष्क्रिय कर्जा कम देखिएको अनुमान आईएमएफले गर्दै आएको छ । त्यसैले अन्तरराष्ट्रिय लेखापरीक्षकबाट कर्जाको गुणस्तर जाँच गराउँदा वास्तविकता बाहिर आउने उसको ठहर छ । त्यसअनुसार नेपाललाई विस्तारिक कर्जा कार्यक्रमअन्तर्गत ऋण दिन नेपालका ठूला बैंकहरूको कर्जाको गुणस्तर परीक्षण गराउनुपर्ने शर्त उसले राखेको हो ।

तर केही दिनअघि सर्वोच्च अदालतले सो कामका लागि प्राविधिक छनोटमा परेको एक बंगलादेशी कम्पनीलाई अन्तिम छनोट गरी काम अघि बढाउन अन्तरिम आदेशमार्फत रोक लगाएको छ । हालै राष्ट्र बैंकले बंगलादेशको हौलादार युनुस एन्ड कम्पनीलाई प्राविधिक रूपमा उत्तीर्ण भएको घोषणा गरेको थियो । तर यसविरुद्ध सर्वोच्च अदालतमा रिट परेपछि अदालतले अन्तरिम आदेश दिई उक्त कम्पनीलाई अन्तिम छनोट गर्न रोक लगाएको हो । सो कम्पनीले पेश गरेको वित्तीय प्रस्ताव जेठ २५ गते खोल्ने तयारी राष्ट्र बैंकले गरिरहँदा सर्वोच्चको आदेश आएको हो ।

राष्ट्र बैंकले दोस्रोपटक खुला गरेको बोलपत्रमा प्रस्ताव पेश गर्ने हौलादार युनुससहित नेपाली परामर्शदाता कम्पनी सुवेदी एन्ड एशोसिएट्सको नेतृत्वमा भारतीय कम्पनी मेहेरा गोयल एन्ड कम्पनी र जेकेएसएस एन्ड एशोसिएट्स, नेपालको बीके अग्रवाल एन्ड कम्पनीलाई सहायक राखेर भारतको एसआर बाट्लिबोई एन्ड एशोसिएट्स, श्रीलंकाको डेलोइट पार्टनर्स, भारतको केपीएमजी एस्योरेन्स एन्ड कन्सल्टिङ सर्भिसेस र भारतकै एमएसकेए एन्ड एशोसिएट्स संक्षिप्त सूचीमा परेका थिए ।

यसअघि पहिलोपटक भएको बोलपत्र प्रक्रियामा पनि पाँचओटा प्रस्ताव संक्षिप्त सूचीमा भए पनि केपीएमजी एस्योरेन्स एन्ड कन्सल्टिङ सर्भिसले मात्र आर्थिक प्रस्ताव पेश गरेको थियो । तर, अनुमानित भन्दा बढी रकमको प्रस्ताव परेपछि राष्ट्र बैंकले प्रक्रिया रद्द गरी दोस्रोपटक प्रस्ताव आह्वान गरेको हो ।

यसैबीच, आईएमएफले बचत तथा ऋण सहकारी संस्थाहरूको अवस्था सुधार गर्न समयमै उचित निर्णय लिनुपर्नेमा पनि जोड दिएको छ । यस्ता संस्थाको वित्तीय स्वास्थ्य चुनौतीपूर्ण रहेको आईएमएफको ठहर छ ।

वित्तीय क्षेत्रमा जोखिम रहिरहे पनि नेपालमा आर्थिक क्रियाकलाप पुनरुत्थान हुँदै गरेको उसले जनाएको छ । जलविद्युत्को उत्पादन निरन्तर बढ्दै जानु, निर्माण र म्यानुफ्याक्चरिङ क्षेत्रमा सुधार हुनु र राम्रो कृषि उत्पादन हुनुले अर्थतन्त्र पुनरुत्थानको दिशामा गएको आईएमएफले उल्लेख गरेको छ । चालू आर्थिक वर्षमा ४ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान गर्दै उसले आगामी आर्थिक वर्षमा यसमा थप सुधार हुने अपेक्षा गरेको छ । तर पूँजीगत खर्च हुन नसक्ने, वित्तीय क्षेत्रको जोखिम, व्यापारसम्बन्धी बढ्दा तनाव र सम्भाव्य नीतिगत अस्थिरताले भने आर्थिक वृद्धिमा असर पार्न सक्ने औंल्याइएको छ ।

# दिगो विकासका आधार सृजना गर्न एकीकृत वित्त रणनीति बनाइने




काठमाडौं । सबै किसिमका वित्तीय स्रोत परिचालनमार्फत लगानी र दिगो विकासका आधार सृजना गर्न सरकारले एकीकृत राष्ट्रिय वित्त रणनीति तयार पारी कार्यान्वयन गर्ने भएको छ । संसद्मा प्रस्तुत भएको आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटमार्फत सरकारले राष्ट्रिय वित्त व्यवस्थापन सुधार रणनीति कार्यान्वयन गर्न लागेको हो ।

उक्त रणनीतिको मस्यौदा तयार पार्न 'इन्टिग्रेटेड नेसनल फाइनान्सिङ फ्रेमवर्क्स' (आइएनएफएफ)को सहयोग लिइएको छ । अर्थ मन्त्रालयले काठमाडौंमा बुधवार एक कार्यशाला आयोजना गर्दै रणनीतिको मस्यौदामाथि छलफल गरी सुझाव लिएको छ ।

अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्माले लगानीका स्रोत केके हुन सक्छन्, कसरी परिचालन गर्न सकिन्छ भनेर एकीकृत रणनीति तयार पार्न लागिएको बताए । 'नेपालको विकास आवश्यकताअनुसार कस्ता किसिमका वित्तीय स्रोतहरू जुटाएर कुन अवधारणामा कार्यान्वयन गर्न सकिन्छ भन्ने स्पष्टतासहितको एकीकृत रणनीति आवश्यक छ । पुरानै शैलीका लगानी र वित्त अवधारणालाई समयसान्दर्भिक बनाउन, नवीनतम स्रोत तथा अवधारणा अवलम्बन गर्न यो रणनीति बनाउन लागिएको हो,' उनले भने ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) नेपालका आवासीय प्रतिनिधि क्योको योकोसुकाले नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदै गर्दा गुमाउन सक्ने विभिन्न सुविधाहरूका बारेमा विश्लेषण गरी दिगो विकास लक्ष्य प्राप्त गर्न आवश्यक पर्ने कार्ययोजनाका लागि एकीकृत राष्ट्रिय वित्त रणनीति सहयोगी हुने बताइन् ।

दिगो विकास लक्ष्यहरू हासिल गर्न आवश्यक पर्ने वित्तीय व्यवस्थामा आउन सक्ने अवरोध र चुनौती समाधान गर्न आइएनएफएफले विभिन्न देशहरूलाई सहयोग गर्दै आएको छ । सार्वजनिक तथा निजी, राष्ट्रिय तथा अन्तरराष्ट्रिय सबै किसिमका वित्तीय स्रोतहरूको उपयोगमार्फत लगानी वृद्धि, जोखिम व्यवस्थापन तथा दिगो आर्थिक विकासका लागि यो रणनीतिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास लिइएको छ । *रासस*

# भेरीमा २७० मेगावाटको अर्धजलाशययुक्त जलविद्युत् निर्माण गरिँदै

काठमाडौं । जाजरकोटको नलगाढ नगरपालिका र रुकुम पश्चिमको आठबिसकोट नगरपालिकाबीचमा रहेको भेरी नदीमा २७० मेगावाटको अर्धजलाशयुक्त जलविद्युत् आयोजना निर्माण हुने भएको छ । चिनियाँ कचौपा कम्पनीले जाजरकोट जिल्लाको नलगाढ नगरपालिका-१०, ११,१२, १३ र रुकुम पश्चिमको आठविसकोट नगरपालिका-४, ५ र ६ मा २७० मेगावाटको भेरी-१ अर्धजलाशययुक्त जलविद्युत् आयोजना निर्माण गर्न लागेको हो ।

उक्त आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमाथि मंगलवार वन तथा वातावरण मन्त्रालयमा छलफल गरी राय सुझाव लिइएको छ । वातावरण संरक्षण ऐन, २०७६ ले तोकेको राय सुझाव समितिको बैठकमा मन्त्रालयका सहसचिव धीरेन्द्रकुमार प्रधानले स्थानीय जैविक विविधता, स्थानीय तथा आदिवासी जनताको जीविकोपार्जनलाई कम असर गर्नेगरी प्रस्तावित आयोजना निर्माणलाई अगाडि बढाउनुपर्ने बताए ।

बैठकमा राय सुझाव समितिका सदस्य सचिव एवम् मन्त्रालयका उपसचिव रमेश बस्नेतले वातावरणीय अध्ययन प्रतिवेदन औपचारिक मात्र नभई आयोजनाको दिगो सञ्चालनका लागि तयार पारिने वैज्ञानिक एवम् कानूनी दस्तावेज भएको बताए । उनले यस्ता दस्तावेज बनाउँदा प्रस्ताव सिफारिस गर्ने निकाय वा मन्त्रालयले यसको गुणस्तरलाई ध्यानमा राख्दै स्वीकृतिका लागि लागि समयभित्रै वन मन्त्रालयमा पेस गर्नुपर्ने उल्लेख गरे ।

**पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित अगाडि बढाउन लागिएको उक्त आयोजना रू. ४६ अर्बमा लागतमा सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।**

बैठकमा भौतिक विज्ञ शिवराज अधिकारी, जैविक विज्ञ गोपालकुमार श्रेष्ठ, सामाजिक, आर्थिक र सांस्कृतिक विज्ञ राजनऋषि कँडेल र माछा विज्ञ सन्तोषी श्रेष्ठलगायत अन्य विषयगत निकायका प्रतिनिधिले प्रतिवेदन उपर राय सुझाव दिएका थिए ।

उक्त आयोजनाको वातावरणीय अध्ययनको गरिरहेको एनआरएसीका कार्यकारी निर्देशक डा. ज्योतिप्रसाद गजुरेलले आयोजना निर्माणका क्रममा २४ दशमलव ७५ हेक्टर जग्गाको प्रयोग हुने जानकारी दिए । उक्त आयोजना निर्माण गर्दा १५२ रुख काट्नुपर्ने आवश्यक देखिएको डा. गजुरेलले बताए ।

६ घण्टासम्म पानी जम्मा गर्नेगरी निर्माण गर्न लागिएको उक्त आयोजनाको ३८ मिटर अग्लो बाँध निर्माण हुने उनले बताए । पाँच वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित अगाडि बढाउन लागिएको उक्त आयोजना रू. ४६ अर्बमा लागतमा सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

आयोजनाको रुकुम पश्चिमको आठबिसकोट गाउँपालिकास्थित ज्यामिरेमा विद्युत्गृह बन्नेछ भने सात किलोमिटरको टनेल बन्ने बताइएको छ । उक्त आयोजना स्थलमा पुग्नका लागि मुख्य बाटोबाट ११ किलोमिटरको सहायक बाटो निर्माण गर्नुपर्ने जनाइएको छ । उक्त नदीमा तीनओटा बेलिब्रिजसमेत निर्माण गर्नुपर्ने उल्लेख छ । *रासस*

# नेपालसँग श्रमसम्बन्धी दुई सम्झौता गर्न साउदी अरब तयार

काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारी र साउदी अरबको अन्तरराष्ट्रिय मामिला उपमन्त्री तारिक अल हमदबीच नेपाली श्रमिक लैजाने विषयमा सहमति भएको छ । स्वीट्जरल्यान्डको जेनेभामा मंगलवार भएको साइडलाइन द्विपक्षीय भेटवार्ता र छलफलमा श्रमसम्बन्धी दुई सम्झौताको टुंगो लगाउन सहमति भएको मन्त्री भण्डारीको सचिवालयले जानकारी दिएको हो ।

**मन्त्री भण्डारीले घरेलु श्रमिकको सम्झौतालाई थाती राखेर साधारण र शीपयुक्त श्रमिकको शीप प्रमाणीकरण कार्यक्रमसम्बन्धी दुईओटा सम्झौता तत्काल सम्पन्न गर्न साउदी अरब तयार भएको बताए ।**

मन्त्री भण्डारीले घरेलु श्रमिकको सम्झौतालाई थाती राखेर साधारण र शीपयुक्त श्रमिकको शीप प्रमाणीकरण कार्यक्रमसम्बन्धी दुईओटा सम्झौता तत्काल सम्पन्न गर्न साउदी अरब तयार भएको बताए । नेपालले साउदीसँगको साधारण श्रमिकसम्बन्धी सम्झौताको मस्यौदामा सहमति जनाइसकेको छ ।

'साउदीसँग सामान्य श्रमिक लैजाने श्रम सम्झौतामा यसअघि नै सहमति भइसकेको छ । यसमा हस्ताक्षर हुन मात्रै बाँकी छ,' मन्त्री भण्डारीले भने, 'साउदीले घरेलु श्रमिकसम्बन्धी सम्झौता भएपछि मात्र साधारण श्रमिक लैजाने सम्झौतामा हस्ताक्षर हुने अडान लिएको थियो । हालको बैठकले सहमति भइसकेको सम्झौता अगाडि बढाउने र घरेलु श्रमिकसम्बन्धी सम्झौताको मस्यौदामा थप गृहकार्य गर्नेगरी टुंगो लगाएको छ ।'

दुई देशबीच श्रम सम्झौता भइसकेपछि मात्र घरेलु श्रमिकको सम्झौता गर्नुपर्ने नेपालको संसदीय समितिको निर्देशन रहेको जानकारी उनले साउदी पक्षलाई गराए । यसका लागि पाइलट परियोजना आवश्यक पर्ने जानकारी समेत उनले दिए । *रासस*

## अमेरिकामा महँगी बढ्यो

# खाद्यान्नको मूल्य वृद्धिको असर

वासिङ्टन (एपी) । अमेरिकामा गत महीनाको तुलनामा महँगी थोरै बढेको छ । विशेषगरी किराना सामानको मूल्य वृद्धि भएकाले उपभोक्ता मूल्य सूचकांक उकालो लागेको छ । यद्यपि समग्र रूपमा महँगी अझै पनि धेरै तीव्र देखिएको छैन ।

अमेरिकी श्रम विभागले बुधवार सार्वजनिक गरेको तथ्यांकअनुसार उपभोक्ता मूल्यहरू गत मे महीनामा एक वर्षअघिको तुलनामा २ दशमलव ४ प्रतिशतले बढेका छन् । अप्रिलमा यो वृद्धि २ दशमलव ३ प्रतिशत थियो । खाद्यान्न र ऊर्जा जस्ता वस्तुबाहेक अन्य वस्तुमा २ दशमलव ८ प्रतिशत वृद्धि भएको छ । महँगी अझै पनि अमेरिकी केन्द्रीय बैंक फेडरल रिजर्भको २ प्रतिशतको लक्ष्यभन्दा माथि रहेको छ, जसले गर्दा निकट भविष्यमै ब्याजदर कटौती सम्भावना कम देखिन्छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले फेडलाई बारम्बार ब्याजदर घटाउन दबाब दिँदै आएका छन् । ट्रम्पले लागू गरेका ट्यारिफहरू (आयात शुल्क)को असर अब उपभोक्तालाई पर्न थालेको अर्थशास्त्रीहरू बताउँछन् । विशेषगरी लुगा, फर्निचर, उपकरण र नयाँ सवारीसाधनमा मूल्य वृद्धि भएको छ ।

फ्याक्टसेटले गरेको एक सर्वेक्षणअनुसार मे महीनाको मुद्रास्फीति दर २ दशमलव ५ प्रतिशत पुग्ने अनुमान गरिएको थियो । आधारभूत मूल्यमा २ दशमलव ९ प्रतिशत वृद्धि हुने अन्दाज गरिएको थियो, जुन अप्रिलको २ दशमलव ८ प्रतिशतभन्दा माथि हो ।




**अमेरिकी श्रम विभागले बुधवार सार्वजनिक गरेको तथ्यांकअनुसार, उपभोक्ता मूल्यहरू गत मे महीनामा एक वर्षअघिको तुलनामा २ दशमलव ४ प्रतिशतले बढेका छन् ।**

महँगीमा मासिक रूपमा शून्य दशमलव २ प्रतिशत वृद्धि भएको देखिएको छ भने आधारभूत मुद्रास्फीति शून्य दशमलव ३ प्रतिशतले बढेको छ ।

यसबीच, श्रम विभाग अन्तर्गतको ब्यूरो अफ लेबर स्टाटिस्टिक्सले महँगीसम्बन्धी प्रतिवेदनका लागि संकलन गरिने तथ्यांकको परिमाण घटाउने निर्णय लिएको छ । यो कटौती कति व्यापक हुने भन्ने अझै स्पष्ट छैन । *एपी/रासस*

# दश महीनामा प्रदेश सरकारले गरे रू. एक खर्ब खर्च

काठमाडौं । चालू आर्थिक वर्षको १० महिनामा प्रदेश सरकारहरुले रू. एक खर्ब १७ करोड बराबर रकम खर्च गरेका छन् । नेपाल राष्ट्र बैंकका अनुसार सो अवधिमा प्रदेश सरकारले स्रोत परिचालन रू. एक खर्ब ६१ अर्ब ७७ करोड गरेका छन् ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसका आधारमा संघीय सरकारले वित्तीय समानीकरण अनुदान प्रदेश सरकारका लागि रू. ६० अर्ब उपलब्ध गराएको थियो । सशर्त अनुदान रू. २५ अर्ब ८४ करोड र पूर्वाधारका आयोजना कार्यान्वयन गर्न समपूरक अनुदान रू. ६ अर्ब २० करोड उपलब्ध गराएको थियो । प्रदेश सरकारहरूको कुल स्रोत परिचालनमा संघीय सरकारले हस्तान्तरण गरेको अनुदान र विभाज्य कोषबाट बाँडफाँट हुने राजस्व समेत गरी रू. एक खर्ब २३ अर्ब १५ करोड र प्रदेश सरकारहरूले परिचालन गरेको तथा अन्य स्रोतबाट प्राप्त राजस्व रू. ३८ अर्ब ६२ करोड थियो ।

**केन्द्रीय बैंकका अनुसार गत वैशाख मसान्तसम्ममा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रू. तीन खर्ब ३६० अर्ब ९८ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकम समेत) नगद मौज्दात छ ।**

केन्द्रीय बैंकका अनुसार गत वैशाख मसान्तसम्ममा यस बैंकमा रहेका सरकारका विभिन्न खातामा रू. तीन खर्ब ३६० अर्ब ९८ करोड (प्रदेश सरकार तथा स्थानीय सरकारको खातामा रहेको रकम समेत) नगद मौज्दात छ । विसं २०८१ असार मसान्तमा यस्तो मौज्दात रू. ९३ अर्ब ९६ करोड रहेको थियो । समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व परिचालन (प्रदेश सरकार तथा स्थानीय सरकारमा बाँडफाँट हुने रकमसमेत) रू. ९ खर्ब २२ अर्ब ४३ करोड पुगेको छ । यसअन्तर्गत कर राजस्व रू. आठ खर्ब २८ अर्ब ९४ करोड र गैर कर राजस्व रु.९३ अर्ब ४९ करोड परिचालन भएको छ ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार आर्थिक वर्ष २०८१/८२ को दश महीनामा सरकारको कुल खर्च रू. ११ खर्ब ५७ अर्ब ८९ करोड रहेको छ । समीक्षा अवधिमा चालु खर्च रू. सात खर्ब ७३ अर्ब २३ करोड, पूँजीगत खर्च रू. एक खर्ब २० अर्ब ३८ करोड र वित्तीय व्यवस्था खर्च रू. दुई खर्ब ६४ अर्ब २९ करोड रहेको छ । *रासस*

## तथ्यांकोवाच

### नेपाली स्याउ कुवेतमा पनि निर्यात

नेपालबाट आर्थिक वर्ष २०८१/८२ को पहिलो दश महीनामा स्याउ निर्यात

| देश | परिमाण (केजी) | मूल्य (रू. हजारमा) |
|---|---|---|
| भारत | ९६० | १६४ |
| कुवेत | २० | ६ |
| कुल | ९८० | १७० |

स्रोत : भन्सार विभाग

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित | प्रधान सम्पादक : मदन लम्साल | सम्पादकीय निर्देशक : केशव गौतम | कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ | पाञ्चायनमार्ग, थापाथली, काठमाडौं | पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ | इमेल : editorial@abhiyan.com.np | मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर